# कम्युनिस्ट घोषणापत्रको प्रथम नेपाली अनुवादबारे

(क) केही कुरा

कार्लमाक्र्सको सांसारिक दृष्टिकोण माक्र्सवादको नामले आज संसारमा मसहूर छ । कार्ल माक्र्स र ऐंगेल्स जन्मेको क्रमशः ३० र २८ वर्षपछि माक्र्सवादको जन्म १८४८ मा यस कम्युनिस्ट घोषणापत्रको उदयको साथसाथै भयो । माक्र्स र एंगेल्सले पछि जति पुस्तकहरु लेखे ती सबैमा हामी यही घोषणापत्रलाई पुष्टि दिएर लेखेको पाउदछौं । धेरै वर्षसम्म माक्र्सवाद किताबको सिद्धान्त मात्र भएर रहयो । धेरैले यस विषयमा नानावलीका टिक्का–टिप्पणी गरे । तर माक्र्सवाद मजदूर वर्गको लडाइमा ज्योति दिने वैज्ञानिक बाटो भएको हुनाले, जसैजसै विश्वमा मजदूर आन्दोलन बढ्दै गयो तसैतसै माक्र्सवादले जरा हाल्दै हुर्कदै गयो । आज माक्र्सवाद अध्ययन गर्नको निम्ति हाम्रा सामुन्ने केवल पुस्तकहरु मात्र नभई यिनै पुस्तकहरुको आधारमा खडा भएको समाजवादी सोभियत संघ (रुस) र नवप्रजातन्त्रहरु (दक्षिण–पूर्वी यूरोपका देशहरु) हाम्रो सामुन्ने केवल पुस्तकहरु मात्र नभई यिनै पुस्तकहरुको आधारमा खडा भएको समाजवादी सोभियत संघ (रुस) र नवप्रजातन्त्रहरु (दक्षिण–पूर्वी यूरोपका देशहरु) हाम्रा सामने छन् । अब त हाम्रो उत्तरी सीमानामा रहेको आजाद चीनले पनि माक्र्सवादी सिद्धान्तको विषयमा हामीलाई भन्ने छ । फेरि समस्त उपनिवेश र अद्र्धउपनिवेशहरुमा कम्युनिस्ट पार्टीहरुको नेतृत्वमा चलिरहेको विजयी जनमुक्ति आन्दोलनले पनि हामीलाई माक्र्सवादको बाटो अपनाउन पे्ररणादिइरहेको छ । आज एकसय वर्ष पछि सायद तिब्बती भाषामा भन्दा पहिले र अरु भाषाहरुमा सबभन्दा पछि हाम्रो नेपाली भाषामा पनि माक्र्सवादको प्रथम पुस्तक यस कम्युनिस्ट म्यानिफेस्टो उल्था भई पाठकहरुको हातमा आइपुगेको छ । यहा एउटा यो प्रश्न उठ्न सक्तछ– जो ऐतिहासिक दृष्टिबाट अत्यन्त महत्वपूर्ण छ, एक सय वर्ष पछि यो उल्था हुनुकोकारण के हो ?

भारतमा अंगे्रजी साम्राज्यवाद भारत र वरपरका देशहरुमा सामन्तवाद मात्रै कायम गरेर बाच्न सक्दथ्यो । यसकारण अंगे्रजीसाम्राज्यवादले भारतमा सामन्तवादलाई कायम गर्नाको साथसाथै नेपाल र तिब्बतमा पनि सामन्तवादलाई नै कायम राख्यो । नेपाललाई संसारबाट अलग गराउनाको साथसाथै तिब्बतलाई पनि यस्तरी अलग गराइयो कि पुस्तकालयको त कुरै छोडौं, एउटा अखबार पढ्नसम्मलाई राणा सरकारले दिएको सूचनामा भरपर्नु पर्दथ्यो । यो कुरा भोलि नेपाली जनताको निम्ति ह, यहा त्यस्तो थियो र † भन्ने एउटा उदेक र आश्चर्य लाग्दो कुरा हुनेछ । यसकारण नेपाली जनताले घोषणापत्र जन्मेको त परै जाओस्, घोषणापत्र कार्यरुपमा रुसमा परिणत भएको कुरासम्म पनि थाहा पाएनन् । द्धितीय विश्वयुद्धपछि समाजवादको ताकत साम्राज्यवादको तुलनामा धेरै गुणा बढेको हुनाले अंगे्रजीसाम्राज्यवादले नेपाललाई संसारबाट अलग गराउन सकेन । द्धितीय विश्वयुद्धपछि समस्त उपनिवेश र अर्ध–उपनिवेशहरुमा जुन जनआन्दोलन कम्युनिस्ट पार्टीहरुको नेतृत्वमा भए, सो आन्दोलनको लहरबाट नेपाल बच्न सकेन । यद्यपि नेपालमा कम्युनिस्ट पार्टी खडा भएको थिएन, तथापि नेपाली कम्युनिस्टहरु नेपालको यत्रतत्र

स्थानमा काम गरिरहेका थिए । तिनैहरुमध्ये कामरेड मनमोहन अधिकारी विराटनगर मजदुरहरुको बीचमा काम गरिरहनुभएको थियो । उहाले मजदुर संघ कायम गरी मजदुरहरुलाई संगठित गर्नुभयो । यस मजदुर संघले पुजीपतिको विरुद्ध हम्ला बोल्यो । यद्यपि निस्कासित राणाहरुको र भारतीय समाजवादी नेताहरुको सक्रिय सहायता र समर्थनले खडा भएको नेपाली राष्ट्रिय कांगे्रसका नेताहरुको गद्दारीले गर्दा त्यो हम्ला (हडताल) विफल भए तापनि नेपालको मजदुर वर्गले आफ्नो वर्गीय लडाकूपनको परिचय दिइसकेको छ ।

यस्तो बखतमा विश्व मजदूर आन्दोलनलाई सही बाटो देखाउने, शक्ति र साहस प्रदान गर्ने यस घोषणापत्रलाई बाटोमा लैजानु अत्यन्त आवश्यक भएको हुनाले मैले यस घोषणापत्रलाई यथाशक्य परिश्रम गरी, नेपाली भाषामा उल्था गरी नेपालीहरुको सामू राखेको छु । यस अनुवादमा केही भूल रहन गएमा म पाठक वर्गसग भूल-भिक्षा माग्दिन, भूल-सुधारको सूचना माग्दछु । यो घोषणापत्र मजदूर-वर्गको सर्वप्रथम र जगत विख्यात साहित्य अस्वमेव पनि नेपालका राणा, जमिन्दार, पुजीपति र तिनका दलाल, संस्था र संगठनहरुले यसको घोर आलोचना गर्ने छन् । जनसेवकको मुकुन्डो लाइटोपल्ने महानुभावहरुले वास्तवमा जनतालाई क्रान्ति मार्गबाट टाढा राख्नको निम्ति, यस घोषणा पत्रलाई लिएर आधारहीन टिक्का टिप्पणी गर्नेछन् । उनीहरुको भनाइ यो हुन्छ- घोषणापत्र विशेषगरी मजदुरहरुको निम्ति लेखिएको हो । यो मजदुरहरुको साहित्य हो, तर हाम्रो नेपालमा ९९ (सयकडा उनान्सय) किसान छन्, नेपालमा पुजीवादको उदय भएको छैन । यसकारण यस पुस्तक पढ्नाले हामीलाई विशेषगरी केही पनि फाइदा छैन । हामीले त किसानको विषयका, किसान क्रान्तिको विषयमा पढ्नु पर्दछ । यस्ता नीच र प्रतिक्रियावादीहरुका निम्ति उत्तरु पछि पुस्तकपुस्तिकाहरुको रुपमा दिने प्रयास गर्ने छु । छोटकरीमा यो छ- किसान वर्गको रुपमा भत्कदो घर हो । हामीलाई थाहा छ १२ वर्ष अगाडिसम्म नेपालमा आधुनिक मजदुर वर्गको नाम निसानै थिएन, तर आज नेपालमा मजदुर वर्गको संख्या १५ ÷ २० हजार पुगेको छ । यसबाहेक नेपालमा धेरैजसो खेत-मजदुरहरु छन् । यी खेतालाहरुको आफ्नो निजी खेत छैन । ज्यालामा मात्र काम गर्दछन् । यिनीहरुलाई हाम्रा महान् नेता र गुरु लेनिनले अर्धमजदुरको नामाकरण गरेका छन् । अतयवः यिनीहरु मजदुर वर्गकै पक्का सहकारी र पछि परन्तुसम्मका मित्र हुन् । यी १५ ÷ २० हजार आधुनिक मजदुर नेपालमा आकासबाट खसेनन्, पृथ्वीबाट उब्जेनन् । किसान र अन्य वर्गहरुबाट आआफ्नो स्थिति बिग्रनाले कलकारखाना र मीलहरुमा मजदुर हुन आएका हुन् । नेपालमा कलकारखाना र आधुनिक उद्योग धन्दाहरु आजभन्दा भोलि र भोलिभन्दा पर्सि बढ्दैछ । यसकारण मजदुरको संख्या बढ्दै जानेछ । फेरि जसैजसै नेपालमा आधुनिक उद्योग धन्दा बढ्दै जाने छन् तसैतसै खेती (कृषि) मा पनि पुजीवादी व्यवस्था चालू गरिनेछ र मध्यमवर्गका किसानहरु पछि आई मजदुरको हालतमा पुग्नेछन् । यस हालतमा मजदुर वर्गको सिद्धान्त कम्युनिज्मलाई सबैले अपनाउनु नै पर्दछ, नअपनाई कसैको कल्याण छैन । यस विषयमा यसै कम्युनिस्ट घोषणापत्रमा पनि राम्ररी सम्झाइएको छ । तैपनि यहा मजदुर वर्गका महान नेता डा. स्तालिनको ‘द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद ’ बाट केही हरफहरु उद्दत गर्न उचित सम्झन्छु- हामीले आफ्नो भावी कार्यक्रमको फैसला (निर्णय) समाजका ती स्तरहरुको आधारमा गर्नुहुदैनजसको हाल केही प्रभाव भए तापनि

विकास बन्द भइसकेको छ । हामीले त्यसको आधारबाट आफ्नो कार्यक्रम बनाउनु पर्दछ जसको शक्ति हाल प्रमुख नभए तापनि जो विकासमान छन् र जसको भविष्य उज्वल छ ।

नेपाल र नेपाली जनताको कल्याण चाहनेहरुले यी सबै कुराहरुलाई राम्ररी मनमा लिनुपर्दछ । गद्दारहरुको सिङ न पुच्छरको प्रचारदेखि एकदम सतर्क रहनु पर्दछ । अनिमात्र नेपालले सच्चा आजादी प्राप्त गर्न सक्दछ । जस्तो आज चालीस राणाको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न । त्यस्तै भोलि २०० (दुईसय) नेपाली जमिन्दार र पुजीपतिको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न । नेपाल तबैमात्र पूर्ण रुपले आजाद (स्वतन्त्र) हुनसक्दछ, जब यो कम्युनिस्ट घोषणापत्र नेपालमा कार्यरुपमा परिणत हुनेछ। अतयवः यो पढ्नु, पढाउनु र प्रचार गर्नु पनि नेपाली जनमुक्ति आन्दोलनमा भाग लिनु हो ।

यो मजदूर वर्गको साहित्य कम्युनिस्ट घोषणापत्र बुझ्न पहिले त अलि मुस्किलै पर्नेछ । यस कारण म पाठक-वर्गलाई यो पुस्तक उपन्यास र कहानीहरु पढे झैं नपढ्नुहोला भनी अनुरोध गर्दछ । म खुद आफ्नो अनुभवले के भन्दछु भने यो घोषणा पत्र जति पढ्यो उति नै नया भएर आउदछ । यसकारण एकचोटी पढेर दराजमा नथन्क्याउनुहोस् । जसरी तपाईं दिनहु दात माझ्नुहुन्छ उसरी नै यस घोषणा पत्रलाई पनि माझ्नुहोस् अर्थात् पढ्नुहोस्। अनिमात्र यस घोषणापत्रको वास्तविक मर्म बुझ्नु हुनेछ।

यस पुस्तकले यो एकसय एक वर्षमा अन्य देशहरुमा के के गऱ्यो आज के गर्नका निम्ति हाम्रो भाषामा उल्था भई तपाईंहरुको सम्मुख आइरहेको छ, सो म तल छोटकरीमा बताउने प्रयास गर्दछु । यद्यपि यो पुस्तक भूगोल होइन तापनि मानचित्र पल्टाएर पढ्नु भयो भने यस पुस्तकको कार्य र महत्व राम्ररी बुझ्नुहुनेछ।

सन् १८४८ तिर मजदुर वर्ग बच्चै र कच्चै थियो । तर त्यस्तै काचो अवस्थामा पनि यस मजदुर वर्गले पुजीवादको विरुद्ध यस्ता-यस्ता युद्ध लड्यो जसले गर्दा युरोपका समस्त पुजीवादी राष्ट्र, सामन्तवादी राष्ट्र र पोपहरु सम्पूर्ण आपसी बैरभाव बिर्सी मजदुर वर्गलाई दबाउन रुसी बादशाह जारको नेतृत्वमा संगठित भए । यसको जवाफ, अन्तर्राष्ट्रिय कम्युनिस्ट त्यही साल लन्डनमा भेला भई विश्व मजदुर वर्गको एकताको आवश्यकता महसुस गरी त्यस सम्मेलनले कार्ल माक्र्स-एंगेल्सलाई पार्टीको तर्फबाट एउटा कम्युनिस्ट घोषणापत्र तयार गर्ने अभिभारा दियो । पुजीवादी समाजका सम्पूर्ण त्रुटिहरु र त्यस समाजपछि समाजवादी र साम्यवादी समाज यस संसारमा आउनैपर्छ भन्ने कुरा मात्र यसमा नदर्साई मानवइतिहासको सुरुदेखि मन्थन गरी यस घोषणापत्रमा यस्ता-यस्ता कार्यक्रमहरु राखेका छन्, जुन आज पनि हामीहरुको निम्ति उत्तिनै सही तरिकाले लागू हुन्छन् जतिको त्यस जमानामा यूरोपमा सही तरिकाले लागू भएका थिए । मजदुर-वर्गको आन्दोलनमा यस घोषणापत्रले यस्तो वैज्ञानिक ज्योति र शक्ति दियो जसले गर्दा प्रतिक्रियावादीहरुको जालसाजी र गुटबन्दीलाई निर्ममतापूर्वक लछार्दै, पछार्दै, छेड्दै छाट्दै अगाडि बढ्यो र यसैको आधारमा खडा भएको बोल्शेविक पार्टीले दुनियाको इतिहासमा पहिलो बाजी चिरस्थायी रुपले सन् १९१७ नोभेम्बर ७ तारिखको दिन मजदुर वर्गको राज्य संसारको ६ खण्डको १ खण्ड, रुसमा कायम गऱ्यो । यही

सोभियत रुस विश्व मजदुर वर्गको यस्तो एउटा सुदृढ र विशालगढ र किल्ला बन्यो जसलाई तोड्नको निम्ति पुजीवादी, साम्राज्यवादी र प्रतिक्रियावादीहरुले कस्ता कस्ता जाल रचे सो सबै त्जभ नचभबत अयलकउष्चबअथ बनबष्लकत क्यखष्भत च्गककष्ब रुस विरुद्धको ठूलो षड्यन्त्र ' नामक पुस्तकमा हामी पाउदछौं । ती सबै कार्यहरुबाट विफल भएपछि नै उनीहरुले द्वितीय विश्वयुद्धको रचना गरे । पूर्वमा जापान र पश्चिममा इटाली र जर्मनीमा फासिज्मका नेता तोजो, मुसोलिनी र हिटलरहरुलाई उचाल्दै, उनीहरुको पिंठमा प्रतिक्रियावादीहरुले धाप मारेको कुरा एउटा दुधेबालकसम्मलाई पनि थाहा छ ।

द्वितीय विश्वयुद्ध सुरु भयो । मजदुर वर्गको एकमात्र गढ सोभियत रुसमाथि फासिष्ट फौजहरु जाइलागे । विश्व मजदुरवर्गको एकमात्र किल्ला रुसमा मानवताका दुश्मन फासिस्टहरुको आक्रमण मजदुर वर्गले किन सहन्थे ?

विश्वका हरेक मजदुर वर्गले आफ्नो-आफ्नो देशको कम्युनिस्ट पार्टीको नेतृत्वमा विश्वका मजदुर एक होऊ भन्ने नारा यस्तरी गुन्जायमान गरे कि त्यसको सामने फासिस्ट फौज टिक्न सकेनन् । पुच्छर लुकाउदै सुईंकुच्चा ठोके । द्वितीय विश्ववयुद्धमा सोेवियत रुसको लालफौज फासिस्टहरुलाई लखेट्दै जुन-जुन देशहरुमा पुगेका थिए ती सबै देशहरु पूर्व दक्षिण र मध्य युरोपका देशहरुमा मजदुर वर्गको हातमा राष्ट्रको शक्ति गयो । ती राष्ट्रहरुमा मजदुर वर्गको हातमा राष्ट्रको शक्ति गएपछि नवप्रजातन्त्र कायम गरी समाजवदातिर लम्कदैछन् । यसैकारणले गर्दा आज एकातिर विश्वको पुजीवादी र साम्राज्यवादी देशहरु र तिनका आसपासे देशहरुमा भयंकर आर्थिक संकट फैलंदा पनि अर्कोतिर सोभियत रुस र ती नवप्रजातन्त्रहरु मानवताको उन्नतिका निम्ति अगाडि बढिरहेका छन् । ती देशहरुमा आर्थिक संकट छैन, आर्थिक जीवनको उन्नति छ ।

द्वितीय विश्वयुद्धले उपनिवेश र अर्ध उपनिवेशका जनतालाई सच्चा आजादि प्राप्त गर्ने वैज्ञानिक बाटो देखायो । तमाम उपनिवेश र अर्ध-उपनिवेशका जनता र प्रगतिशील संस्थाहरुले आफ्ना-आफ्नो देशीय कम्युनिस्ट पार्टीको नेतृत्वमा हातमा हतियार लिएर पुजीवाद र साम्राज्यवादलाई ललकारे । चीनिया कम्युनिस्ट पार्टी जो कोमिन्ताङ फासिस्ट र अमेरिकन साम्राज्यवादको इसारामा नाच्ने च्याङकाइशेक सरकारको विरद्ध द्वितीय विश्वयुद्ध भन्दा एक युग अगाडिदेखि नै लडिरहेको थियो, द्वितीय विश्वयुद्धपछि समाजवादको शक्ति पुजीवाद र साम्राज्यवादको तुलनामा धेरै गुणा बढेको हुनाले, यस्तो दु रतगतिलेविजय प्राप्त गर्दै अगाडि बढिरहेको छ कि आज त्यसको विजयी शक्तिले केवल चीनका प्रतिक्रियावादी मात्र आत्तिएका छैनन्, प्रतिक्रियावादीहरुका गुरु-वालष्ट्रिट (अमेरिका) पनि मुट्ट कपाउदैछ । इन्डोचाइना, मलाया र भियतनाम आदि उपनिवेशका जनता पनि तत् तत् देशीय कम्युनिस्ट पार्टीको नेतृृत्वमा तत् तत् देशीय राष्ट्रवादी नेताहरुले धोका दिएकोमा वास्ता र परवाह नगरी हातमा हतियार लिएर दिन दोबर र रातचौबर भनेझैं प्रगति गरिरहेका छन् । नेपाललाई जुन किसिमले स्वतन्त्रता प्रदान गरिएको थियो सोही किसिम भन्दा एक इञ्चमाथि उक्लेर (अर्थात् रगतको नाता शासनमा नभई पुजीवादी भोटको सम्बन्ध) बर्मालाई स्वतन्त्रता दिएको थियो । कम्युनिस्ट पार्टीको नेतृत्वमा चल्ने बर्मी जनताले यस खोस्टे आजादीलाई पूर्ण रुपले थाहा पाएर आज बर्मी जनता कम्युनिस्ट पार्टीको नेतृत्वमा प्रतिक्रियावादीहरुको एक मुक्काको बदला दुई मुक्का भन्दै

अगाडि बढिरहेका छन् । बर्माका प्रधानमन्त्री यू-थाकिन नुको पिन्चेस्वर विश्वमा गुञ्जायमान भइरहेको छ । आज हाम्रो छिमेकी राष्ट्र भारतमा पनि माक्र्सवादी पार्टीको ताकत यस्तरी बढिरहेको छ कि त्यसको सामना गर्नको निम्ति माक्र्सवादको छाला ओढिटोपल्ने सोसलिस्ट पार्टीलगायत एक नम्बरका साम्प्रदायिक संस्थाहरु, हिन्दू महासभा र राष्ट्रिय स्वयंसेवक संघले दृश्य वा अदृश्य तबरले संयुक्त मोर्चा बनाएर कांगे्रसीपुजीवादी र साम्राज्यवादी नीति अपनाउने नेहरु सरकारलाई सघाइरहेका छन् । नेहरु सरकारकै कृपा र दयादृष्टिले गर्दा आज पनि हाम्रा नेपाली भाइहरुलाई मलायासम्म लगी, त्यहाको जनमुक्ति आन्दोलनको विरुद्धमा अंगे्रजलेत्यसरी नै प्रयोग गरिरहेका छन् जसरी पहिले भारतमा उनै गान्धी-नेहरु संचालित र अन्य आन्दोलनको विरुद्ध प्रयोग गर्दथे । नेपालमा राणाहरुको त्यस्तो बिघ्न अत्याचार हुनुहुदैनभनेर गान्धीजी बोले, नेहरुजी पनि कराइटोपले तर नेपाली फौज मालाया लैजाने विषयमा गान्धीजी चुप र नेहरुजीको समर्थन †

नेपाली जनता नाङ्गै रहुन् भोकै मरुन् नेहरुजीलाई के को वास्ता तर नेपाली जनतालाई शोषण गर्नु र नेपालमा साम्राज्यवादी फौजी अड्डा कायम गराई धरमराएको पुजीवादी र साम्राज्यवादलाई टेवा दिई समाजवादी सोभियत संघ र आजाद चीनलाई क्षति पु¥याउने चेस्टा गर्नु नेहरुजीलाई अत्यन्त वास्ता मात्र होइन सरोकार पनि छ । किनकी उनी भारतीय पुजीपति र जमिन्दारहरुका अत्यन्त प्रिय र माननीय नेता छन् । नेहरु सरकारद्वारा सञ्चालित नेपाल कोशी ड्याम्पका मजदुरहरुको कुन दशा छ ? विरामी हुदा ओखती मुलो छैन, बाढी आउदा डुंगा छैन, तर काममा भने हाजिर हुनैपर्दछ । कुनै-कुनै मजदुरकोत घर फर्कंदा आफ्नी राम्री पत्नी नै बेपत्ता † नेहरुजीलाई के वास्ता †

नेहरु सरकारको यस्तो देशघातक र साम्राज्यवादी नीतिको भण्डाफोर गर्दै भारतीय माक्र्सवादी पार्टी मजदुर वर्गको आन्दोलनलाई अगाडि बढाउदै, वर्गसंघर्षको बाटोतिर लम्कदैछ । निश्चय नै भारतीय माक्र्सवादी पार्टीको शक्ति र मान प्रतिष्ठा, मजदुर, किसान, विद्यार्थी र निम्नमध्यम वर्गमा बढ्दैछ । यसको साथसाथै लावरको भकुन्डोरुपी दुश्मन पनि बढ्दैछ जो यात आफ से आफ बढ्दै फुट्नेछ या त वर्गसंघर्षको चेपमा परी चकनाचूर हुनेछ।

आज समस्त विश्वमा मजदुर वर्ग राष्ट्रिय (पुजीवादी विचारको राष्ट्र) र धार्मिक भावना त्यागेर तत्तत् देशीय कम्युनिस्ट पार्टीको नेतृत्वमा विश्वमजदुर वर्गको एकतामा जोड दिंदै अगाडि बढिरहेका छन् । इण्डोचाइनामा तथाकथित फ्रान्सीसी समाजवादी सरकारले त्यहाको जनमुक्ति आन्दोलनमाथि गोलाबारी गर्दा फ्रान्सका समस्त राजनीतिक पार्टीहरु कानमा तेल हालेर सुतेका मात्र होइनन्, समाजवादको खोल ओढ्ने साम्राज्यवादी सरकारलाई पूर्ण रुपले समर्थन गरे औ गरिनै रहेका छन् । तर सच्चा आजादीको निम्ति लड्ने, मजदुर वर्गको पार्टी फ्रान्सीसी कम्युनिस्ट पार्टीले आफ्नो राष्ट्रिय सरकारका कुकार्यको घोर विरोधमात्र नगरी फ्रान्सको उपनिवेश इण्डोचाइनाका जनतालाई सक्रिय रुपले सहायता र सहानुभूति दिए । इन्डोनेशियामा डच साम्राज्यवादी सरकारको कार्यवाहीको विरुद्ध हल्याण्डले पनि फ्रान्सीसी क.पा.ले गरेझैं ग¥यो र गर्दैछ । जस्तो दार्जिलिङमा चीयाबगानहरु छन् उस्तै मलायामा रबर बगानहरु छन् । ती बगानहरुका मजदुरहरु साम्राज्यवादी शोषण र शासन हटाई मजदुर-राज खडा गर्नको निम्ति मलाया कम्युनिस्ट पार्टीको नेतृत्वमा मुक्काको जवाफ मुड्कीले दिंदै अगाडि बढिरहेको बेलामा

(अहिले पनि बढिनैरहेका छन्) बेलायतको कम्युनिस्ट पार्टीले बाहेक अरु कुनै पनि पार्टीले साम्राज्यवादी सरकारको विरोधमा स्वर कसेनन् । मलायाका मजदुरहरुलाईदबाउन तथाकथित एटलिवेभिन समाजवादी सरकारले शस्त्रअस्त्र पठाउन लाग्दा बेलायतका मजदुरहरुले जहाजमा शस्त्र लादन नामञ्जुर गरिदिए । अष्टे«ेलियाको कम्युनिस्ट पार्टीको तर्फबाट प्रधानमन्त्री का. शार्कीले खुल्लम्खुल्ला घोषणा गरे, मलायाका मजदुरहरुलाई दबाउनको निम्ति पठाइने फौजी सामानहरु लादिएर आएका जहाजहरुमा अष्टे«लियाका मजदुरहरुले कोइला पानी भर्ने छैनन्, हात हतियार लाद्नु त अर्कै कुरा । फ्रान्सीसी कोइलाखानीका ५ लाख मजदुरहरुले शानदार हड्ताल गर्दा विश्वका तमाम कम्युनिस्ट पार्टी र मजदुर संघहरुले विश्वमजदुर-वर्गको एक अंश फ्रान्सीसी मजदुरहरुलाई सहायताको निम्ति यथाशक्य चन्दा दिए । यी सबै कुराहरुले विश्वमजदुरवर्गको एकतालाई सावित गर्दछ । यसबाट यही प्रमाणित हुन्छ कि विश्वमा मजदुरराज कायम हुनेबेला नजिकै आइसक्यो ।

मजदुरवर्गको यस्तो बढ्दो एकता र विशाल ताकतलाई देखेर विश्वका पुजीवादी र साम्राज्यवादीहरुले विश्वशान्तिको निम्ति सही गरिएको पोस्टडम र याल्टा सन्धीहरुलाई रद्दीको टोकरीमा फ्याकी तृतीय विश्वयुद्धको रचनाको निम्ति घोडदौड गरिरहेका छन् । सोभियत संघ र नवप्रजातन्त्रहरुको (आजाद चीन पनि) चारैतिर साम्राज्यवादीहरुले फौजी अड्डा कायम गरिसके । हाम्रो प्यारो मातृभूमिनेपालको वक्षस्थल पनि तिनै फौजी अड्डा हुनजान्छ भन्ने कुरा १९४७ नोभेम्बर ७ तारिखका दिन सरकारहरु बेलायत, भारत र नेपालको बीचमा भएको सन्धिले स्पष्ट झल्काउदछ । सन्धिका सर्तहरु मध्ये एउटा यस प्रकारको छ- व्रिटिश फौजी अधिकारीहरुले गोरखपुर र घूमका मौजुदा भारतीय सैनिक केन्द्रहरु त्यसबेलासम्म चालू गर्न सक्दछन् जबसम्म भारतमा अन्यत्र कहीं अथवा नेपालमा नै ब्रिटिश फौजको निम्ति गोर्खादस्ताहरु भर्ना गर्ने ठाउ बन्ने छैन भन्ने कुरामा भारत सरकार राजी भएको छ ।

आज विश्वका प्रतिक्रियावादीहरु आपस्तको बैमनस्यमा पर्दा लाउदै जनशक्तिसग मोर्चा लिन अग्रसर भइरहेका छन् । यसनिम्ति एटलान्टिक प्रशान्त र मिडिटेरियन प्रदेशीय-सम्झौताको कुरा जोडतोडसग चलिरहेको छ । एटलान्टिक सम्झौतामा त सही गर्ने पनि निधो भइसकेको छ । (सही पनि भइसक्यो) सोवियत विरोधी अड्डा बर्लिनबाट उठेर हिटलर खतम भएको हुनाले ट्रभ्यानले वासिंगटनबाट संचालन गर्दैछन् । म यहानिर मिस्टर ट्रभ्यानलाई एकाध कुरा ध्यान दिलाउन चाहन्छु । मि. ट्रभ्यानलाई राम्ररी याद होला (१) युरोपमा कम्युनिज्मलाई दबाउनमात्र होइन जरै उखालेर फ्याक्नको निम्ति प्रतिक्रियावादीहरुको सर्वप्रथम गुट जारको नेतृत्वमा यो घोषणापत्र निक्लदा न निक्लदै कायम भएको थियो । कम्युनिज्मको जरा उखालेर फ्याक्नुको सट्टा नेता महाशय † जारको ताकत नै कम्युनिज्मको जरा उखालेर फ्याक्नुको सट्टा नेता महाशय † जारको ताकत नै कम्युनिज्मले उल्ट्याइदियो । (२) हिटलर र मुसोलिनीको नेतृत्वमा खडा भएको कम्युनिस्टविरोधी सम्झौता (एन्टि कोमिन्टर्न प्याक्ट) र खुद ती दुवैको सोही गति भइसक्यो (३) एशियामा च्याङकाई शेकको सत्ता पल्टिसक्यो † (४) अब ट्रभ्यानको पालो आएको छ †

यसरी आज हामी देख्दछौं- आज यो संसार दुईविरोधीवर्गखेमामा विभक्त भएको छ । एक वर्गखेमा पुजीपति जसको नेता अमेरिकाका धनीहरु छन् जो खाली शोषणको आधारमा मात्र जीवित रहन सक्दछन् । अर्को वर्ग मजदुरवर्ग हुन्

जो मानिसले मानिसमाथि गर्ने सबै प्रकारको शोषणलाई खतम गरेर समाजवाद र साम्यवादको बाटोतिर लाग्दछ । यस मजदुर वर्गको नेता समाजवादी सोभियत संघ छ । यसको मतलब यो हुन्छकि वर्गसंघर्ष (पुजीपति र मजदुरको) एक कारखाना, टोल, जिल्ला, प्रान्त, राष्ट्र र महाद्वीपको अवस्थालाई पार गरेर सन्सारव्यापी रुपमा खडा हुनआएको छ । याद रहोस्, पुजीपति र मजदुर वर्गको वर्गसंघर्षमा हरहमेशा मजदुरकोनै विजय भएर आएको छ । अतयवः यस संसारव्यापी रुपमा हुने वर्गसंघर्षमा पनि मजदुर वर्गको नै विजय हुने् छ। यस निम्ति विश्वका कम्युनिस्ट पार्टीहरुले, समाजवादको निम्ति लड्नेहरुले एटलान्टिक सम्झौताको मुहतोड जवाफ दिंदै मजदुर वर्गको स्वार्थलाई ध्यानमा राखेर घोषणा गरे- यदि सोभियत संघको लालफौज साम्राज्यवादी फौजलाई लखेट्दै हाम्रो आफ्नो देशमा आइपुगे भने हामी देशी र विदशी साम्राज्यवादी र प्रतिक्रियावादीहरुलाई खतम गर्नको निम्ति लालफौजलाई स्वागत गर्नेछौंरं । द्धितीय विश्वयुद्धमा फासिस्ट हिटलरी फौजलाई लखेट्दै आउदा दक्षिण पूर्वी र मध्य युरोपका देशहरुले यसै गरेका थिए । यो विश्व मजदुर वर्गको एकताको चरम सीमाको प्रत्यक्ष प्रमाण हो, अतयवः विजय हाम्रो निश्चय छ ।

आज विश्वमा जतातत‍ै एक प्रशन खडा छ- कतापट्टि ? समाजवादी सोभियत संघ कि साम्राज्यवादी अमेरिका पट्टि ? अर्थात् मजदुर वर्ग पट्टि की पुजीपति वर्गपट्टि ? हाम्रो देशमा पनि यही प्रशन खडा छ । यस प्रश्नको उत्तर राणा सरकारले मात्र होइन सम्पूर्ण नेपाली कांग्रेसहरुलेपनि साफ शब्दमा व्यक्त गरिसके कि उनीहरु मजदुर वगैको विरुद्ध खडा भएको मोर्चा अमेरिकन साम्राज्यवादपट्टि छन् । यसै निम्ति उनीहरुले नेपालमा साम्राज्यवादी फौजीअड्डा कायम गर्न सुविधा दिने र मलायामा नेपाली फौज लैजानमा अंग्रेजीसाम्राज्यवाद पट्टि लाग्ने नेहरु सरकारको विश्वासघाती नीतिको पोल नखोली झन् उलटो उनै नेहरुको मुख ताकिरहेका छन् । तारिफको पुल बाधिरहेका छन् । यसरी नेपाली राष्ट्रले स्वतन्त्रता प्राप्त गर्न सक्दैन । यसले केवल राणाले थिचिराखेका तर आम नेपाली जनतालाई शोषण गरिरहेका, केवल एकाध सय पुजीपति र जमिन्दारहरुलाई अर्कै तरिकाले नेपाली जनताको शोषण गर्ने स्वतन्त्रता मात्र दिन्छ । सच्चा स्वतन्त्रताको निम्ति यस संसारव्यापी वर्गसंघर्षमा कम्मर कसेर भाग लिनुपर्दछ । यद्यपि आज यस विभाजनको रुप नेपालमा सुक्ष्म रुपले देखापरेको छ तापनि नेपालको मजदुर-वर्गले आफ्नो पक्का मित्र सोभियत रुस हो भनी चिनिसकेको छ । अन्तर्राष्ट्रिय मजदुर वर्गको हथौडा, हसिया र पाच कुने तारा अंकित भएको लाल-झण्डालाई नेपालको विराटनगरका लडाकू मजदुरहरुले सन् ४७ को सुरुमा नै उठाइसकेका छन् । यद्यपि नेपालको भावी र अन्तिम शासक वर्ग मजदुर-वर्ग आज संख्यामा कम छ तापनि भोलि यसको संख्या निश्चय नै बढ्ने छ । यस्तै मजदुर वर्गले नेपालको जनमुक्ति आन्दोलनलाई सही तरिकाले नेतृत्व गर्नेछ । हामीले देख्यौं विराटनगरको हड्तालको समाचार पाउने बित्तिकै काठमाडौंमा- राणाको गढमा पनि हड्तालको लहर फैलियो । बिजुली अड्डाका कालीगढ, टकसारका कालीगड, व्यांकका हुलाकी र अस्पतालका स्पटाफहरुमा पनि संगठनको कमीले गर्दा सफल हुनसकेन । त्यसो भए तापनि उनीहरुका मागहरुमध्ये धैरैजसो हासिल भयो । विराटनगर मजदुर हड्तालको खबरले उत्साहित भएर नेपालगञ्जका किसानहरु पनि राणा र जमिन्दार दुवैलाई खतम गर्न मैदानमा उत्रे । त्यस साल सरकारले खास गरेर मालपोत उठाउनै सकेन ।

यी दुवै कुराहरुबाट यो स्पष्ट झल्कन्छ कि नेपाली जनताको दुश्मन केवल नेपाली सामन्त राणा मात्र होइन । वास्तवमा यी सामन्त राणालाई आड, भरोसा र टेवा दिने भारतीय पूजीपति र विश्व प्रतिक्रियावादीहरुको नेता आडल-अमेरिकन साम्राज्यवाद पनि हुन्। यस कुरालाई मञ्जुर गर्न हाम्रा नेपाली कांग्रेसहरुअस्वीकार मात्र गर्दैनन् । खुल्लम खुल्ला मजदुर वर्गको विरोध पनि गर्दछन् । यस विषयमा म के भनू । केवल नेपालमा अत्यन्त प्रचलित भएको एउटा उखान मात्र भनेर टुंग्याउदछु, कस्ता-कस्ता कहा गए मुसाको छोरा देवान (मन्त्री) †

(ख) घोषणा-पत्रको पृष्ठभूमि

कम्युनिस्ट घोषणा-पत्र माक्र्स र एंगेल्सले आ-आफ्नो जीवनको एकदम प्रारम्भिक अवस्थामा नै लेखेका हुन्। जुन विचारहरु उनीहरुले यस घोषणापत्रमा व्यक्त गरे तिनैलाई पछि गएर आफ्ना ठूला-ठूला ग्रन्थहरुमा ज्यादै विकसित गरे र ती विचारहरुको सत्यतालाई पुष्टि गर्नको निम्ति प्रमाणपत्रहरु दिइदिइकन सावित गरे । यी विचारहरुले केवल मजदुरसंघर्षलाई मात्र बाटो देखाएको होइन, विश्वको बौद्धिक जीवनमा पनि नया बाटो देखाएको छ ।

यहा एउटा सवाल उठ्दछ । के यी विचारहरु माक्र्स र एंगेल्सले आफ्नै दिमागबाट खोदी निकालेका हुन्? यसको उत्तर यो छ- प्रत्येक नया र क्रान्तिकारी विचारधाराको उत्पति त्यस समयको समाजको आर्थिक परिस्थितिबाट पैदा हुन्छ। त्यसको आधार पहिलेका सबै विचारहरु र सिद्धान्तहरुको त्यसबखतसम्मको विकास हुन्छ।

यो विचार माक्र्स र एंगेल्सकै शिक्षाहरुको एउटा अंग हो । १८८८ मा कम्युनिस्ट घोषणा-पत्रको अंग्रेजीसंस्करण प्रस्तावना लेख्दा एंगेल्सले त्यसैमा लेखेका छन् । यसकारण घोषणापत्र राम्ररी बुझ्नको निम्ति यसै नियमलाई हामीले पालना गर्नुपर्दछ । हामीले विचार गर्नुपर्दछ कि घोषणापत्र लेख्दा समाजको अवस्था र परिस्थितिहरु के कस्ता थिए ? अनि मात्र पाठकहरुले कम्युनिस्ट घोषणापत्रको ऐतिहासिक पृष्ठभूमिर त्यस समयको परिस्थितिसग यसको संघर्षलाई राम्ररी बुझ्नुहुनेछ।

युरोपका दुई प्रमुख घटनाहरु

युरोपमा अठारौं शताब्दीको उत्तराद्र्धमा दुईवटा अत्यन्त महत्वपूर्ण घटनाहरु घटेका थिए । पहिलो घटना बेलायतको औद्योगिक क्रान्ति र दोस्रो घटना फ्रान्सको राज्य क्रान्ति । यो कुरा ठीक हो कि यी घटनाहरु घट्दा माक्र्स र एंगेल्स यात जन्मेकै थिएनन्, या दुधेबालक थिए होलान् । कार्ल माक्र्स १७१८ मई ५ मा र एंगेल्स १८२० नोभेम्बर २८ ता् जन्मेका हुन्। तर यी दुवै घटनाहरुको महत्व सम्झनु बिल्कुलै जरुरी छ । किनभने १८३० र ३१ का घटनाहरुले यी दुई व्यक्तिहरुमा कस्तो जबर्जस्त प्रभाव पारेको रहेछ भन्ने कुरा यी दुई घटनाहरुको महत्व नबुझीकन हामी थाहा पाउन सक्दैनौं ।

१. बेलायतको औद्योगिक क्रान्ति

बेलायतको औद्योगिक क्रान्तिको बिऊ १७६० तिर नै छरिएको थियो । तर यो फल्न फुल्नलाई धेरै समय लाग्यो । अठारौं शताब्दीको अन्तसम्ममा यो राम्ररी हु क्र्यो र १८३० मा पूरा भयो । त्यसैबेला अर्थात् अठारौं शताब्दीको उत्तराद्र्धमा बेलायतमा पुजीपतिहरुको उदय भयो । यही लामो परिवर्तन काललाई एेंगेल्सले औद्योगिक क्रान्तिको नाम दिए । आफ्नो ज्यालामा जीवन निर्वाह गर्ने श्रमजीवी वर्गको जन्म पनि त्यसबैला बेलायतमा भयो ।

उद्योग धन्दाको वैयक्तिक स्वरुप पुजीवादी उत्पादन-पद्धतिको प्रतियोगिताले (हानथाप) गर्दा पहिले नै नष्ट भइसकेको थियो । मालको उत्पादन मिस्त्रीहरुको घरघरमा हु न्थ्यो। मिस्त्रीहरुको रेखदेखमा उनीहरुको नोकर र नया सिकारुहरुले मालताल तयार गर्दथे । कच्चा मालको र उत्पादनका सबै साधनहरुको मालिक तथा अधिपति यिनै मिस्त्रीहरु हु न्थे। बेलायतमा त्यसबेला दस्तकारी उत्पादन प्रणाली प्रचलित थियो । यस प्रणालीको मुख्य विशेषता यी नै निम्न लिखित हु न्ः–

(१)　उत्पादनका साधनहरु ज्यादै सरल हु न्थे। यी साधनहरु हातैले चलाइन्थे ।

(२)　उत्पादनका साधनहरुको मालिक पुजीपति हु न्थे। पुजीपतिले आफूकहा डेढ दुईसय मजदुरहरुलाई नोकर राखेर ती साधनहरुद्वारा काम गराउदथे ।

(३)　कच्चा माल पुजीपतिको भएको हु नाले तयार भएका मालहरुमा मजदुरहरुको कुनै किसिमको पनि हक हु दैनथ्यो। मजदुरहरु पुजीपतिको नोकर शिवाय अरु केही पनि हु दैनथे। मजदुरहरु केवल तोकिएको ज्याला मात्र पाउदथे ।

(४)　कारखानामा धेरै मजदुरहरुकाम गर्दथे । यसैकारणले काम श्रम विभाजनको आधारमा हु न्थ्यो।

छोटकरीमा हामी यसो भन्न सक्दछौं । दस्तकारी प्रणालीमा लगभग सबै पुजीवादी प्रणालीको विशेषता थियो । तर कतिभने पुजीवादी व्यवस्थामा कलपूर्जाहरु हु न्छन् तर दस्तकारी प्रणालीमा कल-पूजाहरु थिएनन् । सबै हातैले चलाइने साधनहरुमात्र थिए । हालको मजदुर वर्गको जन्म पनि त्यसैबेला भएको हो । यसको साथसाथै मजदूरमाथि हु ने पुजीवादी शोषण व्यवस्थाको पनि जन्म भयो । दस्तकारी प्रणालीको शोषण हालको भन्दा पनि ज्यादै नराम्रो थियो ।

सन् १७०० देखि उत्पादनका साधनहरुको अलिअलि उन्नति हु नथाल्यो। उत्पादनका पुराना साधनहरुको सट्टामा कलपूर्जाहरु आउन थाले । कपडाको उद्योगबाट कलपूर्जाहरुको आविष्कार भयो । त्यसबेला कपडाको उद्योग नै सबभन्दा प्रमुख थियो । नया वर्ष कलपूर्जाहरुको आविष्कारले सूत कात्ने र कपडा बुन्ने साधनहरुमा क्रान्तिकारी परिवर्तन गरिदियो । यी आविष्कारहरुको वर्णन यहा गरिरहनु उत्तिको आवश्यक छैन । १८७० मा सूत कात्ने स्पिनिङ जेनी र यान्त्रिक चर्खाहरु आविष्कार गरे । १७८५ मा जेम्स वाटले भापको इन्जिन (स्टीम इन्जिन) को आविष्कार गरे । त्यसपछि भापका इन्जिनलाई अरु उद्योग धन्दातिर पनि लगाउने कोशिस भयो । तर तत्कालै

यसमा सफलता प्राप्त भएन । विस्तारै-विस्तारै उद्योग धन्दामा कलपूर्जाहरु (मेशीनहरु) को उन्नति हुदैगयो । पछि तमाम उत्पादन-व्यवस्थामा नै परिवर्तन भयो । यसै निम्ति १७६० देखि १८३० सम्मको समयलाई औद्योगिक क्रान्तिकाल भनिन्छ ।

यी सत्तरी वर्षहरुमा कारखानामा नया-नया यन्त्रहरुको साथसाथै उत्पादनका साधनहरुको पनि केन्द्रीयकरण हुदै गयो । सानासाना कारखानाहरुको उद्योगधन्दा नासिदै गए । कताई र बुनाईका सानातिना पसलहरु एक-एक गरेर लोप भए † सानसाना दस्तकारहरु तबाह भए । ज्यालामा निर्भर रही गरिखानो मजदुरहरुको संख्या बढ्न थाल्यो । यसरी १६ वीं र १७ वीं शताब्दीको पुरानो मजदुर-वर्ग लोप भयो । १८ वी. शताब्दीको अन्तदेखि १९ वीं शताब्दीको सुरुसम्ममा विस्तृत मजदुर वर्गको जन्म भयो । औद्योगिक क्रान्तिले यस मजदुर वर्गलाई एकीकृत र केन्द्रीकरण ग¥यो । अर्थात् मजदुरहरुलाई ठूलठूलो फ्याक्टरीहरुमा काम गर्नु पर्ने हुनाले फ्याक्टरीहरुमै धेरैको झुण्ड भई एकैसाथ बस्नु प¥यो । त्यतिखेर सानातिना उद्योगधन्दाहरु धमाधम लोप हुन लागेका थिए । दस्तकारहरुको स्वतन्त्र पेशा खतम भइसकेको थियो । दस्तकारहरु पुजीपतिहरुको जी हजुरी गर्न लागेका थिए । आफ्नो सुविस्तार र नाफा आउने बाटो देख्ने बित्तिकै यी पुजीपतिहरुले आफ्नो कारखानाबाट हजारौंको संख्यामा मजदुरहरुलाई निकाली दिन्थे । विचराहरुलाई भोकभोकै मर्न कर लाग्दथ्यो । यस अन्यायको विरुद्ध लड्नलाई मजदुर वर्ग कम्मर कसिरहेको थियो । आखिरमा विद्रोह पनि ग¥यो । त्यसबेला मजदुरहरुको रिस नै नया मेशीनहरुसग थियो । किनकी उनीहरुको निम्ति मेशीनहरु नै नया उत्पादन व्यवस्थाका प्रतीक थिए । यसकारण १९ वीं शताब्दीको सुरुमा मजदुरहरुले जे जति विद्रोह गरे ती सबमा उनीहरुले आफ्नो रिस मेशीनहरुमाथि पोखे । रिसले चूर भएर मेशीनहरु बिगार्दथे, कारखानामा आगो लगाइदिन्थे । यस किसिमका धेरै विद्रोह १८१५ मा बेलायतमा भयो । यही बेलातिर अर्थात् १८१३ मा यान्त्रिक प्रयोग सुरु भयो । विस्तारै-विस्तारै यो तोडफोड आन्दोलन बढ्दै गयो । पछि यसैले संगठित रुप धारणा ग¥यो । इतिहासमा यो आन्दोलन लुड्डाइट आन्दोलनको नामले प्रसिद्ध छ । यस आन्दोलनलाई राजसत्ताधारीहरुले अत्यन्त निर्ममता र निरंकुशताले दबाए । मेशिन बिगार्नेहरुलाई ज्यान संजाय दिए । अरु पनि कयौंलाई फासीमा लटकाए ।

मजदुर-आन्दोलनको यो पहिलो पाइलो थियो । यसपछि मजदुरहरुमा वर्ग चेतना बढ्यो । उनीहरुको आन्दोलनको रुप पनि बदलियो । उनीहरुको दुःख, कष्ट र गरिबीको कारण कलपूर्जाहरु होइनन्, मेशीनहरुको निजी स्वामित्व अर्थात् पुजीवादी व्यवस्था हो भन्ने कुरा मजदुरहरुले सम्झन थाले । मजदुर आन्दोलनले यो नया रुख लिएको, हामी बेलायतको चार्टिस्ट आन्दोलनबाट थाहा पाउन सक्दछौं । तर चार्टिस्ट आन्दोलनको बारेमा केही भन्नुभन्दा पहिले फ्रान्सिसी क्रान्तिको बारेमा दुईचार शब्दहरु भन्नु आवश्यक छ ।

## २. फ्रान्सिसी क्रान्ति

फ्रान्सिसी क्रान्ति १७८९ मा सुरु भएको थियो । १७९३ मा यसले एकदम उग्ररुप धारण ग¥यो । क्रान्ति एकदम चरम सीमामा पुग्यो । तर १७९४ देखि नै यसको शक्ति छीण हुदै गयो । १७९९ मा नेपोलियनले फ्रान्समा आफ्नो फौजी

तानाशाही कायम गरे । क्रान्तिको शक्तिलाई नष्ट गरिदिए । अठाह्रवीं शताब्दीसम्म फ्रान्समा एकदम निरंकुश राजतन्त्र थियो । यो शासन व्यवस्था हिन्दूस्थानको मुगल वादशाहको र नेपालको राणाशाहीको शासन व्यवस्था जस्तै थियो र फ्रान्सको राजतन्त्र वास्तवमा धनी-मानी (ठूलाठालू) र पादरीहरुको हातमा थियो । यी वर्गहरुले आफ्ना केही अधिकारहरु पुजीपति-वर्गलाई दिएका थिए तर किसान, दस्तकार र सानातिना पसलेहरुलाई कुनै पनि सामाजिक अधिकार थिएन । यसकारण उनीहरुले एउटा क्रान्तिकारी आन्दोलन सुरु गरे । यस आन्दोलनले गर्दा जनतालाई केही अधिकार दिन राजालाई करै लाग्यो । फ्रान्समा जनताको धारा-सभाको जग बस्यो । शहरमा गरीब, सम्पत्ति नभएका र धनी, अधिकारी वर्गको बीचमा जुन संघर्ष भएको थियो, त्यसमा क्रान्तिकारी मध्य-वर्ग र पेरिसका मजदुरहरुको विजय भयो । राज-सत्ता उनीहरुको हातमा आयो । वास्तवमा सत्ता जेकोविन्सको हातमा थियो । रोब्सपीयर, मरांत र दांन्तन त्यसको नेता थिए । दुई वर्षसम्म पेरिसमा क्रान्तिकारी जनताले राज गरे । क्रान्तिकारी पेरिस क्रान्तिको अगुवा बन्यो । जेकोविन मध्य-वर्गको पार्टी थियो । उनीहरुले सामन्तवादी सत्तालाई खतम गर्ने संकल्प गरे । उनीहरु निजी सम्पत्तिको अधिकारलाई पूर्ण रुपले विकसित गर्न दिने एउटा राजनीतिक व्यवस्था खडा गर्न चाहन्थे । यसकारण उनीहरुलाई सामन्तवादी सत्ताको विरुद्ध, राणाहरु जस्ता धनी मानीहरुको विरुद्ध र फ्रान्समा बराबर आक्रमण गरिरहने पूर्वी यूरोपका देशहरुको विरुद्ध लड्नुप¥यो । रोब्सपीयर, मरांत र दांन्तनहरुले यस लडाइमा आफ्नो अपूर्वकौशलको परिचय दिए । युरोपका सानातिना रियासतहरुको विरुद्ध एउटा क्रान्तिकारी आन्दोलन सुरु गरे । धनी-मानीहरुको विरुद्ध तमाम जनतालाई उठाउनको निम्ति उनीहरुले यो नारा लगाएः- आफ्नो झुपडीको रक्षाका निम्ति महलहरु नष्ट गर † झण्डामा चाहि उनीहरुले स्वतन्त्रता, समानता र भातृत्वभन्ने नाराहरु लेखेका थिए ।

फ्रान्सिसी क्रान्तिको विजय पहिले राइन प्रान्तमा भयो । जेकोविन्सको संघ पनि सर्वप्रथम त्यही प्रान्तमा स्थापित भएको हो । १९ वीं शताब्दीको सूरुमा यस प्रान्तमा फ्रान्सीसी क्रान्तिको ठूलो असर परेको थियो । फ्रान्सिसी क्रान्तिको असर परम्परागत राइनप्रान्तका नवयुवकहरुमा पर्नु स्वाभाविकै हो । पछि फ्रान्सिसी क्रान्तिको असर युरोपभर फैलियो । बेलायतको मजदुर आन्दोलन पनि यसबाट अलग रहन सकेन । मजदुर आन्दोलनको पहिलो रुप लुड्डाइट तरिकाको सट्टामा एकदम संगठित र क्रान्तिकारी आन्दोलन देखाप¥यो । यस आन्दोलनका मुख्य मागहरु यिनै हुन् ः (१) सभा गर्ने, (२) संगठन गर्ने, (३) पे्रस स्वतन्त्रता (छाप्ने आजादी) दिइयोस् । १८१७ मा यस आन्दोलनले क्रान्तिकारी रुप धारण ग¥यो । यसको नतिजा १८१९ मा मैनचेस्टर हत्याकाण्ड भयो । यस हत्याकाण्डमा मजदुरको जुलुसमाथि गोली चल्यो । मजदुरहरुलाई दबाउनको निम्ति ६ वटा नया कानुनहरु बने । यस घटनाले गर्दा क्रान्तिकारी आन्दोलन झन् बलियो र तीब्र हुदै गयो । आखिरमा, १७२५ मा बेलायतको पार्लियामेन्टले मजदुरहरुको संगठनसम्बन्धी हकहरु स्वीकार गर्नु नै प¥यो । यस नया कानुनद्वारा मजदुरहरुलाई संगठित हुनेअधिकार मिल्यो । बेलायतका मजदुरहरुको यो एउटा ठूलो विजय थियो । १८१५-२५ का यिनै वर्षको बीचमा बेलायतमा टे«ड युनियन (मजदुर-सभा) आन्दोलनको जग बस्यो । मताधिकार आन्दोलन चलाउनको निम्ति मजदुरहरुको संगठन पनि यही समयमा कायम भयो ।

१८३० को जुलाई-क्रान्ति

१८१५ मा नेपोलियन हारे । बर्बोन बंशका सत्रवां लुई फ्रान्सका बादशाह भए । प्राचीन सामन्तवादी व्यवस्थालाई फेरि कायम गर्नको निम्ति १५ वर्षसम्म अरु कोशिस भयो । यससमयमा जमिन्दारहरुलाई विशेष सुविधा दिइएको थियो । किसानहरुबाट खेतहरु फिर्ता लिनु त असम्भव थियो । यसै निम्ति जमिन्दारहरुलाई १ करोड फ्रांक (फ्रान्सको रुपैया) हर्जाना दिइयो । गत क्रान्तिको फलस्वरुप पुजीपति वर्गले जुन अधिकारहरु पाएका थिए, सो सबै खतम गरिदिए । यी सबै कुराहरुले गर्दा फ्रान्सको धारा-सभा दुई दलमा बाडियो । टोरीदल पुराना जमिन्दारहरुको प्रतिनिधित्व गर्दथ्यो । यी सबै दलको बीचमा घनघोर विरोध थियो । यही विरोधको फलस्वरुप १८३० को जुलाई-क्रान्ति भयो । यस क्रान्तिमा पुजीपति वर्गको पूर्ण विजय भयो । पुजीवादी व्यापार र उद्योगधन्दालाई विकासको निम्ति पूर्ण सुविधा दिने नया बादशाहको राज्याभिषेक भयो । फ्रान्समा वैधानिक राजतन्त्र स्थापना भयो ।

चार्टिस्ट- आन्दोलन

फ्रान्सको जुलाई-क्रान्तिको असर बेलायतमा पर्‍यो । बेलायतमा मताधिकार आन्दोलनको जोड बढ्दै गयो । लवेट र अरुहरुले मजदुर वर्गका मागहरु पेस गरे । मजदुरहरुको स्वतन्त्र पार्टी कायम गर्ने चेष्टा गरे । त्यस जमानामा बेलायतमा खाली पुजीपतिहरुको मात्र पार्टी थियो । मजदुरहरुको एउटा पनि स्वतन्त्र पार्टी थिएन । यस नया मजदुर-पार्टीले पनि पुजीवादी समाज व्यवस्थाको विरुद्ध आफ्ना आर्थिक उद्देश्यहरु छर्लङ्ग राखेन । लवेट र उनका साथीहरुले मजदुरहरुका तमाम मागहरु एक चार्टर (माग-पत्र) मा लेखे । यसकारण यस आन्दोलनलाई चार्टिस्ट आन्दोलन भनेको हो । यस आन्दोलनका मागहरु निम्नलिखित हुन् ÷

(१) प्रत्येक बालिग (एकाइस वर्ष उमेरका) मानिसलाई भोट (मत) दिने अधिकार हुनुपर्दछ।

(२) गुप्त-भोटको व्यवस्था होस् ।

(३) पार्लियामेन्ट (धारा-सभा) को वर्षेनी चुनाव होस् ।

(४( पार्लियामेण्टको सदस्यहरुलाई तलब दिइयोस् ।

(५) पार्लियामेन्टका सदस्य हुनका निम्ति कुनै किसिमको सम्पत्ति हुनुपर्छभन्ने नहोस् । अर्थात् रोजिएमा जो पनि पार्लियामेन्टका सदस्य हुनपाउन् ।

(६) चुनाव-क्षेत्रको विभाजन बराबर होस् । सबै ठाउमा एक प्रकारले चुनाव होस् ।

चार्टिष्ट आन्दोलन १८३७ मा सुरुभएको थियो र पाच वर्षसम्म चल्यो ।

मजदुरक्रान्तिकारी आन्दोलनको सुरु

फ्रान्सको जुलाई-क्रान्तिले गर्दा पुजीपति वर्गले धन कुम्ल्याउने बाटो पूरा तबरले पायो । पुजीपतिको बाटोको काडा साफ भयो । फलस्वरुप पुजीपति वर्गले मजदुर-वर्गमाथि तुरुन्त हमला गर्‍यो । १८३४ मा रेशम उद्योगको केन्द्र लियोन शहरमा मजदुरहरुलेविद्रोह गरे । धैरै दिनसम्म मजदुरहरुलेत्यस शहरलाई आफ्नो कब्जामा राखे । विद्रोहमा मजदुरहरुलेकुनै पनि राजनीतिक मागहरु राखेका थिएनन् । विद्रोहको झण्डामा यो लेखिएको थियोः-

काम गर्दागर्दै जीवित रहू, लड्दा लड्दै मरी जाऊ आखिरमा विद्रोह असफल भयो । तर १८३४ मा फेरि अर्को विद्रोह भयो । यो पनि पहिलेको जस्तै थियो लियोनशहरका मजदुरहरुको लडाइ सिंगो पुजीवादी व्यवस्थाको विरुद्ध थिएन । उनीहरुको यो लडाइ वैयक्तिक पुजीपतिहरु र उनीहरुको निरंकुश शोषणको विरुद्ध मात्र थियो ।

संक्षेपमा हामी यो भन्न सक्दछौं कि १८३०-४० सम्मको बीचमा बेलायत र फ्रान्समा एउटा नया क्रान्तिकारी मजदुर-वर्ग उत्पन्न भयो । यस मजदुर वर्गको संगठनले बेलायतमा क्रान्तिकारी रुप धारण गर्‍यो । फ्रान्समा पनि लियोन विद्रोह पछि मजदुर वर्गले क्रान्तिकारी संगठन सुरु गरे । यस आन्दोलनको नेता अगस्ट ब्लाकि थिए । ब्लाकी (१८५०-८९) ले जुलाई क्रान्तिमा पनि भाग लिएका थिए । लियोनको विद्रोहले पे्ररित भएर उनले पेरिसमा मजदुरहरुको क्रान्तिकारी संघलाई फेरि संगठित गरे । १८३९ मा ब्लाकि र उनका साथीहरुले पेरिसमा एउटा विद्रोह मच्चाए । यस विद्रोहको उद्देश्य सरकार दखल गरी मजदुर वर्गको भलाइको निम्ति ऐन कानुन बनाउने थियो । यो विद्रोह सफल भएन । यस क्रान्तिमा भाग लिनेहरु मध्ये धैरै क्रान्तिकारीहरुले पेरिस छोडी भाग्नुपर्‍यो । पेरिसबाट भागेर उनीहरु लन्डनमा गए । त्यहा १८४९ मा उनीहरुले एउटा मजदुर-शिक्षण संघ खडा गरे ।

माक्र्स र एंगेल्सको जन्म जर्मनीको राइन प्रान्तमा भएको थियो । उनीहरुको बाल्यावस्था र युवावस्था दुवै यसै प्रान्तमा बितेका थिए । जर्मनीको यो प्रान्त फ्रान्सको साधबाट विकलुल नजिक पर्दथ्यो । फ्रान्सिसी-क्रान्तिको असर यहा खुबै परेको थियो भनी माथि पनि भनिसकेको छु, यस प्रान्तमा क्रान्तिकारी आन्दोलनले जोड पकडेको अर्को पनि एउटा कारण छ । १८१५ मा नेपोलियन हारेपछि यो प्रान्त एशिया (जर्मनी) को कब्जामा पर्न गयो । त्यसबेलासम्म जर्मनी एउटा सुसंगठित राष्ट्र बनिसकेको थिएन । त्यो धैरै नै सानासाना राज्यमा बाडिएको थियो । पुजीपति वर्गको हातमा त्यसबेलासम्म राष्ट्रको शक्ति आएको थिएन । ती सबै सानासाना राज्यहरुमा विल्कुल निरंकुश राजतन्त्रको शासन थियो । राइन प्रान्तका जनता फ्रान्सिसी जनतन्त्रवादको वायुमुन्डलमा घुमिसकेका थिए । यसैकारणले गर्दा उनीहरुलाई निरंकुश राजतन्त्रको शासन सहिनसक्नु भयो र जर्मनीको क्रान्तिकारी आन्दोलन पछि यही प्रान्तबाट श्री गणेश हुनपुग्यो।

१८४८ मा माक्र्स एेंगेल्स क्रमशः ३० र २८ वर्षका भए । फ्रान्सको क्रान्तिकारी साहित्यको असर उनीहरुमा खूब परेको थियो । यही असरल गर्दा उनीहरुमा रेडीकल डेमोक्रेट (उग्रजनतन्त्रवादी) बनेका थिए । एंगेल्स आफूलाई जेकोर्बिन भन्दथे । १८३९ मा माक्र्सले जेना विश्वविद्यालयबाट डाक्टरको (औषधीको होइन जुरिप्रुडेन्स अर्थात् ऐन कानुनको) उपाधि पाएका थिए । उग्रवादीहरुको निम्ति त्यसबेला विश्वविद्यालयमा शिक्षक (मास्टर) हुनु बिलकूलै

सम्भव थिएन । यहीबेला मौकाबस माक्र्स रायनिन्शे जायटुंग (राइन समाचार) को सम्पादक भए । राइन समाचार राइन प्रान्तका व्यापारी र उद्योगधन्दा गर्ने पुजीपति वर्गको मुखपत्र थियो । पैसाको मदत उनीहरुले नै गर्दथे । त्यसबेला पुजीपति वर्ग सामन्तवादी राज्यसत्ताको विरुद्ध लडिरहेका थिए । यसै निम्ति पुजीपति वर्गले आफ्नो मुखपत्रमा तमाम उग्रवादी नवयुवक लेखकहरुलाई ल्याउने कोशिस गरेका थिए । यस पत्रले माक्र्स र एंगेल्सहरु जस्तै धेरै उग्रवादी नवयुवक र लेखकहरुको सहायता र सहयोग पाएको थियो । माक्र्स खासगरेर त्यस समयको प्रचलित सामाजिक र राजनीतिक परिस्थितिहरुमाथि कलम चलाउथे । तर ऐंगेल्स खासगरेर धार्मिक ढाेंगहरुको पोल खोल्दथे । माक्र्सले आफ्नो लेखहरुद्वारा जनताको ध्यान मजदुर वर्गको दुःख र कष्टको अवस्थातिर आकर्षित गराउदथे । जमिन्दार र जागिरदारवर्गहरुले जुन अन्याय र अत्याचार किसान र कास्तकारहरुमाथि गर्थे, त्यसको लेखरुपी तस्वीर माक्र्सले जनताको सामुन्ने राखिदिए । त्यसो भएको हुनाले राइन प्रान्तको गर्वनरको (बडाहाकिम) आखा त्यस पत्रमाथि पर्न गयो । प्रशियाका नोकरशाहीहरुले (नेपालका भाइभारदार जस्ता) माक्र्सलाई राइन समाचारबाट हटाउने माग गरे । माक्र्सले आफ्नो सम्पादकीय काम छोडिदिए । माक्र्सले छोडेपछि पनि यो पत्र सुरक्षित रुपले चल्न सकेन । आखिरमा नोकरशाहहरुले बन्द गराइछाडे । त्यसबेलादेखि माक्र्सको विचारमा पनि परिवर्तन आयो । उनको ध्यान मजदुर-वर्गको दुःख तकलिफ र त्यसबेलाको समाजको आर्थिक व्यवस्थातिर गयो । माक्र्स पेरिस गए । त्यहाबाट १८४४ मा जर्मन-फ्रेन्च इयर बुक (जर्मन-फ्रेञ्च वार्षिक पुस्तक) नामको एउटा पत्र चलाए ।

जर्मनीको सामाजिक व्यवस्था

त्यसबेला जर्मन समाज तीन वर्गमा बाडिएको थियो । (१) अमीर- उमरा (राणाशाहजस्ता) (२) नोकरशाह (३) पूजीपति । समाज व्यवस्था सामन्तवादी थियो । निरंकुश राजतन्त्रको शासन थियो । नया उद्योग धन्दाको विकासका निम्ति पुजीपति वर्गलाई अमीर-उमरा र नोकरशाही दुवै वर्गसग जबरदस्त मोर्चा लिनुपर्दथ्यो । यिनीहरुसग टक्कर नलिइकन पुजीवादी उद्योग धन्दाको विकास र उन्नति बिलकूलै असम्भव थियो । तर जर्मनका पुजीपति वर्ग बेलायत र फ्रान्सका जस्ता थिएनन् । ऊ सामन्तवादसग कम्मर कसेर लड्न तयार थिएन । फ्रान्स र बेलायतको क्रान्तिमा उसले यो देखेको थियो कि क्रान्तिकारी आन्दोलनले उसको दुश्मन मजदुर वर्गको शक्ति बढ्दछ । यसैकारणले गर्दा उसको क्रान्तिकारी प्रवृत्ति ज्यादै कमजोर थियो । भरसक सामन्तशाहीसग सम्झौता गरेर ऊ आफ्नो विकासको बाटो अलिकता मात्र भए पनि खोल्न चाहन्थ्यो । सामन्त र ऊ दुवै मिली आम जनतालाई शोष्पाण गरिनैरहने भन्ने उसको विचार थियो । उता जर्मनीको राजशाही वर्ग पनि फ्रान्सिसी र बेलायती क्रान्तिहरुबाट शिक्षा पाएको हुनाले ऊ पनि जर्मनीका पुजीपति वर्गलाई थोर बहुत सुविधाहरु दिएर क्रान्तिकारी आन्दोलनको बाटो बन्द गर्न चाहन्थ्यो । आज हाम्रो नेपालमा पनि क्रान्ति रोक्नलाई नेपाली कांगे्रसहरुर राणा शाही यही बाटोमा लाग्ने कोशिसस गरिरहेका छन् ।

अब माक्र्सको सामुन्ने एउटा प्रश्न आयो । यदि पुजीपति वर्ग जनतालाई सामन्तशाहीको पञ्जाबाट मुक्त गराउन तयार छैन भने सो काम फेरि कसले गर्ला ? १८४४ मा माक्र्सले यसको छर्लङ्ग उत्तर पाए । केबल मजदुर वर्गले जनतालाई तमाम शोषण र अत्याचारबाट मुक्त गरी एउटा नया समाजको जग बसाल्नेछ भन्ने कुरा उनले थाहा पाए । जसै माक्र्स र एंगेल्सको दिनमागमा यी कुराहरु सुझे र विचार गर्दा पनि त्यही मात्र एउटा बाटाचे छ भन्ने निर्णयमा पुग्नासाथ मजदुरहरुको संगठन निर्माण सुरु गरे । त्यसबेला जो जति मजदुरहरु तयार थिए, सो सबै मजदुर-संगठनमा दाखिल भए र मजदुरहरुको वास्तविक स्थिति बुझ्ने चेष्टा गर्न थाले ।

मजदुर शिक्षण संघको जन्म

पेरिसमा ब्लांकिको क्रान्तिकारी मजदुर-संगठनसग माक्र्सको सम्पर्क भएको थियो । माक्र्सले क्रान्तिकारी आन्दोलनमा भाग लिन सुरु गरिदिए । १८४५ मा माक्र्सलाई उनको क्रान्तिकारी लेख र कारबाहीहरुले गर्दा पेरिसबाट देश निकाला गरिदियो । पेरिसबाट उनी बु्रसेल्स(बेल्जियमको राजधानी) गए । त्यहा मजदुर संगठन र प्रचार कार्य गर्न थाले । बु्रसेल्सजर्मनी र फ्रान्स दुवै देशहरुको सीमानाको नजिकै पर्दथ्यो । यसकारण त्यहाबाट गुप्त तरिकाले ती दुवै देशहरुमा साहित्यहरु पठाउन र बाड्न सजिलो पर्दथ्यो । त्यहा माक्र्स र एंगेल्सको एउटा मजदूर-शिक्षण संघ ’ कायम गरे । यस संघद्वारा संगठन र प्रचारको कार्य अति तीब्र गतिले हुनथाल्यो । संघमार्फत् उनीहरुले अन्य देशका क्रान्तिकारी मजदुर संगठनसग सम्पर्क स्थापित गर्ने कोशिस गरे । लन्डन, पेरिस, जर्मनी र स्वीट्जरल्याण्डका मजदुर-संघहरुसग सम्बन्ध पनि कायम गरे । यहीबेला माक्र्स र एंगेल्स दुवैले यो विचार गरे कि राष्ट्रिय संगठनले मात्र सच्चा स्वतन्त्रता हासिल गर्न सकिन्न । उनीहरुले यो पनि विचार गरे कि यदि मजदुर आन्दोलनका उद्देश्यहरुमा सफलतानै प्राप्त गर्नुछ भने बिना अन्तर्राष्ट्रिय मजदुर संगठन त्यो हुन सक्दैन । अन्तरर्राष्ट्रिय मजदुर संघ बनाउनै पर्दछ । यस विचारधारालाई कार्यरुपमा परिणत गर्नको निम्ति देश–देशान्तरमा कम्युनिस्ट संगठन कायम गर्नुपर्दथ्यो । त्यसो भएको हुनाले लण्डन, पेरिस र बु्रसेल्समा कम्युनिस्ट परस्पर सम्बन्ध समिति स्थापित भयो ।

१८४८ को उत्तराद्र्धतिर बु्रसेल्समायस्तै किसिमको एउटा केन्द्रीय समिति स्थापित भयो । अरु समितिहरुले यस केन्द्रीय समितिमा आफ्ना कामहरुको रिपोर्टहरु पठाउथे । यी समितिहरुको धैरैजसो सदस्यहरु मजदुरहरु थिए । एंगेल्सले यस्तै किसिमको समिति पेरिसमा खडा गरेका थिए । यसै समितिमार्फत् उनले पेरसमा जर्मन मजदुरहरुमा प्रचार र संगठन कार्य गरिरहेका थिए । लन्डनमा ब्लांकिको संघ थियो । ब्लांकि माक्र्स र एंगेल्सका विचारको समर्थक भइसकेका थिए । उनी बु्रसेल्सकोकेन्द्रीय समितिसग पनि सम्बन्ध जोड्न राजी भए ।

यसपछि १८४७ को गर्मी याममा युरोपभरिका तमाम कम्युनिस्टहरुको लन्डनमा एउटा सम्मेलन भयो । एंगेल्स खुद आफैं यस सम्मेलनमा हाजिर थिए । तमाम शहरी समितिहरुलाई एक सुत्रमा बाधेर, एउटा कम्युनिस्ट अन्तर्राष्ट्रिय संघको स्थापना गर्ने कुरा सम्मेलनमा निधो भयो । यस संघको विधान पनि बनाइयो । क्रान्तिकारी कम्युनिस्टहरुको

उद्देश्य छर्लङ्ग हु ने गरी सबभन्दा पहिले यसै सम्मेलनले संसारको सामुन्ने राख्यो । संघको विधानमा यस्तो लेखिएको थियो- पुजीपति वर्गको शासन व्यवस्थालाई पल्टाएर मजदु रहरुको राज कायम गर्नु वर्ग-संघर्षमा आधारित भएको पुरानो पुजीवादी व्यवस्थालाई खतम गर्नु र वर्गसंघर्ष र निजी सम्पत्तिरहित एउटा नया समाज व्यवस्था बनाउनु यस संघको उद्देश्य होे ।

यही सम्मेलनमा यो पनि निश्चय भयो, कि कम्यु निस्टहरुको सिद्धान्त को नामबाट संघको कार्यक्रम र यसको पूरा उद्देश्य प्रकाशित गरियोसउ् । संघको तर्फबाट एउटा पत्र पनि निकाल्ने निधो भयो । यस पत्रको नाम कम्यु निस्ट राखियो ।

कम्यु निस्ट को पहिलो अंक कम्यु निस्ट घोषणापत्र प्रकाशित हु नुभन्दा९ महिना पहिले छापिएको थियो । दु नियाका मजदु रहरु एक होऊ † यो नारा सबभन्दा पहिले त् इसैपत्रको मु खपृ ष्ठमा छापिएको थियो । कम्यु निस्ट खाली एकै अंक मात्र प्रकाशित भयो ।

१८४७ को अन्ततिर कम्यु निस्ट् संघको अर्को एउटा सम्मेलन लन्डनमा भयो । एंगेल्सले लेखेको कम्यु निज्मका सिद्धान्तहरु को खेसरा यसै सम्मेलनमा पेस गरियो । सम्मेलनले त्यस खेसराको मु ख्य-मु ख्य कुराहरु मञ्जु र ग¥यो । सम्मेलनले माक्र्सलाई तिनै कुराहरुको आधारमा कम्यु निस्ट घोषणापत्र लेखने काम सु म्पियो । त्यो यही घोषणापत्र हो र यसको आखिरी प्रति माक्र्स र एंगेल्स दु वै बसी निश्चय गरेका हु न् । त्यसो भए तापनि एंगेल्सले आफ्नो प्रस्तावनामा लेखेका छन् कि घोषणापत्रको मु ख्य-मु ख्य विचारको कल्पना माक्र्सले नै गरेका हु न् । माक्र्सले यो घोषणापत्र फरवरी १८४८ मा तयार गरे र केही महिनापछि १८४८ मा नै यसलाई प्रकाशित गरेर दु नियाको सामुन्ने राखे ।

(ग) सूचना

मैले त्यो घोषणापत्र पोहर उल्था गरेको थिए । तर अनेकौं बिघ्नबाधाहरुले गर्दा आज एक वर्ष पछि तपाईंहरुको हातमा आइरहेको छ । छ महिना अगाडि नै यो पु स्तक छापिने थियो, तर पे् रसमापनि झमेला आएको हु नाले सो हु न सकेन । आजको परिस्थितिमा सबै बाटाहरुले कम्यु निज्मतिर नै लैजान्छ । कुनै वा कस्तै बाधाले पनि कम्यु निज्मलाई रोक्न सक्दैन । यसकारण यो कम्यु निज्मको पहिलो पु स्तक छापिंदा छापिंदै पनि अनेकौं बाधाहरु झेलेर आज नेपालीमा कम्यु निस्ट घोषणापत्र प्रकाशित भयो ।

खासगरेर मैले यो हिन्दीबाट अनु वाद गरेको हु । तर ठाउठाउमा अंगे् रजी र बंगाली संस्करणका पानाहरु पनि पल्टाएको छु । भरसक सजिलो गर्ने कोशिस पनि गरेको छु । अर्को संस्करणमा यो भन्दा अझै सजिलो गर्ने विचार छ, पक्कापक्की गर्नेछु ।

मार्क्स र एंगेल्सले लेखेका धेरैजसो भूमिका र हिन्दी संस्करणमा रहेका टिकाटिप्पणीहरु सबै एकै साथ छाप्ने विचारले अनुवाद गरेको थिए, तर झमेलाले गर्दा प्रथम संस्करणमा त्यसो हुनसकेन। दोस्रो संस्करणमा दिनेछु ।

जस्तो परिस्थितिमा यो पुस्तक छापियो सो हेर्दा यसमा रहन गएका भूलहरु क्षम्य छन् । एक त हिन्दूस्तान, त्यसमा पनि बंगालमा यो छापियो । अझ त्यसमा पनि थप परिस्थितिले बाध्य भएर केवल दुईपल्ट मात्र पु्रफहेरी यसलाई छाप्नुपर्‍यो । जति जति पुस्तकको तल्लो पानातिर पुग्नुहुन्छउति नै बिरलै भूलहरु पाउनु हुनेछ। खास गरेर घोषणापत्रमा पुग्दा भूलहरु धेरै नै कम भएका छन् । अर्थको अनर्थ हुनेभूलहरुको तालिका दिएको छु ।

नोट ः– मार्क्स-एंगेल्सद्वारा तयार पारिएको कम्युनिस्ट घोषणापत्र विश्वविख्यात मार्क्सवादी रचना हो । यो १८१ भाषामा अनुवाद भइसकेको छ । क. पुष्पलालले २००५ सालमा नै यसको अनुवाद गर्नुभएको थियो र यही नै नेपाली भाषाको अनुदित प्रथम संस्करण हो । परिस्थितिवश २००६ सालमा अर्थात् १९४९ सेप्टेम्बरमा आएर मात्र त्यो प्रकाशित हुन सक्यो । जसको भूमिका स्वरुप लेखिएको यो रचना नेपाली समाजको मार्क्सवादी विश्लेषण गरेर लेखिएको पहिलो लेख मानिएको छ । यस घोषणापत्रको अनुवादको मुद्रण कलकत्ताको पपुलर आर्ट प्रिन्टर्समा भएको थियो र प्रकाशक स्वयम् पुष्पलाल हुनुहुन्थ्यो। क. पुष्पले त्यसबखत नेपाली उपनाम समेत प्रयोग गर्नुहुन्थ्यो ।– सम्पादक ।

नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र

पहाड पर्वत खोला नाला जग्गा जमीन सबको

मालिक हामी दास बनौं किन हिस्सा सबका सबको †

विगत चालीस वर्षमा दुई विश्वयुद्धहरु भए । पहिलो विश्वयुद्धको फलस्वरुप विश्वको छ खण्डको एक खण्ड भूभाग पुजीवादी घेराबाट मुक्त भएको छ र समाजवादी सोभियत संघको जन्म भएको छ र सबल वैज्ञानिक समाजवाद महान् ऐतिहासिक यथार्थतामा फेरिएको छ । यो महान् ऐतिहासिक यथार्थता पुजीवादी तथा सामन्ती दासत्व विरुद्ध विद्रोह गर्न सबै मुलुकहरुका शोषित र श्रमजीवी जनतालाई निरन्तर आह्वान हो । अतः बेलायत, फ्रान्स र अमेरिकाका पुजीवादी शासक वर्गहरुले सोभियत संघको विश्व हिटलरी फासिष्टवादलाई उठाए र प्रत्यक्ष रुपले दोस्रो विश्वयुद्धको लागि बाटो बनाइदिए तर दोस्रो विश्वयुद्धको फलस्वरुप, सोभियत संघ ध्वस्त नभएको मात्र होइन, बरु पूर्वी तथा दक्षिण पूर्वी युरोपका कैयन मुलुकहरुले आफूलाई पुजीवादी–साम्राज्यवादी कैदबाट मुक्त पारेर समाजवादी विश्वको सिमानालाई विस्तारित पारे । दोस्रो, विश्वयुद्धको फलस्वरुप, अन्तर्राष्ट्रिय मजदुर आन्दोलनले ठूलो फड्को

मारेको छ र औपनिवेशिक जनताहरुले खुल्ला सशस्त्र विद्रोहको बाटो लिएका छन् । यसरी विश्व पुजीवादका मोर्चा र पृष्ठभागगम्भीर खतरामा परेका छन् ।

दक्षिण पूर्वी एशियामा चलिरहेको क्रान्तिकारी छाल हाम्रो प्यारो मुलुकनेपालमा पनि आइपुगेको छ । एक युग पुरानो सामन्ती अत्याचारलाई हाक दिंदै नेपालको मजदुर वर्गले पहिलोपल्ट मार्च १९४७ मा संग्राममा प्रवेश गर्‍यो । विराटनगर जुट तथा कपडा मिलहरुका मजदुरहरुले बाच्न लायक ज्याला र काम गर्ने राम्रो अवस्थाका लागि हड्ताल गरे । गुप्त रुपमा क. मनमोहन अधिकारीको नेतृत्वमा बनेको मजदुर युनियनले त्यसको नेतृत्व गर्‍यो । भारतका विश्वासघाती समाजवादी नेता र निस्कासित राणाहरुद्वारा समर्थित नेपाली राष्ट्रिय कांग्रेसका नेताहरुले हडतालप्रति विश्वासघात गरे । हड्तालको छाल राजधानीमा पनि फैलियो । काठमाडौंमा बिजुली तथा टक्सार विभागका सरकारी कर्मचारी र बैंक तथा अस्पताल कर्मचारीहरुले त्यस्तै मागहरु राखेर हड्ताल गरे । हड्तालीहरु कति दृढ थिए भने सरकार तलब बढाउन र राशन दिन बाध्य भयो । काठमाडौं उपत्यकाभित्र मात्र तलब बृद्धिर अन्न-खरीद सुविधाहरु सीमित भए पनि नेपालको सम्पूर्ण जनताले आफ्नै विजयको रुपमा लिए र आफ्ना अधिकारहरुको सुरक्षार्थ जनसंघर्षको खाचोलाई बुझे ।

१

१३८५ देखिन् सामन्ती निरंकुशहरुले नेपालमा शासन गर्दैछन् । यी शताब्दीहरुको क्रममा भएका परिवर्तनहरुले राणाहरुको निरंकुशतालाई मात्र बलियो पारेका छन् । नेपालमा केही भागमा पुजीवादी उत्पादन प्रणाली लागू भए पनि अझसम्म सामन्ती उत्पादन प्रणाली र प्रशासनको निर्णायक प्रभाव रहेको छ ।

मुलुकमा अझसम्म आत्मनिर्भर प्राकृतिक अर्थतन्त्रको प्रभुत्व छ, तर यो मर्दो रुपमा छ । किसानहरुले आफ्नो खाद्यान्न मात्र होइन आफूले उपयोग गर्ने धेरैजसो चीज आफैं पैदा गर्छन् । राणा, जमिन्दार, द्वारे, ठालू र मुखियाहरुले किसानहरुबाट उठाएको तिरो आफ्नै व्यक्तिगत मोजमज्जामा खर्च गर्छन् । पहिले सो तिरोलाई चीजहरुको साटासाटमा प्रयोग गरिन्थ्यो । अहिले सामन्ती परजीवीहरुले यस्तो प्रणाली लागू गरेका छन् तापनि त्यसको अझसम्म निर्णायक प्रभाव छैन ।

धेरैजसो जमीन सामन्ती शासक वर्ग, अर्थात् राणा, साहेवज्यू, घरानिया, जमिन्दार र गुरुज्युहरुकोमालिकत्वमा छ । किसानहरुको मालिकत्वमा ज्यादै थोरै जमीन छ वा जमीनै छैन । किसानहरुले आफ्नै ज्यावल प्रयोग गरेर आफ्ना मालिकहरुको जमीन जोत्छन् र ती मालिकहरुको लोभ पूरा गर्न आफ्नो बालीको तीन चौथाई हिस्सा बुझाउछन् । १९२४ मा दास प्रथाको उन्मूलन भए पनि अझसम्म घृणित खालको शारीरिक दण्ड दिन चलन छदैछ । अझसम्म सामन्ती मालिकहरुले १५ दिनसम्म किसानहरुलाई थुन्ने कानुनी अधिकार पाएका छन् । वास्तवमा किसानहरुको स्थिति भूदासकोभन्दा राम्रो छैन ।

किसानहरुले सारा राणाहरु र सामन्ती मालिकहरुद्वारा गरिने शोषणको असह्य भार बोक्नु परेको छ र त्यसका साथै नजराना, कर तथा बेगारी दिएर सम्पूर्ण सामन्ती नोकरशाही र जनविरोधी सरकारी सेनालाई पनि कायम राख्नु परेको छ ।

मल्ल वंशको शासनकालमा नेपालमा धेरै सामन्तहरुले शासन गर्थे । तर १७६९ देखिन् पृथ्वीनारायण शाहको पालादेखिन् नेपाल राणाहरु र तिनका सामन्ती पिट्ठूहरुद्वारा शासित एक केन्द्रीकृत सामन्ती निरंकुश राज्य बनेको छ ।

नेपाली किसानहरुले कुनै पनि व्यक्तिगत, शारीरिक वा राजनीतिक स्वतन्त्रताको उपभोग न पहिले गरेका थिए न अहिले गरेका छन् । सामन्ती शासक गुटद्वारा गरिएको कठोरतम रुपको शोषण तथा उत्पीडनको कारणले गर्दा नेपालको सामाजिक व्यवस्था शताब्दीयौंदेखिन् प्रायः गतिहीन रहेको छ ।

कोत पर्वको रुपमा परिचित बल प्रयोगद्वारा सत्ता-अपहरणबाट राणाहरु सत्तामा आउने बित्तिकै, विदेशी साम्राज्यवादीहरुले नेपालमा छिटछिटो आफ्नो प्रभाव बढाउन थाले । यो कतिसम्म बढेको छ भने आज नेपाल वास्तवमा विदेशी साम्राज्यवादीहरुको अर्ध-उपनिवेश रहेको छ । त्यसबेलादेखिन् नेपाल ब्रिटिश साम्राज्यवादीहरुका लागि भरौटेहरु भर्ति गर्ने एक मुख्य स्थान बनेको छ । महाराणा त्यसको मुख्य एजेन्ट रहेको छ । आज पनि भारतको पुजीवादी नेहरु सरकारले ब्रिटिश साम्राज्यवादीहरुलाई ब्रिटिश उपनिवेशहरुको मुक्ति-संघर्षलाई दबाउन भोका युवा किसानहरु मध्येबाट हजारौं सिपाही भर्ति गर्न दिइरहेको छ । ब्रिटिश एकाधिकार पुजीको नाफाको रक्षा गर्न, अपराधी महाराणाले गरीब नेपाली युवकहरुको जीवन र रगतको बिक्री गरिरहेको छ ।

यसका अतिरिक्त, वालस्ट्रिटका एजेन्टहरुले नेपालमा प्रभुत्व जमाएका छन् र उनीहरु हाम्रो पवित्र भूमिमा सोभियत-विरोधी सैनिक अड्डाहरु बनाउने योजना गर्नमा व्यस्त छन् । भारतीय पुजीपतिहरु पनि नेपालमा आफ्नो शोषणका जालहरु फैलाउदैछन् । नेपालमा जनवादी आन्दोलनको उठ्दो लहरको विरुद्ध आफ्नो स्थितिलाई बलियो पार्न महाराणाले उक्त सब विदेशी शोषकहरुलाई निम्त्याइरहेको छ । के कुरो स्पष्ट छ भने जो शोषक-अंग्रेज-अमेरिकी साम्राज्यवाद र भारतीय पिछलग्गुहरुको दलाल मात्र बनेको छ । उसले भोका जनताको एउटा पनि समस्या हल गर्न सक्दैन । उसले जनताका समस्याहरुलाई बढाउन र चर्काउन मात्र सक्छ र वास्तवमा अहिले उसले यस्तै गर्दैछ ।

यस्तो भयानक थिचोमिचोको विरुद्ध नेपाली जनता आन्दोलित भएका छन् । पुजीवादी उत्पादन प्रणालीको स्थापनाले गर्दा आधुनिक समाजको सबभन्दा क्रान्तिकारी वर्ग, मजदुर वर्गको जन्म हुदैछ । घृणित महाराणाको विरुद्ध प्रजातान्त्रिक अधिकारहरुका लागि ऐतिहासिक हड्ताल-संग्रामहरुमा नेपालको मजदुर वर्गले आफ्नो क्रान्तिकारी गुणको प्रदर्शन गरिसकेको छ । नेपालको इतिहासमा सर्वप्रथम जनताले राजनीतिक अधिकारहरुको माग गरेर काठमाडौंका सडकमा प्रदर्शन गरे । फेरि, नेपालको जीवनमा पहिलोपल्ट विद्यार्थीहरुले शिक्षण संस्थाहरु

भित्र राजनीतिक सभाहरु गरे र उनीहरु नागरिक अधिकारहरुको मागलाई बुलन्द गर्दै सडक प्रदर्शनमा उत्रे । उक्त आन्दोलनलाई निर्ममतापूर्वक दबाइयो तर पनि शासक वर्गले बाध्य भएर नागरिक अधिकारहरु दिने र राजबन्दीहरु छोडी दिने कबूल गर्नुपरेको थियो । लडाकु जनताले यसलाई ठीक रुपमा महाराणा र उनको गुटको कमजोरीको स्वीकारोक्ति र आफ्नो बढ्दो ताकतको प्रमाण ठानेका छन् ।

२

दोस्रो विश्वयुद्धको अन्त्यपछि सम्पूर्ण संसार दुई शिविरमा विभाजित भएको छ-अमेरिका तथा अंग्रेज एकाधिकारी पुजीद्वारा नेतृत्व गरिएको साम्राज्यवाद, प्रतिक्रियावाद तथा युद्धको शिविर र समाजवादी सोवियत संघद्वारा नेतृत्व गरिएको साम्राज्यवादविरोधी, जनवाद तथा शान्तिको शिविर । अंग्रेज-अमेरिकी साम्राज्यवादी युद्धखोरहरुले संसारभर प्रत्येक मुलुकभित्र जनवादी शक्तिहरुको उठ्दो लहरका विरुद्ध प्रतिक्रियावादीहरुलाई सक्रिय सहयोग गरिरहेका छन् र उपनिवेश तथा अर्ध-उपनिवेशहरुका मुक्ति संघर्षहरुको विरुद्ध आक्रमणकारी युद्ध चलाइरहेका छन् । आसन्न पुजीवादी संकटबाट उम्कने र अमानवीय शोषणको आफ्नो टाटपल्टेको पुजीवादी व्यवस्थालाई जोगाउने उद्देश्यले तिनीहरुले सोवियत संघ र लोक जनवादी राज्यहरुका विरुद्ध तेस्रो विश्वयुद्ध भड्काउन हतारमा तयारी गर्दैछन् । नेपालका शासक गुटहरुले यस साम्राज्यवादी शिविरलाई खुल्ला रुपमा साथ दिएका छन् र आज प्रतिक्रियावादका इमान्दार चाकरको रुपमा काम गर्दैछन् । आफ्नो जालसाजी प्रचारयन्त्रको व्यापक प्रयोग गरेर राणाहरुले जनतालाई के विश्वास दिलाउन खोज्दैछन् भने बेलायत, अमेरिका र भारतसित भएको उनीहरुको विश्वासघाती गठबन्धनले हाम्रा जनताका लागि शान्ति सुख ल्याउने छ । स्वर्गीय प्रधानमन्त्री पद्मशम्शेर राणाले कतिसम्म पनि भनेका छन् भने नेपालमा प्रजातन्त्र स्थापना भइसकेको छ । वर्तमान प्रधानमन्त्री मोहनशम्शेर राणाले आधुनिक राज्यको रुपमा नेपालको निर्माण गर्न एक पञ्चवर्षीय योजनाको घोषणासमेत गरेका छन् । तर यी आखामा धुलो फ्याक्ने कुरा मात्र हुन् । वास्तवमा राणाहरुको तरिका अमेरिकी युद्धखोरहरुको सेवालाई नेपालमा युद्ध अखडा बनाउन दिने तरिका हो, ब्रिटिश साम्राज्यवादको रक्षामा नेपालको मानव शक्ति प्रदान गर्ने तरिका हो र नेपालको व्यापार तथा वाणिज्यमा भारतीय पुजीपति वर्ग र त्यसको नेहरु सरकारको सेवामा लगाउने तरिका हो । महाराणसित सन्धि गरेर केही अमेरिकी व्यापारिक संस्थाहरुले आगामी तीस वर्षका लागि पश्चिम नेपालका केही भागहरुलाई आफ्नो नियन्त्रणमा लिइसकेका नै छन् । काठमाडौंस्थित अमेरिकी मिशनले हाम्रो मुलुकलाई आफ्नो उपनिवेशमा परिणत गर्न जोडतोडले काम गर्दैछ ।

१८५७ देखिन् नेपालको मानव शक्तिको उपयोग गरिआएका ब्रिटिश साम्राज्यवादीहरु पनि यस निन्दनीय काममा त्यतिकै संलग्न छन् । ब्रिटिश भारतीय र नेपाल सरकारहरुका बीच नोभेम्बर ९, १९४७ मा काठमाडौंमा हस्ताक्षर गरिएको सन्धिको एउटा धारा यस प्रकारको छः- 'भारतीय सरकारले के कुरालाई सकारेको छ भने भारत वा नेपालको

कुनै ठाउमा अर्को भर्ति केन्द्र नबनेसम्म ब्रिटिश सरकारले पहिले झैं गोरखपुर र घूमका भर्ति केन्द्रहरुको प्रयोग गर्नेछ । '

उपरोक्त एउटै धाराले नेहरु सरकार र महाराणा सरकारको 'तटस्थता ' तथा 'स्वाधिनता ' सम्बन्धी कथालाई धुजाधुजा पारिदिएको छ । फेरि सो धाराले के नांगो सत्यलाई प्रमाणित गरेको छ भने नेहरु सरकार र नेपाल सरकार दुवै प्रतिक्रियावाद तथा साम्राज्यवादी युद्धशिविरमा सक्रिय सहभागी तथा चाकर हुन्।

नेपाली जनताको दूर्भाग्य यतिमा मात्र सीमित रहेको छैन । नया दिल्लीमा आफ्नो सरकारको संरक्षण तथा निर्देशन पाएको भारतीय ठूलो बन्द-व्यापारले ठूलो युद्धमा नेपालको ढोका 'खोलिरहेको ' छ । बिडला, सिंघानिया र चौधरियाले नेपालमा जुट, कपडा र चिनी मिलहरु खोलेका छन् । नेहरु सरकार आफैले कोशी योजना लिएको छ । आज नेपालमा लगानी गरिएको पुजीको अधिकांश हिस्सा भारतीय पुजीपतिहरुको छ । यी भारतीय पुजीवादी लुटेराहरु नेपालको सस्तो श्रम र प्राकृतिक साधन श्रोतहरुको शोषणमा लागेका छन् र उनीहरुको उद्देश्य आफ्नै थैली भर्नु हो, नेपालको औद्योगीकरण गर्नु होइन । किनभने उनीहरु औद्योगिकरण गर्न अनिच्छुक मात्र होइन, असमर्थन पनि छन् । यसरी नेपाली जनता दोहोरो शोषणको जातोमुनि पिसिंदैछन्- सामन्ती शोषणलाई पुजीवादी शोषणले टेवा दिंदैछ । आफ्नो प्राकृतिक अर्थतन्त्रको स्थितिबाट छुट्टिएर नेपाल अचानक विश्व-पुजीवादी अर्थतन्त्रको आधीमा पर्न गएको छ र आसन्न संकटको खतरनाक समाघातमा परेर कापिरहेको र टुटिरहेको छ । यसबाट नेपाली जनताको मुक्ति होइन, विनाश हुनेछ।

त्यसैले नेपाली जनताले एउटा भिन्नै बाटो लिनुपर्छ । त्यो बाटो हो- विश्व जनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपाल माथिको साम्राज्यवादी-पुजीवादी मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्नु अर्थात् यस्तो राज्य व्यवस्था स्थापना गर्नु जसमा जनता राष्ट्रको सम्पत्तिका मालिक हुने छन् र त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्नेछन् । विजयी समाजवादको देश सोभियत संघको अनुभव र पूर्वी युरोपका लोकजनवादी राज्यहरु, नया चीन, उत्तर कोरिया तथा अघि बढिरहेका औपनिवेशिक जनताका अनुभवहरुले नेपाली जनतालाई दिनप्रतिदिन यस गौरवपूर्ण संघर्षमा प्ररणा दिंदैछन् किनभने तिनले सर्वत्र उत्पीडित जनतालाई प्ररणादिन्छन् ।

सामन्ती व्यवस्था र नेपाल माथिको साम्राज्यवादी आधिपत्यलाई खतम पार्ने संघर्षमा मजदुर वर्गले अग्रणी भूमिका खेल्नुपरेको छ र यो इतिहासले त्यसको काधलाई हालिदिएको अभिभारा हो । आज संख्यामा थोरै भए पनि, नेपालको मजदुर वर्ग पुजीवादी शोषण तीब्र हुदै गएको सिलसिलामा दिन प्रतिदिन संख्यात्मक र राजनीतिक दृष्टिले बलियो हुदैछ । 'सोवियत संघको कम्युनिस्ट पार्टी (वो.) को इतिहास ' मा कामरेड स्टालिनले भन्नुभएको छः 'त्यसैले हामीले आफ्नो कार्यदिशाको आधार समाजका त्यस्ता अंगहरुलाई बनाउनु हुन्न जो अहिले प्रमुख शक्ति रहेता पनि,

विकसित भइरहेका छैनन् बरु हामीले त्यस्ता अंगहरुलाई आफ्नो आधार बनाउनुपर्छ जो अहिले प्रमुख शक्ति नरहे तापनि विकसित भइरहेका हुन्छन्र जसको सामू भविष्य छ । '

नेपालमा विकासशील वर्ग संघर्षप्रति यस्तो द्वन्दात्मक-भौतिकवादी दृष्टिकोणको मद्दतबाट मात्र क्रान्तिकारीहरुले सही रणनीतिको प्रतिपादन गर्न र त्यसलाई माक्र्स, एंगेल्स-लेनिन-स्टालिनको अजेय झण्डामुनि विजयसम्म बढाउन सक्नेछन् ।

हामी नेपालका, मजदुर, किसान, सिपाही, श्रमजीवी, मध्यमवर्गहरु र सारा प्रजातन्त्रपे्रमी जनतालाई के अपिल गर्छौं भने उनीहरु सामन्ती एकतन्त्रवादको विरुद्ध र आफ्ना सबै प्रिय आकांक्षाहरुका सिद्धीकरणका लागि एउटा साझा मोर्चामा एकगठ होऊन् । हामीलाई के कुरामा पूर्ण विश्वास छ भने जनवादी शक्तिहरु तलको जनवादी कार्यक्रमको आधारमा ठोस रुपले एकगठ हुनसक्छन् ः

१. सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधिनता ।

२. मजदुर, श्रमजीवी, किसान र उत्पीडित निम्नपुजीपति वर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार, जसले अंगे्रज-अमेरिकी साम्राज्यवाद र त्यसका भारतीय पिछलग्गुहरुसित सहयोगको विरोध हुन्छर जसले शान्ति तथा सबै जातिहरुको स्वतन्त्रताका लागि क्रियाशील जनवादी राज्यहरुसित सहयोग गर्दछ ।

३. बालिग मताधिकारमा आधारित संविधान जसले सर्वसाधारणलाई पूर्ण स्वतन्त्रता तथा प्रजातन्त्र र आधारभूत आर्थिक अधिकारको ग्यारेन्टी गर्दछ । विशेषाधिकारीहरु र जातपात, नस्ल र जातिको आधारमा गरिने भेदभाव कानुनद्वारा खतम पारिनेछ र यसको उल्लंघनलाई कानुनद्वारा दण्डनीय पारिनेछ ।

४. बिना मुआव्जा जमिन्दारी प्रथा र सबै खालको सामन्ती शोषणको उन्मूलन र जोताहाहरुलाई जमीनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु, कृषि मजदुरहरुलाईजीवनयोग्य ज्याला ।

५. बैंक, औद्योगिक तथा यातायात व्यवसाय, बगान, खानी आदिमा लगाइएको विदेशी पुजी राज्यद्वारा जफत गर्नु र ती व्यवसायहरुको राष्ट्रियकरण गर्नु ।

६. ठूलाठूला उद्योगहरु, ठूला बैंकहरु र बीमा कम्पनीहरुको राष्ट्रियकरण, मजदुर नियन्त्रणको ग्यारेन्टी, न्यूनतम जीवन योग्य ज्याला, आठ घण्टा कामको दिन आदि ।

७. मुलुकका साधन श्रोतहरुको विकास गर्न आर्थिक योजना र रणनैतिक आर्थिक केन्द्रबाट ठूलो व्यवसायलाई हटाउनु । निजी उद्योगहरुमा नाफा माथि नियन्त्रण ।

८. सबै दमनकारी कानुनहरु खारेज गर्नु ।

९.	नोकरशाहीको उन्मूलन र निर्वाचित अधिकारीहरुसहितको र जनसमितिहरुद्वारा निर्देशित प्रशासन ।

१०.	आम जनतालाई सशस्त्र पार्नु र जनताको जनवादी सेना स्थापना गर्नु ।

११.	स्वतन्त्र शिक्षा र अनिवार्य प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार ।

१२.	महिलाहरुलाई समान प्रजातान्त्रिक अधिकारहरु ।

जनवादी मोर्चा र यसको निर्माण गर्ने नेपाल कम्युनिस्ट पार्टीले नेपालका विश्वासघाती राजनीतिक पार्टी तथा नेताहरुको विरुद्ध दृढ रुपमा संघर्ष गर्नुपर्छ र जनताका झुठा मित्रहरुलाई निर्ममतापूर्वक उदांग र एक्लो पार्नुपर्छ । जति हदसम्म बिगार्नेहरुको विरुद्ध संघर्ष चलाई तिनलाई परास्त गरिन्छ, त्यति हदसम्म नै नेपालमा जनसंघर्षले वास्तविक क्रान्तिकारी बेग प्राप्त गर्नेछ ।

नेपाली राष्ट्रिय कांग्रेस(रेग्मी गुट र कोइराला गुट) र तथाकथित प्रजातन्त्र कांग्रेसलेनेपाली जनताका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हितहरुप्रति विश्वासघात मात्र गरेका होइनन् कि नेपालको सामन्ती निरंकुशतावादसित भारतका प्रतिक्रियावादी पुजीवादी नेहरु सरकारसित र अंग्रेजअमेरिकी युद्धखोरहरुसित सहयोग गर्ने निर्लज्ज नीतिको अनवरत रुपले अनुशरण समेत गरिरहेका छन् । आफ्ना मुखपत्र र भाषणहरुमा उनीहरुले सोभियत संघ, गौरवशाली चिनिया कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनिया जनताको बेगवान विजय, मलाया, भियतनाम, श्याम तथा इन्डोनेशियाको विरुद्ध विषालु बदनामीहरु ओकलिरहेका छन् । उनीहरुको भनाइ अनुसार महाराणाको घृणितसरकार नेपालका श्रमजीवी जनताका साझा शत्रु होइन । उनीहरुको भनाइ अनुसार, कम्युनिज्म र कम्युनिस्ष्टहरु नेपालका लागि मुख्य खतरा छन् र उनीहरु कम्युनिज्मको विरुद्ध आफ्नो ‘पवित्र अभियान ’ मा महाराणाको रक्तरञ्जित हातसित हात मिलाउन समेत इच्छुक छन् । कम्युनिज्मको विरुद्ध उनीहरुको पाखण्डी घृणामामौलिक कुरो केही पनि छैन । यो त संसारभरका जनशत्रुहरुको सुपरिचित तथा दिवालिया नीति हो । कम्युनिज्म-विरोधलाई आवरण बनाएर उनीहरु आफ्नो अपराधपूर्ण निहीत स्वार्थको रक्षा गर्न शोषित जनताको विरुद्ध लड्ने गर्दछन् ।

उदयमान मध्यमवर्गको सानो तहको प्रतिनिधित्व गर्ने रेग्मी र खूद आफैं सामन्ती मालिक रहेका असन्तुष्ट राणाहरु श्रमजीवी जनताको शोषणलाई खतम पार्नमा बिलकूल चासो राख्दैनन् । उनीहरु विद्यमान सत्तासित सम्झौता गर्न चाहन्छन् र जनताको रगत चुस्ने काममा उचित हिस्सा प्राप्त गर्न मात्र उत्सुक छन् । आफ्ना खराब उद्देश्य सिद्ध गर्नका लागि, उनीहरु जनताको वास्तविक असन्तोषसित खेलवाड गर्छन्, विरोधको टोपी लगाउछन् र नक्कली वीरता देखाउछन् । तर सदासर्वदा उनीहरु आम जनताको क्रान्तिकारी शक्ति र अग्रसरतालाई भत्काउन लागेको हुन्छ, अनि यी बाग्बहुलवीरहरु संघर्षरत जनताको पीठ पछाडि संघर्षलाई फिर्ता लिन्छन् र महाराणासित गर्हित सम्झौता गर्छन् । उनीहरुले हालसालै मात्र यसो गरेका छन् ।

कम्युनिस्टहरु श्रमजीवी जनताको संघर्षका सबभन्दा सम्झौताहीन समर्थक हुन्, त्यसैले स्वभावतः यी गद्दारहरु कम्युनिस्टहरुको विरुद्ध आफ्नो मुख्य हमलालाई केन्द्रित पार्छन् । शोषित जनताप्रतिको विश्वासघात र शोषक वर्गहरुप्रतिको अधिनस्थतालाई लुकाउन उनीहरुले 'तेस्रो बाटो ' को झुठो नारा उठाएका छन् । अंगे्रज-अम्रिकी एकाधिकारी पुजीको नेतृत्वमा रहेको पुजीवादको शिवर सोवियतसंघ तथा अन्तर्राष्ट्रिय मजदुर वर्गको नेतृत्वमा रहेको समाजवादको शिविरका माझ स्पष्ट रुपले विभाजित संसारमा कुनै 'तेस्रो बाटो ' कुनै 'मध्यम मार्ग ' को नीति हुन सक्दैन । उपर्युक्त दुई शिविरमा- दुई बाटोमा, एउटा सबैले चुन्नैपर्छ । 'तेस्रो बाटो ' को नारा प्रतिक्रियावादसितको गठबन्धन र विश्वासघाती अनुहारलाई लुकाउन प्रयोग गरिएको राजनीतिक छद्मभेष हो ।

नेहरुले 'तेस्रो बाटो ' बाट सुरु गरेर केही महिनाभित्रै उनी साम्राज्यवादी-पुजीवादी सामन्ती गठबन्धनको शिविरमा, अंगे्रज-अमेरिकी युद्धखोरहरुको शिविरमा सामेल भए । 'तेस्रो बाटो ' को अनिवार्य गन्तव्य स्थान यही हो । यो अन्तर्राष्ट्रिय सामाजिक जनवादको घृणितझण्डा हो, मजदुरवर्गप्रति विश्वासघातको झण्डा हो ।

हामी नेपालका प्रजातन्त्रवादी जनतालाई के आह्वान गर्छौं्र भने उनीहरु यी झुठा मित्रहरुबाट, यी नक्कली प्रजातन्त्रवादीहरुबाट सतर्क होउन् र उनीहरुले सोवियत संघद्वारा नेतृत्व गरिएको विश्वसाम्राज्यवादविरोधी शिविरको पक्षमा दह्रो अडान लेउन् र लोक जनवादको लागि सम्झौताहीन संघर्षलाई अघि बढाउन् ।

शोषित, पददलित जनताका पंक्तिमा रहेका दाजुभाइ दिदी बहिनीहरु हो †

संसासरका संघर्षरत जनताका नेता समाजवादी सोवियत संघका विरुद्ध हाम्रो पवित्र मातृभूमिलाईसाम्राज्यवादी युद्ध अखडामा फेर्ने अपराधी योजनालाई विफल पार्न दृढरुपमा संघर्ष गर्नु होस् † नेपालका श्रमजीवी जनताले कहिले पनि सोवियत संघको विरुद्ध संघर्ष गर्ने छैन र आफ्ना वर्गीय दाजुभाइहरुको विरुद्ध कहिले पनि हात उठाउने छैनन् ।

विदेशमा साम्राज्यवादी डकैतीको रक्षार्थ रगत बगाउन इन्कार गर्नोस् † नेपालका गरीब जनताले अरु मुलुकहरुका गरीब जनताको शोषण गर्नमा साम्राज्यवादी उपनिवेशवादीहरुलाई किन मद्दत गर्ने ? नेपालका गरीब जनताले हाम्रो मुलुक र जनतामाथि आधिपत्य जमाइरहेका उही अंगे्रज-अमेरिकी साम्राज्यवादीहरुलाई बलियो पार्न आफ्नो जीवनको बलिदान किन गर्ने ? बर्मा, मलाया र अन्य दक्षिण एसियाली मुलुकहरुका मुक्ति संघर्षको विरुद्ध लडग्न इन्कार गर्नोस्, किनभने ती मुलुकहरुका जनताहरु पनि उही मागहरुका लागि र उही शोषक वर्गहरुको विरुद्ध लडिरहेका छन्, जुन मागका लागि र जुन शोषक वर्गको विरुद्ध नेपाली जनता आफ्नो मुलुकमा लडिरहेका छन् । शोषितहरुको विरुद्ध होइन, शोषकहरुको विरुद्ध लड्न कम्मर कस्नोस् † आफ्नै दाजुभाइहरुतिर होइन, सर्वसाधारण जनताका शत्रुहरुतिर आफ्नो बन्दुक सोझ्याउनुहोस् । आफ्ना दाजुभाइहरुको विरुद्ध लड्नुको अर्थ आफ्नै दासत्वलाई बलियो पार्नु हो । घृणित महाराणा र उनका अधिकतृहरुको आदेशमा आफ्नो मुलुकका आफ्नै जनतालाई दबाउन दृढतापूर्वक इन्कार गर्नुहोस् । महाराणा र उनको सागुरो शाुसक गुटले तपाईंहरुलाई नातेदारहरुलाई भोकमरीका मुखमा हालेका छन् र अनि तपाईंहरुको अति गरीबीबाट फाइदा उठाएर, आफ्नो लुटको साम्राज्य बचाउन सशस्त्र

चारकको रुपमा तपाईंहरुलाई भर्ति गरिरहेका छन् र विदेशी साम्राज्यवादीहरुलाई भरौटेको रुपमा तपाईंहरुको बेचविखन गरिरहेका छन् । त्यस्तो सेनामा तपाईंहरुको जीवन एक सततः अपमान हो । आफ्नै भोका दाजुभाइ तथा दिदी बहिनीहरुलाई गोली हान्न इन्कार गर्नोस्, थिचाहा, शोषकहरुतर्फ आफ्नो संगीन सोझ्याउनुहोस् र आफ्ना संघर्षरत जनताको पक्ष लिनुहोस् । यो नै मुक्तिको बाटो, सम्मानको बाटो, जीवनको बाटो हो ।

नेपालका मजदुरहरु हो † तपाईंहरुले मार्च १९४७ मा आफ्ना पहिला हड्ताल-संग्रामहरुको बेलामा नै आफ्नो झण्डा विश्व सर्वहारा वर्गको अन्तर्राष्ट्रिय एकताको झण्डा उठाउनुभएको छ । निस्काशित राणाहरु र भारतको समाजवादी नेताद्वारा समर्थित कांग्रेसीनेताहरुले तपाईंहरुको वर्ग-शत्रुसितको पहिलो मुठभेडप्रति विश्वासघात गरे पनि त्यो मुलुकभर फैलियो । कांग्रेसीगद्दारहरुले औपचारिक रुपमा हड्ताल बन्द गर्ने घोषणा गरिसकेपछि पनि राजधानीमा विभिन्न विभागका सरकारी कर्मचारीहरुले बाच्नयोग्य ज्याला र कामको राम्रो अवस्थाका लागि हड्ताल गरे । अब एकताबद्ध तागतद्वारा आफ्नो संघर्षलाई अघि बढाउनका लागि, सबै जिल्लाहरुबाट प्रतिनिधिहरु राखी आफ्नो स्वतन्त्र मजदुरसंघहरु गठन गर्नुहोस् र उपर्युक्त महत्वपूर्ण मागहरुको तत्काल पूर्ति कालागि, बाच्न योग्य ज्याला, आठ घण्टा कामको दिन, कामको राम्रो अवस्था, सेवाको सुरक्षा, बुढेसकालमा भत्ता, केटाकेटीहरुको निम्ति मुफ्त शिक्षा, पूर्ण मजदुरसंघीय अधिकारहरुको कार्यान्वयनका लागि आफ्ना शक्तिहरुको परिचालन गर्नुहोस् †

मजदुरसाथीहरु हो † एकता, संगठन र संघर्षमा हाम्रो तागत रहेको छ । नया नेपाल र प्रजातान्त्रिक जीवन पद्धतिको निर्माणको लागि लालझण्डाको नेतृत्वमा नया संग्रामहरुतर्फ अघि बढ्नुहोस् ।

नेपालका श्रमजीवी किसानहरु हो †वर्तमान सामन्ती व्यवस्थाको विरुद्ध कठोर सम्झौताहीन संघर्षबाट नै तपाईंहरुको मुक्ति हुनेछ । यस गौरवशाली संघर्षमा तपाईंहरु न कमजोर हुनुहुन्छ न एक्लो । तपाईंहरु मुलुकमा अत्याधिक बहुसंख्यामा हुनुहुन्छ । वीरतापूर्ण मजदुर वर्ग यस संघर्षको अघिल्लो मोर्चामा उभिएको छ र नेपाल, भारत, पाकिस्तान तथा समस्त विश्वका सबै प्रजातान्त्रिक शक्तिहरु तपाईंहरुको साथमा छन् । लालझण्डाको नेतृत्वमा मुलुकव्यापीस्तरमा आफ्नो स्वतन्त्र जनसंगठन बनाउनुहोस् र तलका मागहरु पूरा गर्न दृढ संघर्ष चलाउनुहोस् ः

१. जमीन जोत्नेलाई देऊ †

२. खेत मजदुरहरुमा पर्ती जग्गा वितरण गर †

३. गैरकानुनी नजराना तथा बेठ-बेगारी खारेज गर †

४. तिभागा तत्काल लागू गर †

५. खेत मजदुरहरुका लागि बाच्नयोग्य ज्याला देऊ †

६. पूर्ण नागरिक स्वतन्त्रता बहाली गर †

नेपालका विद्यार्थी तथा जनवादी युवाहरु हो ! नेपालको पहिलो राष्ट्रिय संघर्षमा तपाईंहरुले गौरवशाली भूमिका खेल्नुभएको छ र प्रशस्त रगत बगाउनु भएको छ । युवा गंगालालको अमर प्राणोत्सर्गले तपाईंहरु धेरैजनालाई नया संग्राम र नया बलिदानको निम्ति अभिप्रेरितगरेको छ । १९३० का एकजना वीर श्री खड्गमान अझसम्म आफ्नो आङमा सिक्री र नेलसहित जेलमा सडिरहनुभएको छ । दैनिक परिपक्व संग्रामहरुद्वारा उक्त परम्परालाई उचाइमा उठाउने समय आएको छ र आह्वान गरिएको छ । आजसम्म तपाईंहरुको स्वतन्त्र लडाकु जनसंगठन नहुदा विश्वासघाती र अवसरवादीहरुले तपाईंहरुलाई मधधारमा अलपत्र छोड्ने मौका पाएका छन् । त्यसैले तलका मागहरुको लागि लड्न आफ्नो स्वतन्त्र, लडाकु, प्रजातान्त्रिक जनसंगठन बनाउन अघि बढनुहोस् !

१. सर्वसाधारण जनताका लागि पूर्ण प्रजातान्त्रिक अधिकारहरु ।

२. प्रजातान्त्रिक शिक्षा प्रणाली, मुफ्त, अनिवार्य प्राथमिक शिक्षा, उच्चस्तरमा सस्तो शिक्षा ।

३. पूर्ण शैक्षिक एवम् प्राज्ञिक अधिकारहरु ।

४. सच्चा स्वाधीन प्रजातन्त्र र शान्तिका लागि ।

नेपालका श्रमजीवी महिलाहरु हो ! हामी तपाईंहरुको बढ्दो संघर्ष र लडाकूपनाको स्वागत गर्दछौं । मार्च १९४७ मा विराटनगर जूट तथा कपडा मिलहरुका श्रमजीवी महिलाहरुले पुरुषहरुसित काधमा काध मिलाएर लडेका छन् । यही सालमा महिलाहरुले महाराणाको सशस्त्र आतंकलाई हाक दिंदै काठमाडौंका सडकहरुमा प्रदर्शन गरेका छन् । जनआक्रोशको बढ्दो स्तरदेखि डराएर राणा सरकारले बाध्य भई नगरपालिकीय प्रशासन जनताको हातमा सुम्पियो । तर निर्वाचनमा महिलाहरुलाई मतदान गर्ने अधिकारबाट बञ्चित पारियो । नेपालमा श्रमजीवी महिलाहरुले चुपचाप सहेर बस्न इन्कार गरे र एउटा प्रतिनिधि मण्डल बनाएर उनीहरु प्रधानमन्त्रीको निवासस्थानतिर गए । यसबाट तपाईंहरुको लड्ने तथा अधिकार प्राप्त गर्ने अठोट देखिएको छ । सामाजिक, आर्थिक तथा राजनीतिक तेहरो थिचोमिचोको विरुद्ध लड्न आफ्नो महिला संघ गठन गर्नुहोस् र सम्झौताहीन संघर्षद्वारा त्यसलाई टेवा दिनुहोस् ः

१. समान कामको लागि समान तलब !

२. राष्ट्रिय जीवनका सबै क्षेत्रमा समान अधिकारहरु ।

३. सुत्केरी सुविधा र केटाकेटीहरुका लागि सुरक्षित जीवन !

४. मुफ्त शिक्षा

५. विदेशमा साम्राज्यवादी सेनाहरुमा रहेका हाम्रा छोरा र लोग्नेहरु फिर्ता देऊ ।

६. स्वतन्त्र, लोकजनवादी नेपाल ।

अतः नेपाल कम्युनिस्ट पार्टी श्रमजीवी जनताको विकासशील संघर्षमा सहभागी बन्ने र त्यसलाई संगठित पार्ने तथा नेतृत्व दिने र त्यसलाई विजयसम्म अघि बढाउने काममा आफूलाई समर्पित गर्दछ । यसलाई सो बाटोबाट जस्तासुकै आतंक वा झूठो प्रचारले विचलित पार्न सक्नेछैन । अन्य पुजीवादी तथा निम्नुपजीवादी पार्टीहरुले पहिले जनताप्रति विश्वासघात गरेका छन् र पछि पनि गर्दैरहेनछन् । नेपाल कम्युनिस्ट पार्टी, माक्र्सवाद-लेनिनवादको मार्गदर्शनमा अघि बढेको पार्टीले क्रान्तिको आधीबेहरीमा जनताको साथ दिनेछ र यसले के प्रतिज्ञा गर्छ भने सच्चा स्वतन्त्रता तथा लोकजनवादका लागि संघर्षको अघिल्लो पंक्तिमा सदा अडिग भई लडिरहनेछ । नेपाल कम्युनिस्ट पार्टी शोषकहरुलाई ठोक्ने जनताको मुड्की हो । तसर्थ हामी मजदुर वर्ग, भूमिहीन तथा गरीब किसानहरुका सर्वोत्तम छोरा छोरीलाई र जनवादी विद्यार्थी, युवा तथा महिलाहरुलाई नेपाल कम्युनिस्ट पार्टीका जुझारु पंक्तिहरुमा सामेल हुन आह्वान गर्दछौं । किनभने एउटा बलियो, जनआधारित कम्युनिस्ट पार्टीले मात्र जनताको लोक जनवादी क्रान्तिलाई सक्षम नेतृत्वप्रदान गरी विजयसम्म अघि बढाउन सक्दछ ।

नया जनवादी कार्यक्रम

(नेपाली क्रान्तिको एकमात्र मूलबाटो)

हाम्रो युगको मूल्यांकन

हाम्रो युगको मुख्यसार पुजीवादबाट समाजवादमा संक्रमण हुनुहो । यस युगको सुत्रपात महान लेनिन र स्टालिनको नेतृत्वमा सम्पन्न भएको महान् अक्टुबर क्रान्तिले गरेको हो । आजको युग अस्ताउदो पुजीवादी र उदाउदो समाजवादी, दुई परस्परविरोधी आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक व्यवस्थाबीचको भीडन्तको युग हो । यो युग औपनिवेशिक व्यवस्थाको समाप्ति र धैरैभन्दा धैरै विश्वका जनताले समाजवाद र साम्यवादमा प्रवेश गरेको युग हो ।

महान अक्टुबर क्रान्तिबाट स्थापना भएको सोभियत संघको समाजवादी व्यवस्थालाई खतम पार्न साम्राज्यवादीहरु र तिनका दौडाहा टुकडी ‘फासिज्म ’ ले गत विश्वयुद्धको षड्यन्त्र रचे । यस घनघोर संग्राममा साम्राज्यवाद र फासिष्ट शक्ति दुवैलाई ठूलो क्षति पार्दै समाजवादले अजय शक्तिको परिचय दियो । यस विजयी समाजवादी क्रान्तिकारी लहरले विश्व पुजीवादको किल्लालाई एकपछि अर्कोलाई ढाल्दै विश्वको छ खण्डको एक खण्ड भू-भागमा समाजवादी व्यवस्था कायम ग¥यो ।

समाजवादको विजयबाट उत्साहित भई विश्व-उपनिवेशवादविरोधी राष्ट्रिय मुक्ति संग्राम तीव्र रुपले बढ्यो । आज विश्वको अर्को तिहाई भागका जनताहरुले साम्राज्यवादी दाम्लोलाई चुडालीसकेका छन् । यसरी हिजोको

साम्राज्यवादी विश्वव्यापी प्रभुता अब विश्वको एक तिहाई भू-भागका जनतामा सागुरिन गएको छ । त्यस्ता अझै साम्राज्यवादी दासत्वमा जकडिरहेका औपनिवेशिक देशहरुमा पनि त्यहाका जनता उत्तरोत्तर धैरैभन्दा धैरै संख्यामा मुक्ति संग्राममा उत्रदै छन् । यसरी साम्राज्यवादको शक्तिको पतनलाई बढ्दो विश्वव्यापी समाजवाद, स्वतन्त्रता र शान्तिको शक्तिले तीब्र रुपले अगाडि बढाउने कार्य गरेको छ ।

यस वर्षको अवधिभित्र समाजवादी व्यवस्थाले आर्थिक उत्पादन शक्ति र प्राविधिक ज्ञानले तीब्र रुपमा निरन्तर बृद्धि गरी जनताको भौतिक र सांस्कृतिक जीवनस्तरलाई अभूतपूर्व रुपले सम्बृद्धि गरिरहेको छ । विज्ञान र प्राविधिक क्षेत्रमा समाजवादी देशहरुले गरेको सफलताले समाजवादी व्यवस्थालाई विश्वव्यापी रुपमा एकमात्र समृद्धशाली र जनतालाई सुख र समृद्धि दिने व्यवस्थाको रुपमा सावित गरिसकेको छ । आज समाजवादमा नै जनताले साचो स्वतन्त्रता र जनवादी अधिकारको उपयोग गर्न पाउदारहेछन् भन्ने कुरा स्पष्ट भएको छ । समाजवादको यो प्रगतिले विश्व शान्ति, प्रगति र स्वतन्त्रताको निम्ति संघर्ष गरिरहेका विश्वका जनतालाई अपूर्वरुपले प्रभाव पारिरहेको छ ।

भरखरै साम्राज्यवादी पञ्जाबाट स्वतन्त्र भएका राष्ट्रहरुले र समाजवादी राष्ट्रहरुले समानता र मैत्रीको आधारमा जुन आर्थिक र प्राविधिक सहायता गरिरहेका छन्, त्यसले गर्दा ती राष्ट्रहरुलाई आफ्नो देशमा औद्योगीकीकरण गर्न ठूलो मद्दत मिलेको छ । यसले गर्दा एकातिर ती राष्ट्रहरुले साम्राज्यवादकै निगाहमा निर्भर रहन नपरी स्वतन्त्र आर्थिक व्यवस्था निर्माण गर्ने बाटोमा लाग्न सकेका छन् भने अर्कोतिर साम्राज्यवादको नियन्त्रणबाट आफ्नो राष्ट्रिय बजार उत्तरोत्तर सुरक्षित गर्ने उनीहरुको प्रयत्नलाई बल प्रदान गरेको छ ।

आज समाजवादी व्यवस्था सर्वतोमुखी, समृद्धशाली र विकासोन्मुख छ भने विश्व पुजीवादी व्यवस्था पतनोन्मुख छ । समाजवादको यस बढ्दो शक्तिको अस्तित्व र उसले गरेको निःस्वार्थ आर्थिक, प्राविधिक सहायता र बराबरीको मैत्री सम्बन्धले गर्दा नया स्वतन्त्र राष्ट्रहरुलाई आफ्नो स्वतन्त्रता र शान्तिको रक्षा गर्ने अनि सामाजिक प्रगतिको निम्ति निर्माण कार्यमा लाग्ने ठूलो अवसर प्रदान गरेको छ । यसले गर्दा एकातिर उपनविशवादी र साम्राज्यवादी शक्तिको विघटनाको गतिलाई झन् बढाउने कार्य गरेको छ भने अर्कोतिर समाजवादी शक्तिहरुको प्रभावलाई विश्वव्यापी रुपमा बृद्धि गराएको छ ।

समाजवादी व्यवस्थाको सम्बृद्धि र अजयताले गर्दा पुजीवादी देशमा समाजवादको स्थापनाको निम्ति संघर्ष गर्ने जनताको संघर्षलाई झन्-झन् बढ्ता प्रोत्साहित गरिरहेछ । समाजवादी देशहरुले गरेको आर्थिक, सांस्कृतिक र प्राविधिक उन्नतिहरुका प्रमाणले पुजीवादी देशका मजदुर-किसानलाई झन्झन् क्रान्तिकारी बनाउने कार्य गरिरहेछ । उनीहरुलाई पुजीवादी व्यवस्थाको विरुद्ध देशमा समाजवादको स्थापना गर्ने आन्दोलनमा उतार्न ठूलो सहायकसिद्ध भइरहेछ । यसप्रकारले पुजीवादी देशहरुभित्र शान्ति, जनवाद र समाजवादको स्थापनाका निम्ति लड्ने क्रान्तिकारी जनताको संख्या र शक्तिलाई निरन्तर बढाउने कार्य गरिरहेको छ । यसरी आज विश्वको बहुमतजनता साम्राज्यवाद र पुजीवाद शक्तिको विरोधमा, तिनीहरुले रचेको युद्धको षड्यन्त्रविरुद्ध सक्रिय रुपले संघर्षमा लागेका छन् । यी

जनता समाजवादी निर्माणको पक्षमा छन् । यस ऐतिहासिक विशिष्टताले स्पष्ट गर्दछ कि समाजवादी शक्ति अजय भएको छ । यसरी द्वितीय विश्वयुद्धपछिको मुख्य विशेषता नै विश्वमा समाजवादी व्यवस्थाको बढ्दो शक्ति र प्रभाव, अत्यन्त द्रुतगतिलेऔपनिवेशिक व्यवस्थामा खलबल पैदा हुनु त्यसको विघटन हुनु पुजीवादी राष्ट्रमा वर्ग-संघर्ष चर्कनु, निरन्तर रुपले विश्व पुजीवादको ह्रास हुनु र पुजीवादी राष्ट्रहरुबीचमा आपसी अन्तरविरोध बढ्नु हो । यसरी विश्वमा साम्राज्यवादी शक्तिभन्दा शान्ति र समाजवादको शक्ति बढ्दो छ भन्ने कुरा उत्तरोत्तर स्पष्ट हुदैछ। अन्तर्राष्ट्रिय क्षेत्रमा विश्व समाजवादी व्यवस्था आज निर्णायक भूमिका खेल्ने स्थितिमा देखापर्न आएको छ । साम्राज्यवादले जे गरे पनि यस ऐतिहासिक प्रगतिको धारलाई रोक्न सक्ने छैन । आज समाजवादी व्यवस्थाले विश्व-व्यवस्थाको रुप लिइसकेको छ । समाजवादको निर्णायक विजयको भरपर्दो आधार आज देखिन थालेको छ । समाजवादको पूर्ण विजय अवश्यम्भावी छ ।

आज समाजवादी शक्ति निरन्तर विकासोन्मुख छ भने पुजीवादी शक्ति तीव्र रुपले विघटन र ह्रासतिर बढ्दो छ । आज साम्राज्यवादी राष्ट्रहरु आफ्नो साघुरिंदै गएको बजारबाट घट्दो मुनाफालाई पूर्ति गर्न आफ्नो देशको श्रमिक वर्ग र जनताका अंगहरुको शोषणलाई झन् तीव्र गर्दैछन् । यी देशका श्रमिक वर्ग र जनताका अंगहरुको शोषणलाई झन् तीव्र गर्दैछन् । यी देशका एकाधिकार पुजीवादले सम्पूर्ण राष्ट्रिय जीवनलाई आफ्नो स्वार्थमा नियन्त्रित गरिसकेको छ । त्यहाको एकाधिकार पुजीवादले राजकीय एकाधिकार पुजी र राजकीय यन्त्रमा एकाधिकार कायम गरी देशका मजदुरवर्ग र जनताका अन्य अंगहरुको अपार रुपमा शोषण गर्दैछ ।

आज पुजीवादी व्यवस्थामा उत्पादन शक्तिहरु र उत्पादित व्यवस्थाभित्रको अन्तरविरोध तीव्र रुपले बढ्न गएको छ । यसले गर्दा यस व्यवस्थामा विज्ञान र प्राविधिक ज्ञानको उपयोग मात्र कल्याणकै निम्ति बाधाको रुपमा देखापर्न थालेको छ । पुजीवादी व्यवस्थामा मानवीय प्रतिभा र अन्वेषक शक्ति स्वयम् मानवताविरोधी कार्यमा उपयोग हुन थालेको छ । 'स्वः संचालन ' र रेसनलाइजेशन ' आदि कुरा ती देशका जनताको निम्ति विपत्तिको रुपमा देखापरेको छ, यसले गर्दा एकातिर एकाधिकार पुजीवादको नाफा बढ्दो छ भने अर्कोतिर श्रमजीवी र जनताका अन्य अंगहरुमा बेरोजगारी, गरिबी र भविष्यको अनिश्चितता दिनहु बढ्दोछ । अतः साम्राज्यवादी देशभित्रै वर्गसंघर्ष तीव्ररुपले बढ्न थालेको छ ।

विश्व पुजीवादको नाइके अमेरिकी पुजीवादको ह्रास झन् स्पष्ट रुपमा देखिन थालेको छ । अमेरिकी पुजीवाद आज आफ्नो सामथ्र्यमा भएको सम्पूर्ण उत्पादन शक्तिहरुको उपयोग गर्न असमर्थ छ । संसारको पुजीवादी राष्ट्रहरुमा धनी गनिएको संयुक्त राज्य अमेरिका आज बेकारी समस्याले पीडित छ, यसको राष्ट्रिय उत्पादन झन्झन् घट्दो छ । अमेरिकाको राष्ट्रिय उत्पादनको मात्रा यसरी घट्दो छ भने पश्चिम जर्मनी र जापानको औद्योगिक उत्पादन-मात्रा बढ्दो छ ।

यसले गर्दा पुजीवादी देशहरुबीच फेरि शोषण-क्षेत्र बजारको सवाल तीब्र रुपमा उठ्न थालेको छ । यसले गर्दा आज अमेरिकी साम्राज्यवाद विश्वको हर देशमा बजार हत्याउन एक न एक निहु राखी घुस्न पुगेको छ । अमेरिकी साम्राज्यवादको यस्तो घुसपैठले विश्व पुजीवादी गुटभित्रै आपसमा उत्तरोत्तर अन्तरविरोध बढाउन थालेको छ । यसले गर्दा यसरी आज 'स्वतन्त्र-संसार ' को एकताको बन्धन टुट्दो छ । अतः यी सबै अन्तरविरोधहरुको सामान्य रुपले विश्व पुजीवादलाई झन्झन् कमजोर पार्दै लैजाने छन् तापनि अब साम्राज्यवादीहरु बीचको एकताको विन्दु समाप्त भयो, साम्राज्यवादी शक्ति विश्व समाजवादी शक्तिको तुलनामा कमजोर छ भनी अब आर्थिक प्रतियोगिताद्वारा साम्राज्यवादी शक्तिलाई परास्त गर्न सकिन्छ र शान्तिपूर्ण तरिकाले पनि समाजवादमा संक्रमण गर्न सकिन्छ भनी सोच्नु ठूलो सैद्धान्तिक भटकाव हुनेछ । यस्तो सोचाइ आजका आधुनिक संशोधनवादीहरुको सोचाइ हो । मार्क्सवाद लेनिनवादले हामीलाई यही शिक्षा दिन्छ कि जबसम्म साम्राज्यवाद कायम रहन्छ तबसम्म आक्रमक युद्धको सम्भावना रहिनैरहन्छ । आज विश्वशक्तिमा साम्राज्यवाद, समाजवादी शक्तिको तुलनामा कमजोर देखिए तापनि, साम्राज्यवादी शक्तिले हार मानेको छैन । उसको आक्रमक चरित्रमा परिवर्तन आएको छैन । बरु क्षय हुदै गएको आफ्नो शक्तिलाई बचाई पुनः आफ्नो प्रभुत्व विश्वमा कायम गर्न हरसम्भव षड्यन्त्रकारी दौडधुपमा लागिनै रहेको छ । साम्राज्यवादी शक्तिहरु पहिलेको तुलनामा कमजोर भए तापनि विश्वको विभिन्न कुनामा आक्रामक लडाईं तथा शीतयुद्धहरु चलाइनैरहेका छन् । विभिन्न राष्ट्रहरुमा आन्तरिक मामलामा हस्तक्षेप गर्ने कार्य विभिन्न बहानाले गरिनैरहेका छन् । विश्वव्यापी प्रतिक्रियावादी मोर्चा खडा गर्न समाजवादविरोधी नाराको आधारमा अभियान चलाई विश्वव्यापी युद्धमोर्चाहरु कायम गरी समाजवादको विरुद्ध अर्को विश्वयुद्ध छेड्न प्रत्येक देशका प्रतिक्रियावादी तत्वसग साठगाठ बढाउदैछन् । आज साम्राज्यवादीहरुले फौजी सन्धिजस्तो नाटो, सेन्टो तथा सिएटो र आर्थिक सहयोगको नाममा अन्य पुजीवादी राष्ट्रहरु तथा नया स्वतन्त्र भएका एसियाली र अफ्रिकी राष्ट्रहरुलाई फसाई, आफ्नो कब्जामा पारी, साम्यवादी बढाऊलाई रोक्ने नाममा, ती देशहरुका सार्वभौमिकतामा खुला रुपले दखल गर्ने र उत्तरोत्तर त्यहाका जनतालाई दबाई प्रजातान्त्रिक अधिकारमाथि हमला गर्ने कार्यमा स्थानीय प्रतिक्रियावादीहरुको साथ दिंदै आएका छन् । साथै यस्ता विभिन्न सन्धिहरुको र सहयोग योजनाहरुद्वारा ती देशहरुमा प्रवेश गरी क्रमशः ती देशहरुको राजनीतिक र फौजी जीवनमा कब्जा जमाई समाजवादी देशहरुको वरिपरि यु ुद्ध अखडाहरुको चक्रव्यूह खडा गरेका छन् । आज अमेरिकी साम्राज्यवाद सबभन्दा युद्ध पिपासु र आतंककारीको रुपमा देखापरेको छ ।

विश्वमा कुनै पनि देशमा हुनेजनवाद र स्वतन्त्रताको हत्या र जनताको दमनको निम्ति गरिने षड्यन्त्रमा, अमेरिकी साम्राज्यवादको हात स्पष्ट देखिन थालेको छ । यसरी अमेरिकी साम्राज्यवाद आज विश्व-प्रतिक्रियावादको नाइके सबभन्दा खुखार रुपमा देखापर्न आएको छ ।

आज साम्राज्यवादी देशहरुबीच आपस्तको सागुरिएको बजारको निम्ति आपसी अन्तद्र्वन्द्व बढ्न जादा त्यो अन्तरविरोधको प्रतिक्रिया उनीहरुको फौजी गुटहरुमा पनि बेलाबखत पर्न गई त्यसको सक्रियतामा संकट देखिए

तापनि यो सबै साम्यवादको खतरा र त्यसको विरोध गर्ने अभियानको आवश्यकताको सवालमा एकता कायमै छ । अमेरिकी साम्राज्यवाद आपस्तको यस्ता अन्तरविरोधलाई कम गरी पुनः साम्यवादविरोधी नारामा एकता कायम गरी शक्ति संगठित गरी, साम्यवादविरोधी अभियानलाई सक्रिय बनाउने प्रयत्नमा क्रियाशील छ । एकवर्ष अघि भएको मनिला सम्मेलनमा अमेरिकी राष्ट्रपतिको उपस्थिति, पश्चिम जर्मनीलाई आणविक हतियारले सुसज्जित गर्ने कार्य र इजरायललाई अरब राष्ट्रहरुसग लड्न पुट दिने कार्यहरु यिनै कुराका प्रमाण हुन्।

यसरी साम्राज्यवादीहरुको बीच अन्तरविरोध भए तापनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको फैलावट रोक्ने कुरामा उनीहरुबीच एकता कायमै छ । उनीहरुको आक्रामक चरित्रमा र उद्देश्यमा कुनै परिवर्तन आएको छैन । यसै कारणले उनीहरु निःशस्त्रीकरण गर्न, आणविक हतियारको उत्पादन, परीक्षण तथा उत्पादित गरिसकेका आणविक हतियारहरुलाई नष्ट गर्न अस्वीकार गर्दैछन् । उनीहरु फौजी सन्धिहरुलाई विघटन गरी विदेशी भूमिबाट फौज आफ्नो देशमा फिर्ता गर्न मान्दैनन् । उल्टै युद्धको नया-नया कौशलहरु विकास गरिरहेका छन् । झन्झन् भयंकर मानव संहारी अस्त्रशस्त्रहरु तयार गर्नमा धन, जन र मानव प्रतिभालाई प्रयोग गरिरहेका छन् । साम्राज्यवादीहरु आज अन्तरीक्षा खोजको नाममा प्रयोग गरिने अन्तरीक्ष यानलाई युद्धवादी उपयोगिताको दृष्टिले परीक्षण गर्दैछन् ।

अतएव, साम्राज्यवादी शक्ति दिन परदिन संकुचित हुदै गए तापनि ऊ समाजवादी शक्तिको सामुन्ने आत्मसमर्पण गर्ने पक्षमा छैन । उनीहरु आपस्तको अन्तरविरोधलाई सम्याई, साम्यवाद-विरोधी नाराको आडमा शक्ति सचय गरी समाजवादी व्यवस्थालाई नष्ट गर्ने खोजमा रात दिन व्यस्त छन् ।

यसरी साम्राज्यवादी शक्तिहरु अमेरिकी साम्राज्यवादको अगुवाइमा संसारभरका प्रतिक्रियावादीलाई संगठित गरी अर्को विश्वयुद्धको रचना गरी समाजवादी शक्तिलाई थिचोमिचो गर्ने ताकमा छन् भने विश्वका शान्ति, स्वतन्त्रता र समाजवाद पक्षीय शक्ति उत्तरोत्तर संगठित जनशक्ति बढाई साम्राज्यवादी परिधिलाई सागुरो पार्दै उनीहरुका तमाम षड्यन्त्रलाई चकनाचुर पार्ने संघर्षमा जुटेका छन् । यसैले अस्ताउदो विश्वपुजीवाद र उदाउदो समाजवादी शक्तिहरुबीचको विश्वव्यापी यस संघर्षमा आज समाजवादी शक्तिले निर्णायक भूमिका खेल्ने सम्भावना देखिएको बेलामा आज फेरि अन्तर्राष्ट्रिय सर्वहारा आन्दोलनमा संशोधनवादको रोग फैलिएको छ ।

यी संशोधनवादीहरुको मुख्य चरित्र विश्वव्यापी साम्राज्यवादविरोधी शान्ति, स्वतन्त्रता र जनवादी पक्षीय शक्तिलाई उत्तरोत्तर आन्दोलित गरेमा मात्रै शान्ति, स्वतन्त्रता र समाजवादलाई अघि बढाउनको साथै साम्राज्यवादीहरुको युद्धको षड्यन्त्रलाई विफल पार्न सकिनेछ भन्ने कुरा छोडी, साम्राज्यवादीहरुको शक्ति विघटनमा र उनीहरुको आफ्नो अन्तरविरोधमा बढ्ता जोड दिई, उनीहरुको चरित्रमा परिवर्तन आयो भनी उनीहरुले गर्दै आएको युद्धको तैयारीलाई महत्व नदिई, अब उनीहरु विश्वयुद्ध छेड्न सक्तैनन्, उनीहरु पनि विश्व शान्ति चाहन्छन् भनी विश्वयुद्धको खतरापट्टि आखा चिम्लन पुग्दछन् । अर्को साम्राज्यवादीहरुको स्वभावमा पनि परिवर्तनदेखि, समाजवादमा संक्रमण शान्तिपूर्ण रुपले पनि सम्भव हुनसक्छभनी वर्गसंघर्षलाई उदासिन बनाउन पुग्दछन्।

यो आधुनिक संशोधनवादको सुरु युगोस्लाभियाको नेतृत्वबाट भई हाल सोवियत संघको नेतृत्वमा यसलाई प्रचारित गरिएको हुदा अब यसले विश्वका हर देशको कम्युनिस्ट पार्टीभित्र जड जमाएको छ । अतएव साम्राज्यवादको साथै संशोधनवाद आजको विश्व कम्युनिस्ट आन्दोलनमा एउटा नया खतरा थपिन आएको छ । नवसंशोधनवाद कम्युनिस्ट भेषमा आई कम्युनिस्ट आन्दोलनलाई नै ठण्डा पार्ने कार्य गर्ने भएको हुनालेयो झन् भयंकर छ । यसपट्टि सतर्कता अपनाई निरन्तर उनीहरुको विरुद्ध संघर्ष चलाएको खण्डमा मजदुर वर्गको पक्षमा यस युगले प्राप्त गरेको समस्त उपलब्धि नै खतरामा पर्ने अंशका खडा हुन आएको छ । दोस्रो अन्तर्राष्ट्रिय पछि देखापरेका संशोधनवादीहरुको विरुद्ध महान् लेनिनले विश्व कम्युनिस्ट आन्दोलनमा माक्र्सवाद लेनिनवादको शुद्धताका रक्षा का. माओको नेतृत्वमा चीनिया कम्युनिस्ट पार्टीले वन संशोधनवादविरोधी अभियान चलाई विश्वका कम्युनिस्ट क्रान्तिकारीहरुलाई जुन पथ प्रदर्शन गर्ने कार्य भएको छ त्यसले गर्दा नवसंशोधनवादी नेतृत्वको प्रयत्न असफल हुन गएको छ र विश्व कम्युनिस्ट आन्दोलन मुख्यतः मुक्ति आन्दोलन फेरि जागृत हुनथालेको छ । संशोधनवादी जाललाई फ्याकी विश्वका क्रान्तिकारी जनताले ठाउठाउको राष्ट्रिय मुक्ति आन्दोलनहरुमा एकपछि अर्को सफलता हासिल गर्दै अगाडि बढ्न थालेका छन् । दक्षिण पूर्व एसिया, अफ्रिका र ल्याटिन अमेरिकाली देशहरुमा क्रान्तिकारी आन्दोलन सशस्त्र संघर्षको रुप लिई प्रवले बेगले अगाडि बढ्दो छ ।

सात सालको क्रान्ति कालमा देशको स्थिति

नेपालमा राणाशाहीको उदय भारतमा अंग्रेजीसाम्राज्यवादको स्थापनाको साथै उसैका छत्रछायामा भएको थियो । नेपालका राजालाई स्थापनाको रुपमा राखी हालहुकुम सबै आफ्नो हातमा लिएर एकसय वर्षभन्दा बढी समयसम्म राणाशाहीले आफ्नो जहानिया शासन चलाए । यस लामो अवधिको शासनकालमा राणाशाहीले नेपाली जनताको सबै अंगहरुको अमानवीय शोषण गर्‍यो । देशका जंगी तथा निजामती समस्त उच्च ओहदामा राणाहरुकै नियुक्ति हुन्थ्यो । देशमा उद्योग धन्दा, शिक्षास्वास्थ्य यातायातको केही प्रबन्ध थिएन । नेपालका जनता, यातायात र शिक्षाको अभावमा, क्रूर राणा शासनद्वारा पिसिएका थिए । नेपाल जागृत विश्वदेखि अलगिएको एउटा ठूलो जेल जस्तै थियो । अनि नेपालका जनता त्यसभित्र मध्ययुगीन बर्बरता यातना भोगिरहेका थिए । देशको सम्पूर्ण आय राणा परिवारकै ऐशआराम र सुरक्षामा खर्च हुन्थ्यो। यतिले पनि नपुगेर नेपाली युवकहरुलाई अंग्रेजीपल्टनमा भर्ति हुनपठाई त्यस वापतमा पाउने ठूलो रकम समेत राणाशाही हडप गर्ने गर्दथ्यो । यसले गर्दा नेपालका मजदुर किसान, मध्यमवर्ग पुजीपतिको अतिरिक्त साम्तवर्गको एक अंग पनि राणाशाही मध्यमवर्ग पुजीपतिको अतिरिक्त सामन्तवर्गको एक अंग पनि राणाशाही व्यवस्थादेखि असन्तुष्ट थियो । समस्त नेपाली जनता राणाशाहीको शोषणबाट निसासिएका थिए । यसरी राणाशाही व्यवस्थाको सामाजिक आधार खोक्रिसेक्को थियो । द्वितीय विश्वयुद्धपछि विश्वका तीन खण्डको एक खण्डमा समाजवादी व्यवस्था स्थापनाले ल्याएको क्रान्तिकारी लहरले भारतमा अंग्रेजी शासन खतम भयो र उत्तरतिर चीनमा नया जनवादी सरकारको स्थापना हुन गयो । यी परिवर्तनले गर्दा एकातिर नेपालमा राणाशाही व्यवस्थाको जगलाई अझ कमजोर बनायो भने अर्कोतिर जनताको

क्रान्तिकारी संघर्षलाई अझ तेज गतिले अगाडि बढाउने प्रेरणा दियो र राणाशाहीविरोधी छिटफुट आन्दोलनले अब संगठित रुप लिन थाल्यो। २००७ सालमा नेपालका जनता राणाशाहीलाई ढाल्न सशस्त्र संघर्षमा उत्रे।

यद्यपि तात्कालीन नेपाली समाजको वर्गीय सम्बन्धमा मूल अन्तरविरोध मध्ययुगीन सामन्ती व्यवस्था र शोषित, मजदुर, किसानवर्गबीचको थियो तापनि किसान मजदुरको चेतनशील र सुसंगठित अवस्था न हुदा र साथै यस वर्गको हितमा नेतृत्व दिने नेपालको मजदुर वर्गको पार्टी कम्युनिस्ट पार्टी संगठनात्मक रुपले बच्चै भएकोले उदारवादी सामन्त र पुजीवादी वर्गहरु यस क्रान्तिकारी लहरबाट आआफ्नो स्वार्थपूर्ति गर्ने हेतुले क्रान्तिको झण्डा उठाई अगाडि बढेका थिए। यसरी मध्ययुगीन सामन्तविरोधी आन्दोलनमा मजदुर किसानको साथै मध्यमवर्ग, पुजीपति र राजाको साथै राणा शाहीसग असन्तुष्ट सामन्तीको एक अंगसमेत सामेल भएका थिए। उपरोक्त सबै वर्गहरु राणाशाहीको विरोधी हुनुमा मिलनविन्दु भए तापनि यी वर्गहरुको मध्ययुगीन राणाशाही सामन्ती व्यवस्थासग रहन गएको वर्गीय अन्तरविरोधको मात्रा भिन्नाभिन्नै थियो। त्यही अनुपात अनुरुप उनीहरुको सशस्त्र क्रान्तिबाट प्राप्त गर्ने लक्ष्य पनि भिन्नाभिन्नै थियो।

देशका उदारवादी सामन्त जो राजाको नेतृत्वमा क्रान्तिमा सामेल भएका थिए उनीहरु राणाशाहीलाई समाप्त गरी राजाको नेतृत्वमार हातमा हालहुकुमगराई प्रशासनमा हिस्सा लिन चाहन्थे। नेपालको पुजीपति वर्गको पार्टी नेपाली कांग्रेस देशमा वैधानिक राजतन्त्र स्थापना गरी राज्यको हालहूकुमआफ्नो हातमा लिन चाहन्थ्यो। नेपालका मजदुर वर्गको पार्टी कम्युनिस्ट पार्टी संगठनात्मक रुपले बच्चै भए तापनि क्रान्तिलाई पूर्णरुपले अगाडि बढाई सामन्तवादलाई उखेली फाल्ने प्रयत्नमा थियो, जसबाट देशका मजदुर, किसान, मध्यमवर्ग राष्ट्रिय पुजीपतिको स्वार्थको प्रतिनिधित्व गरी देशको सामन्ती व्यवस्थालाई खतम गरी देशमा मजदुर वर्गको नेतृत्वमा एउटा यस्तो जनवादी सरकार गठन गर्न चाहन्थ्यो। त्यसअनुसार, पार्टीले एउटा कार्यक्रम प्रस्तुत ग¥यो, जसमा किसानलाई जमिन वितरण गर्ने, सरकारी कर्मचारी र मजदुरहरुको तलब र ज्याला बाच्नलायकको स्तरमा बृद्धि गर्ने, नेपालबाट विदेशी एकाधिकार पुजीलाई खतम गर्ने, जनताको शिक्षाको निम्ति व्यापक रुपमा स्कूल कलेजको प्रबन्ध गर्ने, देशमा विद्यमान गरिबी, भूखमरी र बेरोजगारलाई हटाउने र समस्त असमान सन्धिहरु रद्द गरी स्वतन्त्र मैत्री र शान्तिको वैदेशिक नीति अपनाउने उद्देश्य उल्लेखित थियो।

यसरी संगठनात्मक रुपले बच्चै भए तापनि नेपाल कम्युनिस्ट पार्टी क्रान्तिमा संलग्न भई क्रान्तिकारी जनताको बीच पुगी क्रान्तिलाई सही लक्षतिर पे्ररितगर्न साहसपूर्वक अघि बढ्यो। यसले गर्दा क्रान्तिकारी संघर्ष र राजा र नेपाली कांगे्रसकानेताले निश्चित गरेको सीमाभित्र मात्रै सीमित रहेन। यसरी बढ्दो आन्दोलनले कहींकहीं इलाकीय सामन्ती शोषणको विरुद्ध पनि काम कार्यवाही गर्न थाले। सामन्तीहरुको भकारी तथा बेरी फोरी भोका जनताबीच वितरण गर्ने, सामन्तीहरुको जग्गा खोसी जोताहाहरुमा वितरण गर्ने, सामन्तहरुलाई जनअदालतमा मुद्दा चलाई दण्डकुण्ड गर्ने, जाली तमसुक च्यात्ने आदि कार्य हुनथाल्यो। यसले गर्दा ठाउठाउमा सामन्तहमरु शोषणस्थल छोडी भाग्न थाले। यसरी राणाशाहीको जहानिया शासनलाई मात्र खतम गर्ने लक्ष्य राखी राजा र नेपाली कांगे्रसबाट

चलाइएको आन्दोलन सामन्ती व्यवस्थाकै विरोधमा बढ्दै जान थाल्यो र साथै संगठनात्मक रुपले सानै भए तापनि नेपाल कम्युनिस्ट पार्टी पनि यस क्रान्तिलाई तीब्र रुपले अगाडि बढाउने लक्ष्य लिएर उत्तरोत्तर आन्दोलनमा बढ्दै आएको देखि राजाको नेतृत्वमाआन्दोलनमा सामेल भएका उदारवादी सामन्ती तत्वहरु जो, क्रान्तिलाई राणाशाहीको जहानिया शासनलाई मात्रै अन्त गर्ने कार्यमा सीमित राख्न चाहन्थ्थे र नेपालको पुजीपति जसको भूमिसग घनिष्ट सम्बन्ध पनि कायमै छ, त्यसको पार्टी नेपाली कांगे्रसको नेतृत्व यसरी आन्दोलन सम्पूर्ण सामन्ती व्यवस्थाकै विरुद्ध बढ्दै गएर यस आन्दोलनको नेतृत्व क्रमशः कम्युनिस्ट पार्टीको हातमा जाने डरले आत्तिन थाले । यस स्थितिले गर्दा तबसम्म क्रान्तिको नेतृत्व गरिरहेको यी तत्वहरुको पृष्ठपोषक भारतीय एकाधिकार पुजीवाद पनि भयभित भयो । उनीहरु राणाशाहीसग सम्झौता गरी क्रान्तिले सामन्ती व्यवस्थाविरोधी व्यापक रुप लिई जनतामा जरो गाड्न नपाओस् भनी बीचैमा रोक्ने प्रयत्नमा लागे । फलतः नेपाली कांगे्रसकानेता, नेपालका राजा त्रिभुवन तथा राणाशाहीको बीच भारतीय एकाधिकार पुजीवादको मध्यस्थतामा दिल्ली सम्झौता भयो । यसरी नेपाली समाजमा रहेको अध्ययुगीन सामन्ती व्यवस्थाको मूल विरोधी वर्ग मजदुर किसान वर्गलाई सही नेतृत्व गर्ने शक्तिलाई कम्युनिस्ट पार्टीको अभावमा नेपालका उदारवादी सामन्ती वर्ग र ढुलमुल पुजीपति वर्गको नेतृत्वबाट सञ्चालित भएको क्रान्ति अगाडि बढी आफ्नो लक्ष्यसम्म पुग्न पाएन । राजा, उदारवादी सामन्ती र पुजीवादी पार्टी तथा अनुदारवादी सामन्ती राणाशाहीबीच दिल्लीसम्झौता गरी क्रान्तिलाई धोका दिई सामन्ती व्यवस्थालाई बचाउने कार्य भयो । त्यसपछि ‘भारतका प्रधानमन्त्रीको आदेश स्वीकार गर्दछौं ?’ भनी राजा त्रिभुवनले सम्झौताको घोषणा गरे । फागुन ७ गते राणा कांगे्रसकासंयुक्त मन्त्रीमण्डलको गठन भयो ।

क्रान्तिमा लागेका सामन्तवादविरोधी क्रान्तिकारी जनतामा यस सम्झौताबाट व्यापक असन्तोष पैदा भयो । कहीं कहीं त क्रान्तिकारी दस्ताले हतियार छोड्न पनि मानेनन् । यत्रतत्र असन्तोष भए तापनि आम जनतामा कम्युनिस्ट सिद्धान्त र पार्टीको प्रचारको अभाव र संगठनात्मक रुपले पनि पार्टी बच्चै भएको हुनाले पार्टीको हातमा कार्यक्रम भएर पनि फैलदों असन्तोषलाई संगठित गरी क्रान्तिलाई पार्टीको नेतृत्वमा अगाडि बढाउन असफल भयो । पार्टी प्रचारात्मक आन्दोलनमै सीमित रह्यो । यस्तो मौका छोपी फैलंदो असन्तोषलाई ठण्डा पार्न, राजा त्रिभुवनले एक अन्तरिम विधानको घोषणा, निम्न उल्लेखित वक्तव्यको साथै गरे– ‘हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरुले निर्वाचन गरेको एक विधानसभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्य सम्पादन गर्नमा मद्दत र सल्लाह दिनका निम्ति एक संयुक्त मन्त्रीमण्डलको गठन गरीबक्सेका छौं ।’ यसरी यस सम्झौताद्वारा राजाले सय वर्ष अगाडि राणाशाहीले खोसी राखेको हालहुकुमहात पारे भने नेपालको पुजीवादी पार्टीलाई संयुक्त मन्त्रीमण्डलमा हिस्सा दिई संविधानसभाको दुई वर्षपछि चुनाव गरी त्यसद्वारा निर्मित विधानअन्तर्गत संसदीय व्यवस्थाको स्थापना गरी वैधानिक राजतन्त्रको स्थापना गर्ने आश्वासन राजाले दिए ।

राणाशाहीको अन्तपछि राजनीतिको शक्तिको भूमिका

नेपालमा राणा परिवारको एकलौटी शासनको अन्तपछि अन्तरिम विधानअन्तर्गत पार्टीगत व्यवस्था अपनाइएकोले मजदुर, पुजीपति, उदारवादी सामन्त र अनुदारवादी सामन्तवर्गहरु संगठित रुपले नेपालको राजनीतिक रंगमञ्चमा देखा परेतापनि स्पष्ट रुपमा सामन्ती, पुजीपति र मजदुर किसान यी तीन शक्ति क्रियाशील रुपमा देखापर्न थाले । यसरी नेपालको इतिहासमा पहिलोचोटी चेतन र संगठित वर्गसंघर्ष सुरु हुन्छ। यी वर्गहरुको आपसी अन्तरविरोधको अनुपातमा रहन गएको यिनीहरुको वर्गीय स्थितिअनुसार २००७ सालको क्रान्तिको उपलब्धिलाई आफ्नो वर्गीय स्वार्थ अनुरुप उपयोग गर्ने र विस्तार समेत गर्ने प्रयत्नमा यी वर्गहरु लाग्दछन् ।

यस्तो स्थितिमा नेपालको मजदुर वर्गको पार्टी, नेपाल कम्युनिस्ट पार्टी दिल्ली सम्झौताबाट असन्तुष्ट सामन्ती व्यवस्थाविरोधी जनतालाई संगठित गर्न र सामन्ती व्यवस्था विरोधीवर्ग संघर्षलाई बढाउदै उनीहरुको अधुरो इच्छा र आकांक्षालाई सफलीभूत पार्न- ‘दिल्ली सम्झौता सामन्ती व्यवस्थालाई बचाउन गरिएको हो, यो धोका हो † धोकेवाज नेता र राजाबाट देशमा सामन्ती व्यवस्था खतम गरी जनपक्षीय राजतन्त्र स्थापना हुदैन भनी नया जनवादी कार्यक्रम प्रस्तुत गर्दै संयुक्त सरकारबाट राणाशाहीलाई हटाउने ’ , अन्तरिम अवधिको निम्ति एक सर्वदलीय राजनीतिक सल्लाहकार सभा गठन गरी त्यसैप्रति उत्तरदायी हुने संयुक्त मन्त्रीमण्डलको गठन गर्ने घोषणा, म्यादभित्रै संविधानसभाको चुनाव गर्ने आदि कुराको माग प्रस्तुत गरी जनआन्दोलनको नेतृत्व गर्ने कार्यनीति लिएर अगाडि बढ्यो ।

राणाशाहीको हातबाट भरखरै हालहुकुमहत्याएका राजा जनताको उर्लदो सामन्ती व्यवस्थाविरोधी र प्रजातन्त्र पक्षीय भावनाबाट भयभित थिए । उनी आफ्नै हातमा आएको शक्तिलाई सुदृढ गर्न भरपर्दो वर्ग सामन्ती वर्ग नै देखि देशमा सामन्ती तत्वहरुलाई भेला गर्न उनीहरुलाई प्रशासनमा कायम राख्दै आफ्नो नेतृत्वको विश्वास दिलाउने प्रयत्नमा लागे । राजा त्रिभुवनले मोहन शमशेरलाई ‘हाम्रो योग्य तथा परम विश्वासी ’ भन्ने संज्ञा दिनाको मतलब देशको सबै सामन्त वर्गलाई उनको नेतृत्वमा विश्वास गरी संगठित हुन आएमा नोक्सान छैन भन्ने इसारा थियो । यसरी सामन्त वर्गको आडमा नेपालका जनताले सामन्ती हुकुमशाही व्यवस्थाको विरोधमा लडी प्राप्त गरेको सीमित राजनीतिक अधिकार विशेषगरी जनताको विधान बनाउने अधिकारलाई खोस्ने षड्यन्त्रमा लागे । कम्युनिस्ट पार्टीले यी सबै कुरालाई भण्डाफोर गर्दै नेपाल अघि बढ्यो । यद्यपि क्रान्तिकारी वर्गहरुलाई संगठित गर्ने र उनीहरुलाई आन्दोलित गर्ने कार्यक्रम लिएर क्रियाशील रुपमा उत्रे ता पनि यो संगठनात्मक रुपले कमजोरै थियो । अतः यसले नेपाली समाजको मूल अन्तरविरोध सामन्ती व्यवस्था र आम किसान जनताबीचको संघर्षलाई त्यसमात्रामा चर्काउन सकेन जसमा बढ्दो जनआन्दोलनबाट हुने क्रान्तिकारी अवस्थाबाट भयभित भई पूजीपति वर्ग र सामन्ती वर्गहरु आफ्नो बीचको अन्तरविरोधलाई गौण बनाउदछ । यसकारण ००७ सालको क्रान्तिको साझेदार नेतृत्वराजा र नेपाली कांग्रेसनै प्रतिद्वन्द्वीको रुपमा देखापरे । नेपाली कांग्रेस२००७ सालको सत्तासंघर्षमा नेतृत्वमा रही आएकोले यसको तत्काल क्रान्तिकारी सेना र जनतामा प्रभाव हुनाकोसाथै भारतीय पुजीवादी सरकारसग पनि राम्रो गठबन्धन थियो । यसलाई कमजोर नपारी र जनताबाट अलग नगरी संविधानसभाको सवाललाई पचाउन राजालाई

कठिन थियो । अतः राजा एकातिर यस पार्टीभित्र भएको अवसरवादी तत्वलाई लिई फुट पार्ने प्रयत्नमा लागे भने अर्कोतिर तथाकथित प्रजाताीन्त्रक पार्टीहरुलाई नेपाली कांगे्रसमाफुट पैदा गर्ने र यस्ता पार्टीहरुद्वारा जनताको आशालाई राजदरबारमा केन्द्रित गर्ने कार्य गराउन लागे । जनताको तीब्र विरोध भएपछि राजा-राणाकांगे्रससंयुक्त मन्त्रिमण्ठलमा गएपछि मातृकाप्रसाद कोइरालाले नया पार्टीको घोषणा गरी राजदरबारलाई साथ दिए । यसरी राजाले एक लामो अवधिसम्म नेपाली कांगे्रसलाईप्रशासनयन्त्रदेखि अलग राख्नुको साथै राजाले आफ्नो इशारामा नाच्ने तथाकथित प्रजातन्त्रवादी पार्टीहरुको कहिले मन्त्रिमण्डल गठन गर्ने कहिले प्रत्यक्ष शासन चलाउने गरी क्रमशः देशको सर्वोच्च न्यायाधीश, सेनाको सर्वोच्च सेनापति आफैं बन्नुको साथै देशको करिवन आधी सेना रोयल गार्डको रुपमा राजदरबारमा राख्ने व्यवस्था गरे । यसरी राजा यी तथाकथित प्रजातान्त्रिक पार्टी भनाउदाहरुको सहयोगद्वारा शक्तिशाली हुदै गए । राजाको यो षड्यन्त्र जनताको नजरबाट छोप्न यी पार्टीहरु राजाको उदारतामा जनताको विश्वास जगाउन, राजा, राष्ट्रिय एकताका प्रतीक प्रजातन्त्रका प्रहरी आदिको मनगढन्ते विशेषणले राजालाई विभूषित गर्दै झुठा प्रचार जनतामा फैलाउने काम गरे । साथै संविधानसभाको चुनाव नगराउने राजाको षड्यन्त्रलाई सफल पार्ने एक देशमा दुईसम्प्रभु शक्ति रहन सक्दैन, अब संविधानसभाको चुनाव गर्नु हुदैन। राजाले दिएको विधानअनुसार संसदको चुनाव हुनुपर्दछ भन्ने आदि कुरा एकपछि अर्को यी तथाकथित प्रजातन्त्रवादी भनाउदा पार्टीहरुले मन्त्रीमण्डल पाउने बित्तिकै बक्न थाले । यसबीच राजाले एकातिर राज्यव्यापी भ्रमण गरी यसरी यी तथाकथित प्रजाताीन्त्रक पार्टीबाट फैलाएको भ्रमलाई संगठित गर्ने कार्य गरे भने अर्कोतिर अन्तर्राष्ट्रिय भ्रमण गरी नेपाललाई कम्युनिस्ट खतराबाट बचाउन सक्ने एकमात्र व्यक्तिको रुपमा विश्व पुजीवादका नेताहरुको विश्वास प्राप्त गर्ने प्रयत्नमा लागे ।

देशमा देखापरेको यस्तो राजनीतिक स्थितिमा नेपाल कम्युनिस्ट पार्टीले आफ्नो कार्यक्रम र कार्यनीति अनुसार किसान संघर्ष बढाई नेपाली समाजको मूल अन्तरविरोधलाई बढाई सामन्त र पुजीवादी शक्तिको जनविरोधी षड्यन्त्र र अवसरवादी नीतिलाई चकनाचुर पार्ने नीति अख्तियार ग¥यो । नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा विभिन्न प्रगतिशील वर्गहरुले आआफ्नो जनवर्गीय संगठनमा संगठित भई आआफ्ना मागहरुको साथै संविधानसभाको चुनाव म्यादभित्रै गराउने राजनीतिक माग लिएर जनसंघर्षमा अगाडि बढ्न थाले । नेपालका मुख्य मुख्य स्थानहरुमा किसान आन्दोलन भए, किसान संघर्षले देशव्यापी रुप लियो । विद्यार्थी आन्दोलन र न्यून वैतनिक कर्मचारीजस्ता संघर्षहरु राजधानीमा भए । यसरी सामन्ती व्यवस्थाविरोधी आन्दोलन बढाउने कामले गर्दा कम्युनिस्ट पार्टीको जनआधार बढ्दै गयो भने नेपाली कांगे्रस बढ्दो किसान, विद्यार्थी, बुद्धिजीवीहरुका संगठनहरुबाट चलाइएको संघर्षदेखि विमुख भई सामन्ती वर्गसग छलफल र सम्झौताको नीति अख्तियार गर्दै कुटनीतिक दबाबद्वारा दरबारिया राजनीतिमा प्रवेश गर्न थाल्यो ।

राजाले नेपाली कांगे्रसलाईयसरी प्रशासनिक यन्त्रदेखि अलग राखी देशको सम्पूर्ण राजशक्ति आफ्नो हातमा केन्द्रित गर्दै जादा सुरुसुरुमा नेपाली कांगे्रसकानेताहरु ‘कालो-कानुन दिवस ’ जस्ता आन्दोलनमा कम्युनिस्ट

पार्टीसग पनि मिली आन्दोलनमा सामेल भएका थिए । तर बढ्दो आन्दोलनले कम्युनिस्ट पार्टीको नेतृत्वमा भइरहेको सामन्ती व्यवस्थाविरोधी आन्दोलनलाई नै बल पु¥यायो भनी आन्दोलनबाट भयभित भएका उदारवादी, अनुदारवादी दुवै प्रकारका सामन्ती जमातहरु राजदरबारमा संगठित हुदै गएपछि यो तत्वहरुलाई आफ्नो नेतृत्वमा वर्ग सुरक्षाको आश्वासन दिंदै उनीहरुलाई आफूपट्टि आकर्षण गर्न नेपाली कांग्रेसले आफ्नो भूमिसम्बन्धी नीतिलाई सामन्त वर्गलाई सहुलियत दिने खालको रुपमा संशोधन गर्दछ । त्यसपछि जनआन्दोलनको बाटो त्यागी 'राजालाई प्रतिक्रियावादको घेराबाट मुक्त गर्नुपर्दछ' भन्ने नाराको आडमा दरबारिया राजनीतिमा प्रवेश गर्दछ । साथै राजाले प्राप्त गरेको भारतीय एकाधिकार पुजीपतिको समर्थनलाई आफूपट्टि आकर्षण गर्न नेपालमा 'बढ्दो कम्युनिस्ट खतरा' भन्ने दुहाई बोल्न थाल्दछ । यसरी नेपाली कांग्रेसराष्ट्रिय क्षेत्रमा सामन्तवर्गसग सम्झौता र अन्तर्राष्ट्रिय क्षेत्रमा कम्युनिस्ट विरोधी नारा उठाई विदेशी एकाधिकार पुजीवादको विश्वास प्राप्त गरी राजालाई कुटनीतिक दबाबद्वारा कम्युनिस्टको प्रभावलाई नष्ट गर्ने नाममा प्रशासन यन्त्र कब्जा गर्ने नीति लिन थाल्दछ । यसै नीतिअन्तर्गत नेपाली कांग्रेसका नेताहरु पनि राजालाई खुशी पारी शासन हत्याउने उद्देश्यले दरबारको इशारामा नाच्ने तथाकथित प्रजातन्त्रीय पार्टीहरुकै स्वरमा स्वर मिलाई जनअधिकारको विरुद्ध षड्यन्त्रमा लागेका राजाको चरित्रप्रति जनतामा भ्रम फैलाउन थाल्दछन् ।

यसरी ००७ सालको क्रान्तिपछि संविधानसभाको प्रश्नलाई लिई नेपालका सामन्तवर्गका नेता राजा र नेपालको पुजीवादी वर्गको पार्टी नेपाली कांग्रेसले जनआन्दोलनको बाटो छाडी देशको प्रतिक्रियावादी सत्ता सामन्ती वर्गको समक्ष घुडा टेकी उसलाई खुशी पार्न दरबारिया राजनीतिमा प्रवेश ग¥यो । उसको यस प्रवेशले गर्दा क्रान्तिबाट प्राप्त नया संविधान निर्माण गर्ने जनताको एकमात्र अधिकार हरण हुने आशंका स्पष्ट रुपमा देखाप¥यो । यसप्रति ध्यान दिई नेपाल कम्युनिस्ट पार्टीको द्वितीय महाधिवेशनले संविधानसभाको मागलाई जबर्जस्त रुपमा उठाई सामन्तविरोधी नाराको आधारमा जनतालाई संघर्षमा उठाउने तात्कालीन नीतिको निर्देशन दियो ।

तर रायमाझी नेतृत्वमा पनपी–रहेको कम्युनिस्ट पार्टीको संशोधनवादी नेतृत्वले संविधानसभाको चुनावको निम्ति संघर्ष सञ्चालन गर्नुसट्टा उनीहरुले पनि देशको सामन्ती प्रतिक्रियावादी नेतासग मिली खुला रुपले यो प्रचार गर्न थाले कि 'राजा संसद्को पनि चुनाव नगराउने पक्षमा भएको हुदा हामीले संविधानसभाको कुरा नउठाई संसद्कै चुनाव गराउनमा जोड दिनुपर्दछ ।' यसो गर्दै संशोधनवादी नेतृत्वले पनि जनआन्दोलन र वर्गसंघर्षको बाटो छोडी दरबारिया राजनीतिमा प्रवेश गर्न, राजालाई प्रजातन्त्रका प्रहरी, राष्ट्रिय एकताका प्रतीक आदि कुराले विभूषित गरी राजाको चाकडी देखाउन मानपत्रसम्म चढाउन पुगे । संशोधनवादी नेतृत्वकोयस नीतिले गर्दा एकातिर प्रजातान्त्रिक आन्दोलनमा मजदुर वर्गको बढ्दो भूमिकालाई खतम गर्ने काम ग¥यो भने अर्कोतिर अन्तर्राष्ट्रिय पुजीवादको निर्देशनमा बढ्दो कम्युनिस्ट आन्दोलनलाई रोक्न नेपालका पुजीवादी वर्ग र सामन्तवर्ग बीच संविधानसभाको चुनावको सम्झौता गराउने षड्यन्त्रलाई सफल हुनमद्दत पु¥यायो ।

यसरी हाम्रो देशका पुजीपति वर्गको सम्झौतापरस्त नीति र कम्युनिस्ट आन्दोलनमा देखापरेको संशोधनवादी नेतृत्वकोप्रभावले गर्दा राजाले अन्तरिम विधानमा घोषित जनताको विधान बनाउने अधिकारलाई खाई ००७ सालको क्रान्तिको जनपक्षीय उपलब्धिलाई सम्पूर्ण रुपले आफ्नो राजतन्त्रीय व्यवस्थालाई मजबूदत पार्ने काममा उपयोग गर्न सफल भए ।

भद्र अवज्ञा आन्दोलनको समय यस सम्झौता अन्तर्गत राजाले नेपाली कांग्रेसमेतलाईमन्त्रीमण्डलमा सरिक गराउने मञ्जुरी दिन्छन् र नेपाली कांग्रेसले पनि संविधानसभाको मागलाई छोडिदिने कार्य गर्दछ । आफ्नो राजतन्त्रीय व्यवस्थालाई मजबुद पार्ने काममा उपयोग गर्न दरबार सफल भयो । सम्झौताअनुसार राजाले आजसम्म मन्त्रीमण्डलदेखि बञ्चित गरेको नेपाली कांग्रेसलाईमन्त्रीमण्डलको नेतृत्व गर्ने आह्वान गर्दछ र देशमा संसद्को चुनाव गर्ने तिथीको पनि घोषणा हुन्छ।

आम चुनावपछिको राजनीतिक स्थिति

भद्रअवज्ञा आन्दोलनको दौरानमा राजा र नेपाली कांग्रेसकानेताहरुबीच भएको सम्झौताको फलस्वरुप २०१५ साल फाल्गुण ७ गते नेपालमा संविधानसभाको सट्टा संसद्को चुनाव सुरु भयो । यस चुनावमा पनि प्रजातन्त्रीय शक्तिले पर्याप्त रुपले बहुमतप्राप्त गर्न नसकोस् भन्ने राजाको नीति रहन्छ । गोरखा परिषद् र राजाको इसाराबाट संचालित तथाकथित प्रजातन्त्रीय शक्तिलाई विभाजित गर्ने चाल लगाई चुनाव अभियानमा उत्रे । चुनावको परिणाममा नेपाली कांग्रेसलेबहुमतप्राप्त गर्‍यो । राजदरबारको आडमा उभिने तथाकथित प्रजातन्त्रीय पार्टी भनाउदाहरुले र अनुदार सामन्ती पार्टी गोरखा–परिषद्ले ठूलो हार खाए । नेपाल कम्युनिस्ट पार्टी संशोधनवादी नेतृत्वको प्रभावमा गई वर्गसंघर्षबाट विमुख रहेको हुदा आठ प्रतिशत भोट मात्र प्राप्त गर्न सक्यो । नेपाली कांग्रेसकोसरकार बन्यो । यसले गर्दा कम्युनिस्ट पार्टीले सानै शक्तिमा संसद्मा प्रतिनिधित्व गरे तापनि देशमा सामन्ती व्यवस्थाविरोधी जनताका अंगहरुको नेतृत्व गरी जनआन्दोलनलाई बढाउने कार्यमा र संसद दुवैमा जनताबीच विरोधी भूमिका खेल्ने ठूलो सम्भावना पैदा गरिदिएको थियो । तर राजदरबारको नेतृत्वमा संगठित सामन्तवाद र यसको आडमा खडा भएका प्रजातान्त्रिक भनाउदा पार्टीहरुलाई यो मान्य भएन । उनीहरु पुनः राजदरबारको नेतृत्वमा एकत्र भई राजाको इशारामा संसद्लाई विघटन गर्ने एकपछि अर्को षड्यन्त्रमा राजालाई सहयोग गर्न थाले । आम चुनावपछि तुरुन्तै उनीहरु जनतामा भ्रम फैलाउन चुनाव धाधलीपूर्ण रुपले भएको छ भनी निष्पक्ष जाच कमिसनको माग गर्दै जुलुसर सभाको आयोजना गर्न थाले । राजधानी काठमाडौंमा यी तथाकथित प्रजातन्त्रीय पार्टीहरुको संयुक्त प्रयासले ‘जनहित संघ ’ खोली संसद्बाट पारित हुनलागेको ‘बिर्ताखारेज विधेयक ’ जस्ता भूमिकासम्बन्धमा उपरी सुधार ल्याउने विधेयकको विरोधमा समेत जुलुस प्रदर्शन हुनथाल्यो । गोरखा तथा बझाङ्गमा सामन्तहरुले अशान्तिको वातावरण खडा गरी राजालाई प्रजातान्त्रिक व्यवस्थामा हस्तक्षेप गर्ने पृष्ठभूमिबनाउन अड्डा कब्जा गरी संसदीय सरकारको विरोधमा उत्रन थाले । पश्चिम १ नम्बरमा किसान आन्दोलनबाट भागेका सामन्तहरुले राजदरबारसमक्ष संसदीय सरकारको विघटनको माग गर्दै प्रदर्शन गर्न थाले । संयुक्त प्रजातन्त्र पार्टीका नेता के.आई. सिंहले सर्वोच्च

न्यायलयमा सम्पूर्ण निर्वाचन खारेज गर्नको निम्ति मुद्दा दायर गरे । यसरी यी तमाम कार्यहरु राजदरबारको इशारामा गरी एकातिर देशमा स्थापित संसदको अस्तित्वलाई अनिश्चित देखाई यसमा जनताको अनास्था सिर्जना गर्ने कार्य गर्न थाले भने अर्कोतिर राजाको इशारामा देशमा अशान्तमय वातावरण तयार गरी शान्ति र सुव्यवस्थाको नाममा राजालाई हस्तक्षेप गर्ने आग्रह गर्नथाले । यसरी चारैतिरबाट संसदको विघटन गर्नको निम्ति राजाको नेतृत्वमाभेला भएका सामन्त वर्ग र राजदरबारको इशारामा चल्ने तथाकथित प्रजातान्त्रिक पार्टीहरुले संयुक्त भएर षडयन्त्र गरिरहेको बखतमा देशका सच्चा प्रजातान्त्रिक शक्तिहरुलाई एकजुट गरी संसद्को सुरक्षाको काममा आन्दोलन खडा गरी सामन्त वर्गसगको अन्तरविरोधलाई तेज गर्नुको सट्टा उल्टो नेपाली कांग्रेसकोसरकारले यस्ता उठ्ने जनआन्दोलनलाई दबाउने नीति लियो । प.१ नं. मा किसान आन्दोलन दबाउन पुलिस र फौज पठायो । दाङ, मध्य गण्डक, काठमाडौं र पूर्व १ नं. मा मोहियानी हकको निम्ति भएका किसान आन्दोलनमा गोलीसम्म चलाई दबाउने कार्य ग¥यो । राजदरबारको इशारामा प्रतिक्रियावादी शक्तिले गरेको षड्यन्त्रको विरुद्ध जनआन्दोलन मुख्यतः उठ्दो किसान आन्दोलन बढाई सामन्ती षड्यन्त्रलाई छिन्नभिन्न पार्ने नीति नेपाली कांग्रेसलेलिएन । उल्टो यस षड्यन्त्रबाट बच्न फेरि अन्तर्राष्ट्रिय पुजीवादी शक्तिमा नै आश्रित हुन पुग्यो । विदेशी एकाधिकार पुजीलाई बढीभन्दा बढी सुविधा प्रदान गरी उनीहरुलाई छिट्टै नेपालमा प्रवेश गराई उनीहरुकै शक्तिको आडमा शक्ति सन्तुलन बनाउने हेतुले जनताको तीव्र विरोध हुदाहुदै पनि ‘गण्डक सम्झौता ’ ग¥यो र भारतीय एकाधिकार पुजीलाई आमन्त्रण गर्न थाल्यो । भइरहेका आन्दोलनको विरोध गरी जनविरोधी नीति अख्तियार ग¥यो । यसले गर्दा सामन्त वर्गलाई नेपाली कांग्रेसकोराष्ट्रहितविरोधी नीति जनसमक्ष लगी आफ्नो षड्यन्त्रलाई राष्ट्रिय भावनाको रंगमा लुकाई सफल गर्ने सुअवसर प्रदान ग¥यो ।

नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय नेतृत्वले यस आउदा खतरालाई सही मूल्यांकन गरी राजाद्वारा संसदको विघटन गर्ने आशंकालाई व्यक्त गर्दै प्रजातन्त्रको रक्षानिम्ति सबै प्रजातान्त्रिक शक्तिहरुलाई एकजुट हुन अपिल ग¥यो । साथै यस आन्दोलनलाई जनव्यापी गर्ने राजनीतिक नाराको साथ भूमिसुधारको नारा मिलाई व्यापक किसान आन्दोलन उठाउने निर्णय गरेको थियो । तर संशोधनवादी–राजावादी नेतृत्वको कारण फैसलाहरु अपिलसम्ममा सीमित रहे । पार्टी आन्दोलनमा उत्रिन सकेन । नेपाली कांग्रेसकानेताहरु कम्युनिस्ट पार्टीको यस अपिलमा झन् ‘कम्युनिस्ट हाउ’को रुप दिंदै अन्तर्राष्ट्रिय पुजीवादी शक्ति र देशको सामन्त वर्गलाई यसको खतरा देखाई सामन्त वर्गका नेता राजासग मेल गर्ने आशा लिन पुगे ।

यसरी नेपाली कांग्रेसका विदेशी पुजीवाद, मुख्य गरेर भारतीय पुजीवाद परस्त नीति र राष्ट्रिय क्षेत्रमा जनआन्दोलनविरोधी तथा देशीय सामन्ती प्रतिक्रियावादसगको सम्झौतापरस्त नीतिले गर्दा राजाले दरबारमा आश्रित तथाकथित प्रजातान्त्रिक पार्टीहरुद्वारा जनतामा यसको भारतीय पुजीवादपरस्त नीतिको व्यापक प्रचार गराई आफूलाई परम हितैषीको रुपमा देखाउने प्रयत्न गरे ।

देशभित्र यस्तो स्थिति तयार गरिसकेपछि राजा अन्तर्राष्ट्रिय पुजीवादी देशका शासक वर्गहरुको समर्थन पनि आफ्नो पक्षमा बनाउन भारत, बेलायत तथा अमेरिकाको भ्रमणमा निस्के । जुन कुरा पछिको घटनाक्रमले सिद्ध हुन आयो । २०१७ साल पौष १ गते संसद् विघटन गर्दा अंग्रेजी साम्राज्यवादले राजाको कदमको समर्थन ग¥यो, अमेरिकी साम्राज्यवाद चूप लागी बस्यो र कांग्रेसको समर्थनमा भारतीय पुजीपति वर्गको सरकार देखाप¥यो । संसदको विघटनपछि नेपालमा बेलायती महारानीको भ्रमण र राजाले अमेरिकी तथा भारतीय एकाधिकार पुजीवादी सरकारको विरोध गर्नु यस कुराको प्रमाण थियो । यसरी आम निर्वाचनपछि स्थापना भएको संसदीय व्यवस्थामा देखापरेका नेपालको पुजीपति वर्गको पार्टी नेपाली कांग्रेस र नेपालको सामन्ती प्रतिक्रियावादी नेता राजाबीचको अन्तरद्वन्दमा नेपाली कांग्रेस्को अन्तर्राष्ट्रिय क्षेत्रमा विदेशी पुजीवादीपरस्त नीति र राष्ट्रिय क्षेत्रमा जनआन्दोलनविरोधी तथा सामन्त वर्गसग सम्झौता गर्ने नीतिले गर्दा प्रजातान्त्रिक शक्ति एकजुट हुन सकेनन् । यसैले गर्दा राजा प्रजातान्त्रिक मनाउदा पार्टीहरुको मद्दतले संसदको विरुद्ध देशमा अशान्तमय वातावरण सिर्जना गर्ने कार्य गरी आफ्नो हातलाई मजबुद पार्न सफल भए ।

संसद् विघटनपछि राजनीतिक स्थिति

पौष १ गतेको काण्ड गरी संसद विघटन गर्ने कार्य कुनै आकस्मिक घटना नभई २००७ सालपछि सामन्ती वर्ग स्वार्थको रक्षाको लागि राजाद्वारा एकपछि अर्को गरी चालिएका विभिन्न जनविरोधी षड्यन्त्रका पराकाष्ठा हो । राणाशाही कालमा राजाको हातमा कुनै अधिकार नहुदा राजा आन्दोलनमा सरिक भएका थिए । तर क्रान्तिपछि राजाले आफ्नो वर्ग आधार तिनै सामन्ती वर्गमा देखि, तिनैलाई आफ्नो वरिपरि भेला पारी प्रजातन्त्रविरोधी रुख लिंदा देखिन गएको उनको प्रतिक्रान्तिकारी रुपले राजालाई आजको आन्दोलनको प्रमुख शत्रुवर्गको प्रतिनिधिको रुपमा देखाएको थियो । सो कुरा त्यसबेलाको कम्युनिस्ट पार्टीको नेतृत्वले देख्न नसक्नु नै सबभन्दा ठूलो राजनीतिक भूल थियो । यसरी २००७ सालपछि राजा सामन्ती वर्गको नेताको रुपमा रही देशमा उठ्ने सामन्ती व्यवस्थाविरोधी प्रजातान्त्रिक आन्दोलनको विरुद्ध षड्यन्त्रमा लागेका थिए । यसलाई अझै दरबारको आडमा प्रजातन्त्रको मुकुण्डो लगाई खडा भएका पार्टीहरुबाट जनतामा राजाको षड्यन्त्रप्रति पर्दा हाल्न राजाको गुणगान गर्न थालेको कुरा नबुझी उनीहरुको आडम्बरी शब्दावलीकै पछि दौडनु अर्को राजनीतिक मूल थियो । यसरी यी तथाकथित प्रजातान्त्रिक पार्टीहरुले राजाको गुणगान गर्दै मन्त्रिमण्डलमा गएको देखि देशको सामन्ती व्यवस्थाको विरुद्धमा रहदै आएको कम्युनिस्ट पार्टी पनि संशोधनवादी नेतृत्वको गलत नीतिले गर्दा राजाको वर्गीय स्थितिलाई नसोची राजालाई व्यक्ति मात्र सम्झी मन्त्रिमण्डलमा जाने आशाले राजाको झूठो प्रशंसामा स्वर मिलाउन पुग्यो । यसले गर्दा एकातिर तिनीहरुले पनि जनतामा राजाको षड्यन्त्रलाई ढाकछोप गरी भ्रम फैलाउने कार्य गरे भने अर्कोतिर नेपालको सामन्ती राज्यसत्ताको स्वरुपलाई बिर्सी मन्त्रिमण्डलबाट नै केही हुन सक्दछ भन्ने तर्क पेश गरी जनआन्दोलनको बाटो छोडे । यसले गर्दा राजालाई संसद् विघटन गर्न झन् सजिलो भयो ।

संसद विघटनको परिणामबाट नेपाली कांगे्रसका नेताहरु आफ्ना पहिलेका गलत नीतिको परिणाम भोगेपछि पनि आफ्नो पहिलेको नीतिमा सुधार गर्न तयार भएनन् । जनताको राष्ट्रिय भावनालाई ध्यानमा राखी राष्ट्रिय सवाल प्रजातान्त्रिक आन्दोलनको अभिन्न अंग हो भन्ने बुझी राष्ट्रिय सवालहरुलाई प्रजातान्त्रिक सवालको साथ उठाई जनतालाई आन्दोलनमा उतार्नु भन्दा पनि आफ्ना पृष्ठपोषक अन्तर्राष्ट्रिय पुजीवादकै ताकत तथा सहयोगमा भरपरी पुनः शक्तिमा पुग्ने आशा राखे । उनीहरुले राजालाई कहिले कम्युनिस्ट र कहिले राजाको व्यवस्थामा कम्युनिस्टले बढावा पाए भन्ने प्रचार गरी अन्तर्राष्ट्रिय पुजीवादसमक्ष आफूलाई नेपालमा कम्युनिस्टहरुको प्रसारलाई रोक्ने राजाभन्दा लायक छौं भन्ने देखाउने कोशिसमा लागे । उनीहरुले सशस्त्र संघर्ष चलाए तापनि यसबाट राजालाई आर्थिक संकटमा पारी अन्तर्राष्ट्रिय पुजीवादको दबाबद्वारा राजासग सम्झौताको कुरा गर्ने यसको उद्देश्य थियो । त्यो पनि भारत चीन सीमा विवाद अलि बढ्न गएपछि भारतीय पुजीवादको नेपाललाई चीनविरोधी मोर्चामा सम्मिलित गर्ने उद्देश्य पूर्ति कोनिम्ति उनीहरुकै इशारामा सो आन्दोलन पनि फिर्ता लियो ।

संसदको विघटन गर्ने षड्यन्त्रमा राजाका सहायक हुदैआएका सानातिना तथाकथित प्रजातान्त्रिक पार्टीहरु प्रजातन्त्र खतम भएपछि प्रशासनमा हिस्सा पाउने आशाले राजाको प्रजातन्त्रविरोधी कदमको झुठमुठ प्रचार गर्दै राजाकै नेतृत्वमा नेपालको माटो सुहाउदो प्रजातन्त्र ' पञ्चायती व्यवस्थाबाट नै देशमा राष्ट्रिय उत्थान र औद्योगिक सम्बृद्धि आई देशोन्नति गर्ने आशा देखाई राजाको जनविरोधी कदमको प्रशंसा गर्न थाले । यसरी राजाको फौजी कारवाहीबाट उपस्थित राजा र प्रजातन्त्रवादी शक्तिहरुबीचको अन्तद्र्वन्द्वात्मक स्थितिबाट फाइदा उठाउने हेतुले यी सानातिना प्रजातन्त्रवादी भनाउदा पार्टीहरु (प्रजापरिषद्, राष्ट्रिय कांगे्रस, संयुक्त प्रजातन्त्र पार्टी तथा नेपाल कम्युनिस्ट पार्टीभित्र रहेको रायमाझी गुट) देशमा हुने प्रजातान्त्रिक आन्दोलनको सामना गर्न राजालाई साथ दिन थाले ।

यी सबै कुराहरुबाट यो स्पष्ट हुन्छ कि पौष १ गतेको काण्ड गरी सम्पूर्ण प्रजातान्त्रिक परिपाटीलाई समाप्त गरी राजाले आफ्नो हातमा शक्ति लिंदा पनि नेपाली कांगे्रसतथा अन्य सानातिना तथाकथित प्रजातान्त्रिक पार्टीहरु सदा झैं प्रजातान्त्रिक आन्दोलनको विरोधमा राजालाई साथ दिने र आन्दोलन सेलाउदा राजासग व्यवस्थाविरोधी गुनासो व्यक्त गर्दै अधिकार खोज्ने पक्षमा रहे भने नेपाली कांग्े्रसका नेताहरु आफ्नो पहिलेका गल्तीहरुबाट चेती प्रजातन्त्र र राष्ट्रिय सवाललाई उठाई व्यापक जनवादी मोर्चामा विश्वास गरी जनताको क्रान्तिकारी शक्तिमा भरपरी राजाको अधिनायकत्वको विरुद्ध संघर्ष गर्ने नीति लिनको सट्टा अन्तर्राष्ट्रिय पुजीवादी शक्ति त्यसमा पनि मुख्यतः भारतीय पुजीपति वर्ग र त् इसकोसरकारको आडमा भरपरी उनीहरुकै सहयोग तथा समर्थनद्वारा देशीय सामन्ती अधिनायकलाई राजनीतिक दबाब दिई शक्तिमा हिस्सा प्राप्त गर्ने कोशिसमा रहे ।

यस्तो स्थितिमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा प्रभाव जमाई बसेका संशोधनवादी राजावादी रायमाझी गुट र उसको दललाई तृतीयमहाधिवेशन गरी फाली संघर्षमा उत्रने आशा गरेको थियो । तर तुलसीलालको नेतृत्वमा भेला भएका नव-संशोधनवादी तत्वहरुको गलत राजनीतिले गर्दा पार्टी फेरि पनि राजनीतिक मतभेदबाट मुक्त हुन सकेन

। विश्व कम्युनिस्ट आन्दोलनमा देखिएको संशोधनवादी प्रभाव फेरि तुलसीलालको नेतृत्वमा हाम्रो पार्टीमा देखाप¥यो । यसले गर्दा पार्टी पुनः वादविवाद र अकर्मण्यताको स्थितिमा रहन गई प्रजातान्त्रिक आन्दोलनमा कुनै विशेष भूमिका खेल्न समर्थ भएन । यी सबै कारणहरुले गर्दा प्रजातान्त्रिक आन्दोलन कमजोर पर्न गयो । यस्तो शुभअवसरदेखि दुईवर्षसम्म मुअत्तल राखिएको प्रजातान्त्रिक संविधानलाई खारेज गरी राजाले पञ्चायती विधान लागू गर्न सके ।

पञ्चायती व्यवस्थाको लेखाजोखा

संसदीय व्यवस्था विघटन गरी राजाको नेतृत्वमा पञ्चायती व्यवस्थाको प्रादुर्भाव गर्दा राजाले देशको सार्वभौमिकता खतरामा पर्न गएको र दलबन्दी तथा पार्टीबाजीले गर्दा देशमा राष्ट्रिय निर्माण हुन नसक्दखा संसदीय व्यवस्था विघटन गरी पञ्चायती व्यवस्थाको सूत्रपात गर्नुपरेको हो भनेका थिए र राष्ट्रियता तथा सार्वभौमिकताको रक्षा र राष्ट्र निर्माणको निम्ति नेपालको हावापानी सुहाउदो व्यवस्थाको नाम दिंदै पञ्चायत दर्शनको प्रतिपादन गरेका थिए । आज चार तहको पञ्चायती व्यवस्था हेर्दा सबै तहमा सामन्ती तत्वको नै बोलवाला देखिन्छ । आजको पञ्चायती व्यवस्थाको आर्थिक नीति किसानलाई सामन्ती शोषणबाट मुक्त गर्ने नीति नभई सामन्ती शोषणमा साधारण परिवर्तन ल्याउने नीति छ ।

विदेशी पुजीलाई रोक्ने नभई देशमा नव-औपनिवेशिक अर्थ व्यवस्थाको निर्माण गर्न छुट दिने नीति छ । यसको परराष्ट्र नीति बाहिरतिरबाट हेर्दा समाजवादी राष्ट्रहरुसग पनि सम्बन्ध राखी तटस्थताको प्रतिपादकको रुपमा देखिए तापनि वास्तमा अन्तर्राष्ट्रिय प्रतिक्रियावादसग बढीभन्दा बढी सहुलियत प्राप्त गर्ने मात्र उक्त सम्बन्ध देखाएको हो । सिद्धान्ततः उनीहरुसग साठगाठ बढाई राष्ट्रिय आन्दोलनलाई दबाउने र विश्व कम्युनिस्टविरोधी मोर्चालाई बल पु¥याउने सिद्धान्तमा मूलतः आधारित छ ।

यो पञ्चायती व्यवस्था नेपालको राष्ट्रिय परम्पराअनुकूल छ, यसको अन्तर्गत तलैदेखि जनतामा प्रजातान्त्रिक भावना ओतप्रोत गराउदै ल्याइएको छ भन्ने प्रचारको बाबजूद यो व्यवस्था सामन्ती वर्गको प्रतिनिधि राजाको हुकुमी शासनको आवरण मात्र हो भन्ने कुरा सिद्ध भइसकेको छ । यसको पञ्चायती दर्शनले जनतालाई क्रान्तिकारी मार्गबाट निरुत्साहित गरी सामन्ती वर्गको समक्ष आत्मसमर्पण गराउदछ । यस व्यवस्थाले किसान मजदुरबाट गरिने वर्गसंघर्षलाई रोकी सामन्ती प्रतिक्रियावादी वर्गलाई खुला छुट दिएको छ ।

आज हाम्रो समाजमा राजनीतिक, आर्थिक तथा सांस्कृतिक सबै क्षेत्रमा सामन्ती वर्गको नै बाहुल्य तथा बोलावाल छ । यस्तो स्थितिमा वर्ग समन्वयको आधारमा प्रतिपादित गरिएको पञ्चायती दर्शनको मतलव अन्य सम्पूर्ण वर्गले सामन्ती वर्गको समक्ष आत्मसमर्पण गर्नु सिवाय अरु केही पनि हुनसक्तैन। यस वर्ग समन्वयको मुख्य अर्थ नै किसान तथा क्रान्तिकारी शक्तिलाई कुण्ठित गर्नुभएको छ । आज राजाले समस्त पार्टी तथा जनवर्गीय संगठनहरुलाई गैरकानुनी गर्नुको मतलब यो भन्दा अरु केही हुनसक्दैन ।

राणाशाहीको पारिवारिक शासनको अन्त्यपछि कम्युनिस्ट पार्टीको नेतृत्वमा सामन्ती शोषणविरोधी किसान आन्दोलन विशेष रुपमा उठे । यसले गर्दा सामन्ती वर्ग तथा त्यसका अगुवा राजा ज्यादै भयभीत भएका थिए । यो कुरा उनकै भनाइले स्पष्ट गर्दछ- आजको जमानामा देशका धेरैजसो जनता भोका, नांगो र गरीब हुनुदेशको शान्ति सुरक्षा एवम् स्वतन्त्रताको लागि मात्र नभई धनी वा जग्गावालाहरुकै लागि पनि खतरनाक हुनेछ।

एकातिर राजा देशमा 'धेरैजसो जनता भोका, नांगो र गरीब छन् ' भन्ने कुरा स्वीकार गर्दछन् भने अर्कातिर यस्तो 'स्थिति जग्गावालाहरुकै लागि पनि खतरनाक हुनेछ' भन्दछन् भने आज उनलाई सबभन्दा बढी चिन्ता भूमिपतिहरुको स्वार्थको नै रहेछ भन्ने स्पष्ट हुन्छ। यस्तो स्थितिमा 'देशको शान्ति सुरक्षा ' कायम गर्नुको मतलब हुन्छ सामन्तीविरोधी क्रान्तिकारी आन्दोलनलाई रोक्नु । हाम्रो समाजको आजको मुख्य अन्तरविरोध अर्थात् सामन्त र किसानको बीचको अन्तरविरोधको समाधान सामन्ती भूमि सम्बन्ध खतम गर्नु र किसानलाई जमिनको मालिक बनाउनु हो । यसलाई तिरस्कार गर्दै राजा भन्दछन्- 'यसको आधार वर्गसंघर्ष होइन वर्ग समन्वय हो । ' यस पञ्चायती व्यवस्थाको विरुद्ध देशको उदाउदो पुजीपति वर्ग पनि विरोधी हुन नजाओस् भनी यस वर्गलाई पनि आफ्नो नेतृत्वमा विश्वास दिलाउनको निम्ति राजा उनीहरुलाई सम्बोधन गर्दै भन्दछन्- 'व्यापारी वर्गले पनि इमान धर्म सम्झिदिनुपरेको छ । '

पञ्चायती विधानले राजाको सामाजिक स्थितिलाई सामाजिक अन्तरविरोधबाट मुक्त र निरपेक्ष छ भनी सामाजिक वर्गसम्बन्धदेखि धेरै माथि उठेको देखाए तापनि राजालाई सबभन्दा बढी चिन्ता भूमिपतिहरुको भएको कुरा उनैको वक्तव्यबाट स्पष्ट देखिन्छ । अतः उनको अस्तित्व भूमिपति वर्गसंगको सम्बन्धदेखि अलग गरी हेर्न सकिन्न । आज देशमा सामन्ती भूमिपतिहरुको संखया देशको कुल आवादीको एक प्रतिशत भन्दा पनि कम छ । त्यसमा सबभन्दा बढी जमिन राजपरिवारको नै रहेको छ ।

००७ सालदेखि यताको राजनीतिक इतिहासले बताउछ कि राजाले आफूलाई सामन्ती वर्गको समय सुहाउदो राजनीतिक नेताको रुपमा सावित गरेका छन् । राजाका केही कामहरुले यदाकदा सामन्ती व्यवस्थामा साधारण परिवर्तन ल्याउने कुरा देखिए तापनि उनको समस्त काम कारवाहीलाई समष्टि रुपमा विचार गर्दा उनले सामन्ती भूमिपति वर्गको स्वार्थको नै रक्षा गर्दछन् ।

नेपाली जनता सामन्ती व्यवस्थाको दासतामा २००० वर्षभन्दा पहिलेदेखि पिल्सिएर आएका छन् । सामन्ती शोषकहरुले मादेव प्रथमको पालादेखि अहिलेसम्म सामन्ती शोषण गर्दै आएका छन् । त्यसबेलादेखि अहिलेसम्म जे जति सुधारहरु भए ती सबै बढ्दो सामन्ती शोषणप्रति भ्रम दिंदै मूलतः सामन्ती स्वार्थकै रक्षा गर्ने हेतुले गर्दै आएका छन् । आजको पञ्चायती व्यवस्था पनि यसबाट अपवाद छैन ।

आज देशको जनसंखयामा सामन्ती वर्गको सबभन्दा कम भए तापनि यसै वर्गको हातमा सबभन्दा बढी जमिन छ । राष्ट्रको सम्पत्तिको उपभोग मुख्यतः यसै वर्गले हेर्दै आएको छ । समाजको सम्पूर्ण बोझ देशको किसानमाथि पर्दछ

। सामन्ती शोषणको अतिरिक्त आफैं माथि दमन–चक्र चलाउने पुलिस, फौज तथा प्रशासकीय यन्त्रको खर्च पनि बढी मात्रामा यसैले व्यहोर्नु परेको छ । उनीहरुबाट उठाइने मालपोत, कर तथा अन्य रकमहरुको अधिकांश हिस्सा त्यसैको निम्ति खर्च गरिन्छ ।

आज देशमा किसानको समस्या हल नगरी अन्य कुनै पनि समस्याको समाधान हु नसक्तैन । यस्तो स्थितिमा राष्ट्र निर्माणको निम्ति 'अरुले शताब्दीमा गरेको प्रगति हामीले एक दुई दशकमा गर्नुपर्दछ' भन्ने भावनात्मक प्रचारले राष्ट्रको निर्माण हु नसक्दैन । त्यसको निम्ति क्रान्तिकारी भूमिसुधार र ठोस औद्योगिक नीतिको आवश्यकता पर्दछ । देशमा द्रुत गतिले औद्योगिकीकरण गर्नको निम्ति सामन्ती व्यवस्थालाई अन्त गरी विदेशी पुजीको राष्ट्रियकरण गरी सुनिश्चित योजना अनुसारको औद्योगिक नीतिको आवश्यकता पर्दछ । तर उनको नीतिले सामन्ती वर्गको स्वार्थ रक्षा गर्दछ भन्ने कुरा उनैको भनाइबाट स्पष्ट हुन्छ- 'प्रतिरक्षाको उद्योगलाई छोडी अन्य सबै क्षेत्रमा मेरो सरकारको नीति राष्ट्रिय तथा वैदेशिक व्यक्तिगत पुजीलाई लगानी गराउन उत्साहित गर्ने नीति हो ।'

राजा महैन्द्रको यो औद्योगिकीकरणको नीति राष्ट्रिय स्वार्थको निम्ति चाल्नुपर्ने, जस्तो भारतीय एकाधिकार पुजीको प्रभुत्वलाई तोड्ने र साम्राज्यवादीहरुको घुसपैठलाई रोक्ने नभई उल्टो उनीहरुलाई नै देशको आर्थिक जीवनमा प्रवेश गराउने रहेर आएको छ । विदेशी व्यक्तिगत पुजीको प्रवेश र विदेशी सहायतामा भर पर्ने योजनाहरुबाट राष्ट्रनिर्माण हु नसक्दैनभन्ने कुरा आज सम्पूर्ण नवजात राष्ट्रहरुको अनुभवले सिद्ध गरिसकेको छ ।

राजाको भूमिसुधारका मुख्य सिद्धान्तहरु जमिनको हदबन्दी, मेहियानी हकको सुरक्षा। ऋणको वैकल्पिक स्रोतको निम्ति अनिवार्य बचतको व्यवस्था, कुतको एक निश्चित दर कायम गर्नु, जमिनदारी प्रथा खतम गर्नु तथा मध्यमस्तरीय व्यत्तिःहरुको जमिनको हक खतम गर्नु हो ।

यस भूमिसुधारमार्फत् 'आर्थिक विकासमा द्रुतगति ल्याउने भूमिबाट निष्क्रिय पुजी र जनसंख्याको भार झिकी अर्थव्यवस्था अन्य क्षेत्रमा लगाई कृषिको उत्पादनमा अधिकतम बृद्धि गर्ने' भन्ने सरकारको भनाइ छ । यो भूमिसुधार ०७ भन्ने कुरा तेस्रो योजनाले स्वीकार गरेको छ । उपरोक्त भनाइले नै यो स्पष्ट गर्दछ कि यो भूमिसुधार वास्तवमा जोताहा, भूमिहीन किसानको हित गर्न ल्याएको होइन । कारण उल्लेखित उद्देश्य नै प्राप्त गर्नका निम्ति गरिएको हो । जबसम्म किसानलाई जमिनको वास्तविक मालिक बनाइन्न, तबसम्म आर्थिक विकासमा द्रुततर गति ल्याउन सकिन्न र भूमिबाट निष्क्रिय पुजी र जनसंख्याको भार झिकी अर्थव्यवस्थाको अन्य क्षेत्रमा लागू गर्न सकिन्न । न त कृषि उत्पादनमा नै अधिकतम् बृद्धि गर्न सकिनेछ । अतः यस भूमिसुधार मार्फत् सर्वसाधारण जनताको विशेषगरी किसानको नाममा सामन्तहरुको जमिन आफ्नै परिवारमा वितरण भएको छ । किसानको बीचमा वितरण भएको छैन । र। किसानको निम्ति हात लाग्यो शून्य भएको छ । यस भूमिसुधारबाट ती सामन्ती तत्वहरु विशेष रुपले लाभान्वित भएका छन् जो नगदी बालीमा लागेका छन् । यस्तो चलन नेपालमा विशेषगरी तराई क्षेत्रमा पाइन्छ । यसको अनिवार्य बचतको मुख्य भार किसानको थाप्लोमा नै पर्दछ । यसरी ऋणको वैकल्पिक

व्यवस्थाको नाममा जम्मा गरिएको अनिवार्य बचतबाट आम किसानलाई ऋण प्राप्त नभई विशेषगरी धनी किसानलाई नै प्राप्त हुन्छ। कूतको दर उत्पादनको ५० प्रतिशत तोकिएको छ । २०१३ सालमा घोषणा भएदेखि किसान आन्दोलनले यसको विरोध गर्दै आएको हो । जमिन्दारी प्रथा खतम गर्ने कुरा उल्लेख छ तर जिरायत किसानको नाममा दर्ता नभई सामन्तको नाममा नम्बरीको रुपमा दर्ता हुनेव्यवस्था छ ।

खेतीमा मध्यमस्तरीय व्यत्तिःहरुको हक खारेज गरी किसानलाई मोहियानी हक प्रदान गरी मोही–तलसिंको सोझो सम्बन्ध कायम गराउने व्यवस्थाले उत्पादनको सामन्ती सम्बन्धमा कुनै परिवर्तन ल्याउदैन । अतः यस भूमिसुधारले सामन्ती वर्गको अतिरिक्त धनी किसानको एक जमात तयार गर्नेछ र यस जमात हस्ते गाउ देहातमा आफ्नो सहायक वर्ग तयार गर्न आजको सामन्ती शोषक वर्ग चाहन्छ ।

राजाले जुन तटस्थ वैदेशिक नीति अपनाएका छन् सो ००७ सालपछि नेपालका विभिन्न सरकारहरुले अपनाएको नीतिभन्दा बेग्लै खालको छैन भन्ने कुरा श्री ५ को सरकारको निर्देशन मन्त्रालयबाट प्रचार गरेको पुस्तिकाबाट स्पष्ट हुन्छ।

२००७ साल पौष १ गतेको शाही हकदमपछि नेपालको परराष्ट्र नीतिमा कुनै मौलिक अदल बदल भई हाम्रो असंलग्न परराष्ट्र नीतिमा ठूलो गतिशीलता आएको छ ।

'परराष्ट्र नीतिमा कुनै मौलिक अदल बदल नभई ' ठूलो गतिशीलता आएको छ ' भन्नाका तमलब समाजवादी राष्ट्रहरुसग सम्बन्ध बढाए जस्तो गरी भारतीय एकाधिकार पुजीवादी पार्टी नेपाली कांग्रेसकानेताहरुलाई प्राप्त भइरहेको समर्थनबाट उनीहरुलाई बञ्चित गरी आफ्नो पक्षमा गराउनुमात्र भएर आएको छ। भारतीय एकाधिकार पुजीवाद र अमेरिकी साम्राज्यवादले सुरुमा पञ्चायती व्यवस्थाको समर्थन नगर्दा राजाको वैदेशिक नीतिको विशेष झुकाव पाकिस्तान तथा चीनप्रति देखियो । दुवै राष्ट्रहरुमा राजकीय भ्रमण गरी दुवैसग व्यापारिक सन्धि गर्नुको साथै चीनसग काठमाडौं कोदारी राजमार्गको निम्ति सम्झौता पनि गरे । पछि भारतीय एकाधिकार पुजीवाद र अमेरिकी साम्राज्यवादले पञ्चायती व्यवस्थाप्रति आफ्नो दृष्टिकोण बदलेपछि अमेरिकन फौज मिशन काठमाडौंमा ल्याई आधुनिक हतियारको निम्ति सन्धि गरेर भारतीय एकाधिकार पुजीवादलाई ८१ वटा संयुक्त प्रोजेक्ट चालू गर्न दिए र चीनबाट निर्माण हुनेविभिन्न प्रोजेक्टहरुको सम्झौतालाई निलम्बन गरे ।

राजा महेन्द्रको आर्थिक तथा वैदेशिक नीति आजको युगमा नेपाली सामन्ती भूमिपतिहरुको स्वार्थको रक्षा गर्ने हेतुले पे्ररितछ । यस पञ्चायती व्यवस्थाको जगलाई नै निर्माण गर्ने हेतुले गरिएको छ । यो सरकारले नेपालको राष्ट्रिय स्वार्थको निम्ति चाल्नुपर्ने नीति, जस्तो भारतीय एकाधिकार पुजीको प्रवृत्तिलाई तोड्ने साम्राज्यवादीहरुको घुसपैठलाई रोक्ने छैन । किसानको स्थिति दिनप्रतिदिन बिग्रदो छ, उनीहरुको शोषण बढ्दो छ, बेकारीको समस्या बढ्दो छ र दैनिक उपभोगका वस्तुहरुको भाउ दिनहु चर्कदो छ । यसले गर्दा सम्पूर्ण जनताको जीवन हमेशा कठिनाइले ग्रसित छ । प्रशासनयन्त्रमा नातावाद, कृपावाद तथा फरियावाद प्रशस्त मात्रामा बढ्दो छ । पब्लिक

सर्विस कमिशन नाममात्रको छ । त्यस्तै दशा न्यायविभागको छ । यसले गर्दा देशमा दिन प्रतिदिन असन्तोष बढ्दो छ । पञ्चायती विधान लागू भएपछि राजाको आडमा उभिने तथाकथित प्रजातान्त्रिक पार्टीहरुको आशा पनि निराशामा परिवर्तित भएको छ । ०१७ सालको काण्डपछि राजाले क्रमशः प्रजातान्त्रिक अधिकार फिर्ता दिंदै जानेछन् भन्ने आशलगाई बसी पञ्चायती व्यवस्था अन्तर्गत पार्टी खोल्न दिन राजालाई अपिल गर्ने तथा उनीसित 'निर्देशित प्रजातन्त्र ' को माग गर्ने यी तथाकथित पार्टीहरु पनि निराश भएका छन् । उनीहरु आज प्रशासनमा हिस्सा नपाउदा फेरि यस पञ्चायती सरकारमा हिस्सा प्राप्त गर्न नेपालमा राजनीतिक स्वतन्त्रताको अभाव व्यक्त गर्नाका साथै असन्तोष देखाउन थालेका छन् । राजालाई आफ्ना एकाध वक्तव्यका माध्यमद्वारा घुर्की लगाई सुविधा प्राप्त गर्ने आशा राख्दछन् । यसको निम्ति राजाको दर्शनभेट गर्न तड्पिन्छन् ।

देशको यस्तो स्थितिमा पनि विरोधमा रही संघर्ष गरिरहेका नेपालीका विभिन्न प्रजातान्त्रिक पार्टीहरु संयुक्त भई जनआन्दोलन निर्माण गर्ने नीति लिंदैनन् । नेपाली कांग्रेस उही थोत्री सकेको 'कम्युनिस्ट हाउ ' को र सामन्तवादसग धम्की र सम्झौताको नीति अपनाउदै छ । जनताको अधिकारको निम्ति जनआन्दोलनको निर्माण गर्नुको सट्टा विदेशी प्रतिक्रियावादको मुख हेर्ने नीतिको नै अवलम्बन गर्दैछ ।

नेपाली कांग्रेसपुजीवादी पार्टी हो । यस पार्टीका नेताहरुको जीवन नै कम्युनिस्ट विरोधी अभियानबाट सुरुभएको छ । आजको स्थितिमा पनि यस पार्टीका नेताहरु कम्युनिस्ट पार्टीलाई नै आफ्नो मूख्य दुश्मन मान्दछन् । नेपालमा कम्युनिस्ट हाउ को प्रचार सबभन्दा बढी यसै पार्टीका नेताहरुको तर्फबाट भइरहेको छ । यस प्रचारबाट उनीहरु एकातिर आफ्ना कार्यकर्ताहरुलाई जनवादी आन्दोलनबाट गुमराह गर्न चाहन्छन् भने अर्कोतिर आज राजाले अमेरिकी-अंग्रेज सामाज्यवाद र भारतीय एकाधिकार-पुजीवादको जुन समर्थन प्राप्त गरिरहेका छन् त्यसबाट राजालाई बञ्चित गरी उनीहरुको विश्वास र सहयोगद्वारा नेपालको गद्दी प्राप्त गर्ने आशा गर्दछन् ।

नेपाली कांग्रेसकानेताहरुको यस्तो नीति छ भने अन्य पार्टीका नेताहरु नेपाली कांग्रेसकोहाउ देखाई केही बढी सहुलियत राजाबाट प्राप्त गर्ने पक्षमा देखिन्छन् ।

यी पार्टीहरुको उपरोक्त नीतिले गर्दा आजको संघर्षको मुख्य भूमिका कम्युनिस्ट पार्टीको काधमा परेको छ । यो जिम्मेदारी नेपाल कम्युनिस्ट पार्टीले मजदुर किसान एकताको आधारमा सामन्तविरोधी संघर्षमा पार्टीको झन्डा मुनि समस्त क्रान्तिकारी वर्गहरु र जनसमुदायलाई एकत्रित गरेर मात्र गर्न सक्दछ । यो आजको ऐतिहासिक अवस्थाको माग हो । जबसम्म कम्युनिस्ट पार्टी यस्तो क्रान्तिकारी संघर्षमा आम किसान समुदायलाई सशस्त्र गरी अघि बढ्ने छैन तबसम्म देशको मूल अन्तद्र्वन्दले समाधानको बाटो पाउने छैन र संघर्ष सामन्त र पुजीवादी पार्टीको बीचमा नै रही सम्झौतामा सीमित रहन जानेछ । दशेमा कम्युनिस्ट पार्टीको यस्तो भूमिकाको अभावले गर्दा ००७ सालमा आएको प्रजातन्त्र ०१७ सालमा सामन्ती वर्गले सहजै प्राप्त गर्न सक्यो ।

राष्ट्रिय आन्दोलनको शिक्षा

कैयौं दशकदेखि भएको नेपाली जनताको सामन्तविरोधी आन्दोलन २००७ सालको क्रान्तिमा पनि सफल हु न सकेन । यसरी आज पनि हाम्रो समाजको ऐतिहासिक स्थितिमा देखापरेको मूल अन्तरविरोधमा कुनै परिवर्तन आउन सकेको छैन । आज पनि हाम्रो समाजमा सामन्ती व्यवस्था, साम्राज्यवाद तथा विदेशी पुजीवाद र जनवादी क्रान्तिकारी जनताबीचको अन्तरविरोध नै मुख्य छ ।

हाम्रो देशको ऐतिहासिक स्थितिलाई हेरी हाम्रो क्रान्तिका तीन प्रमुख लक्ष्य छन् । प्रथमतः सामन्ती भूमि–व्यवस्था समाप्त गरी किसानलाई जमिनको मालिक बनाउने, दोस्रो देशको अर्थतन्त्रलाई विदेशी पुजीको प्रभावबाट मुक्त गरी स्वतन्त्र अर्थव्यवस्थाको निर्माण गर्ने तथा तेस्रो, देशमा साधारण जनसमुदायमाथि थोपरिएको प्रत्यक्ष वा अप्रत्यक्ष सामन्ती हु कुमीव्यवस्थालाई समाप्त गरी नया जनवादी प्रजातन्त्र स्थापना गर्ने ।

२००७ सालमा सामन्ती राणाशाही विरोधी क्रान्ति चलाउदा पनि जनताले यही उद्देश्य राखेका थिए । क्रान्तिको दौरानमा जसै जनता उत्तरोत्तर सामन्ती व्यवस्थालाई नै नष्ट गर्ने हेतुले क्रान्तिमा अगाडि बढ्न थाले, क्रान्तिमा सरिक भएका र उनका सहयोगी सामन्तहरु, भारतीय एकाधिकार पुजीपति तथा नेपालको पुजीपति वर्गको पार्टी नेपाली कांग् रससबै भयभित भई क्रान्तिलाई पूर्ण रुपले सामन्ती व्यवस्थालाई समूल नष्ट गर्ने टुंगोमा पुग्न नदिन राणाशाहीसित सम्झौता गरे ।

यसरी तत्काल राणाशाही र नेपाली कांग् े्रसकोसंयुक्त मन्त्रिमण्डल बने पनि अनुदारवादी सामन्ती वर्गको विरुद्ध संघर्ष गर्दै आएको उदारवादी सामन्ती वर्गको नेता राजाको हातमा देशको राजसत्ता मूलतः आउदछ । अनुदारवादी सामन्ती राणाशाहीसग अन्तर्विरोध रहदा देखिएका उदारवादी सामन्ती वर्गको अनुदार सामन्तवादविरोधी भूमिका देशमा जनतन्त्रको स्थापनाको उद्देश्य पूर्ण गर्नु थिएन बरु अनुदारवादी सामन्ती शोषणको परिधिलाई केही खुकुलो गरी सामन्ती प्रभुत्वलाई कायम राख्नु थियो । ००७ सालको क्रान्तिपछि जसै पुजीवादी जनतान्त्रिक व्यवस्थाको प्रचार बढ्न गयो र यसको समर्थनमा उत्तरोत्तरु बढी से बढी जनसमुदाय संगठित हु नथाले, यो वर्ग आत्तिन थाल्यो । राणाशाहीको नेतृत्वमा हिजो अनुदारवादी सामन्ती वर्ग जनतन्त्रको बाटोमा रोडा थियो अर्थात् समाजको मूल विरोधी शक्तिको रुपमा थियो भने २००७ सालपछि यो राणाशाहीको शक्ति गौण भएर जादा राजाको नेतृत्वमा रहेका हिजोका उदारवादी सामन्ती वर्गले अब मूल विरोधी शक्तिको रुप धारणा गरेको थियो । यसैको छत्रछायामा सम्पूर्ण सामन्ती तत्वहरु संगठित हु दै थियो र जनतान्त्रिक विकासको बाटोमा रोडाको रुपमा उपस्थित थिए । २००७ सालअघिको हाम्रो देशमा विभिन्न वर्गहरुको पारस्परिक सम्बन्धमा परिवर्तन देखिन आएकोमा नेतृत्वलाई हेरी अन्तर्विरोधको गलत मूल्यांकन गर्दा नै देशमा जनतान्त्रिक आन्दोलनलाई असफल बनाई सामन्ती प्रतिक्रियावादले आफ्नो प्रभुत्व कायम गर्न सक्यो । २००७ सालको क्रान्तिलाई घृणित दिल्ली सम्झौता द्वारा सम्झौतामा टुंग्याएपछि राजा देशको वैधानिक नायक भए । त्यसपछि उनले नेपालका सामन्तहरुलाई राजदरबार वरिपरि संगठित गरी अन्य विभिन्न तथाकथित प्रजातान्त्रिक पार्टीहरुको सिर्जना गरी कहिले ती पार्टीहरुको मन्त्रिमण्डल गठन गर्ने र कहिले ठाडो शासन गर्ने गरी तत्कालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुजीवाद तथा उदारपन्थी

सामन्तहरुको मद्दतले राजासग शक्तिमा होड गर्ने सम्भावना देखिएको ०७ सालको क्राीन्तमा नेतृत्व गरी आएको, नेपालको पुजीपति वर्गको पार्टी, नेपाली कांगे्रसलाईसरकारबाट अलग राख्ने नीति राजाले लिए । यसोगरी दरबारको मुखापेक्षी सानातिना पार्टीहरुलाई उभ्याई जनताको एकपछि अर्को अधिकार हरण गर्दै राजाले आफू शक्तिशाली बन्नाको साथै देशमा सामन्तहरुलाई आफ्नो शक्तिमा विश्वास दिलाई, उनीहरुलाई आफ्नो नेतृत्वमा संगठित गरी शक्तिशाली हुदै गएको देख्दा पनि नेपाली कांगे्रसलेसामन्तवादविरोधी जनसंघर्षको बाटो कहिल्यै लिन तयार भएन, बरु रहेसहेको सामन्ती व्यवस्थाविरोधी पार्टीको नीतिलाई पनि छोडी राजदरबारमा हुरिन पुग्यो र सामन्तहरुलाई आफ्नो पार्टीमा तान्ने प्रयत्नमा लाग्यो । नेपाली कांगे्रसलेएकाध पटक सीमित परिधिमा राखी आन्दोलन चलाए तापनि उसको उद्देश्य सामन्तवादका नेता, राजालाई राजनीतिक दबाब दिई मन्त्रिमण्डल प्राप्त गर्ने लक्ष्यसम्म सीमित रह्यो भन्ने कुरा ‘कालो कानुन दिवस ’ र ‘भद्र अवज्ञा आन्दोलन ’ का घटनाले स्पष्ट गर्दछ ।

वास्तवमा ०७ सालदेखि राजाले जनताको अधिकारलाई एकपछि अर्को गरी खोस्दै दरबारलाई सामन्ती गढको रुपमा परिणत गर्दा यो पार्टीको भूमिका जनसंघर्षको बाटो छोडी दरबारिया राजनीतिमा प्रवेश गरी राजालाई खुशी पार्न एकातिर राजाको गलत चरित्र ‘प्रजातन्त्रका प्रहरी, राष्ट्रिय एकताका प्रतीक ’ भनी जनसमुदायमा भ्रम फैलाउने काम ग¥यो भने अर्कोयितर त्यति गर्दा पनि नेपालका सामन्ती वर्गका नेता राजाबाट सरकारमा सामिल गर्ने निमन्त्रणा नपाउदा अन्तर्राष्ट्रिय पुजीवादलाई राजाले अयोग्य पार्टीहरुलाई मन्त्रिमण्डल दिंदा शासनयन्त्र खुकुलो भई कम्युनिस्ट बढ्दैछन् भन्ने देखाउन नेपालमा ‘बढ्दो कम्युनिस्ट प्रभाव ’ को नारा लगाई यस फैलावटलाई रोक्ने र अन्तर्राष्ट्रिय पुजीवादको स्वार्थको सही अर्थमा रक्षा गर्न सक्ने एकमात्र शक्तिको रुपमा आफूलाई देखाई अन्तर्राष्ट्रिय पुजीवादको मद्दत र कुटनीतिक दबाबद्वारा मीन्त्रमण्डलमा सरिक हुनेप्रयत्न गर्दै रह्यो ।

‘ भद्र–अवज्ञा ’ आन्दोलनको दौरानमा नेपालको सामन्ती वर्गको नेता राजाले संविधानसभाको चुनावको सवाल छोडेमा संसदको चुनाव गराउन र कांगे्रसलाईपनि मन्त्रीमण्डलमा सरिक गराउने मञ्जुरी दिनेबित्तिकै जनताको अधिकारलाई तिलाञ्जली दिई नेपाली कांगे्रसलेपुनः सामन्तवादसग सम्झौता ग¥यो । राजाले २०१७ सालमा प्रजातन्त्रको हत्या गरी समस्त जनताको अधिकार खोसी आफ्नो ठाडो शासनको स्थापना गर्दा नेपाली कांगे्रसले फेरि पनि राजाको यस्तो कार्यवाहीबाट नेपाली कम्युनिस्टहरु बढ्ने कुरा देखाई ‘कम्युनिस्टको बढ्दो प्रभाव ’ को नारा बोकी अन्तर्राष्ट्रिय पुजीवादको मद्दतले देशमा नियन्त्रित रुपले सशस्त्र संघर्षको संचालन गरी राजालाई सम्झौता गर्न बाध्य बनाउने नीति अख्तियार ग¥यो । तर भारत चीन सीमा संघर्ष बढ्दो अन्तर्राष्ट्रिय पुजीवाद सशस्त्र संघर्षको संचालन गर्दा राजा झन् भड्किन्छन् कि भनी डराएको हुदा उनीहरुकै इशारामा नेपाली कांगे्रसले राष्ट्रमा बढ्दो कम्युनिस्ट खतराको बहानामा राजालाई मद्दत गर्ने नीति लिई दबाबको निम्ति चलाइएको छिटफूट सशस्त्र संघर्ष पनि नेपाली कांगे्रसलेवापस लियो र अन्ततोगत्वा प्रजातन्त्रको निम्ति गरिएको आन्दोलनलाई नै ध्वंसात्मक तत्वहरुको खतरा बढेको भनी फिर्ता लिई राजाको पञ्चायती व्यवस्थालाई समर्थन ग¥यो ।

उपरोक्त क्रममा रहेको नेपाली कांगे्रसकोचरित्रले हाम्रो देशको कमजोर पुजीपति वर्गको दोहोरो चरित्रलाई स्पष्ट रुपमा प्रतिविम्बित गर्दछ । नेपालको प्रजातन्त्रको हत्या गर्न राजालाई मद्दत यिनै पार्टीहरुले पु¥याउने काम गरे । २०१७ सालमा राजाले पञ्चायती प्रजातन्त्रको नाममा ठाडो शासन खडा गर्दा ऐतिहासिक कदम भनी उत्सव मनाउने यी नै पार्टी हुन् । यी पार्टीका नेताहरुले यदाकदा राजाको व्यवस्थाप्रति असन्तोष व्यक्त गरे तापनि उपरोक्त कार्यहरुले यिनीहरुको चरित्र उदारवादी सामन्तको जस्तो देखाउछ । यस्तो पार्टीबाट सामन्तवादविरोधी क्रान्ति सम्पन्न हुनेकल्पना पनि गर्न सकिंदैन ।

एक शताब्दीभन्दा अघिदेखि नेपालका राजाको हातबाट हाल हुकुम राणाशाहीले खोसी राजालाई नजरबन्द गरी आएकोले राणाशाही सामन्ती व्यवस्थासगको अन्तर्विरोध नभई राणाको जहानिया शासन खतम गर्ने र आफ्नो खोसिएको अधिकार फिर्ता लिनको निम्ति थियो ।

यो कार्यमा २००७ सालको क्रान्तिबाट राजा सफल भएपछि राजाले लगातार जनताका अधिकारहरु एकपछि अर्को गरी हनन गर्दै आफूलाई सर्वेसर्वा बनाउदै आउने काम गरे । न्यायलयको अधिकार खोस्ने, संविधानसभाको चुनाव नगराउने र अन्ततोगत्वा जनताले चुनेको पुजीवादी जनतान्त्रिक संसद् भंग गरी नेपालको हावापानी सुहाउदो पञ्चायती प्रजातन्त्रको नाममा आफ्नो हुकुमीव्यवस्था कायम गर्ने कार्‌य गरेका छन् ।

यो पञ्चायती व्यवस्था गठन भएको ८ वर्ष हुदैछर अरुले एक शताब्दी लगाएर गरेको उन्नति हामीले एक दशकमा गर्नुपर्दछ भन्ने राजाले हातमा सम्पूर्ण हाल हुकूमलिएको यतिका वर्ष हुदा देशमा राष्ट्रिय प्रगतिको निम्ति धेरै समस्याहरुको समाधान गरिसकेको हुनुपर्नेहो ।

नेपालको पुजीपति अर्धसामन्ती तथा अर्ध उपनिवेशिक देशको पुजीपति वर्ग भएको हुदा औद्योगिक क्षेत्रमा विदेशी पुजीवादसग यसको घनिष्ट सम्बन्ध रहेको छ भने राष्ट्रिय क्षेत्रमा भूमिबाट हुने शोषणमा पनि यसको ठूलो सम्बन्ध छ । यसको यस्तो दुई प्रकारको शोषण नीतिमा भर पर्ने चरित्रले गर्दा यसले त राष्ट्रिय क्षेत्रमा पूर्ण रुपले सामन्तवादविरोधी क्रान्ति नै चलाउन सक्दछ न त अन्तर्राष्ट्रिय क्षेत्रमा पूर्णरुपले साम्राज्यवाद तथा विदेशी पुजीको विरोध नै गर्न सक्दछ । तर दुवैसग यसको असंगति पनि रहेको देखिन्छ । तसर्थ आफ्नो स्वार्थ रक्षाको निम्ति यसले आफ्नो कार्यक्रममा स्थिति अनुसार एउटाको विरोध गर्नु अको्र्को सहयोग लिंदै आफ्नो कार्यक्रममा स्थिति अनुसार एउटाको विरोध गर्नु अर्कोको सहयोग लिंदै आफ्नो राष्ट्रिय वर्गाधार र क्षेत्रलाई बृद्धि गर्ने इच्छा पनि राख्दछ । पूर्णरुपले सामन्तविरोधी नभएको हुदा यसले जनआन्दोलनको बाटोभन्दा कुटनीतिक दबाब र दरबारिया राजनीतिमा बढ्दा विश्वास र भरपी कदाचित आन्दोलनमा उत्रे तापनि यस्तो आन्दोलनलाई सम्झौतामा टुंग्याउछ । नेपाली कांगे्रसकोयस निहित चरित्रले गर्दा २००७ सालको सामन्तवादविरोधी क्रान्तिले आफ्नो लक्ष्य प्राप्त गर्न सकेन । क्राीन्तलाई सम्झौतामा टुंग्याउने काम भयो । फलस्वरुप देशमा सामन्ती व्यवस्थाको नेतृत्वमा मात्र हेरफेर आई यसमा आमूल परिवर्तन आउन सकेन र राजाले क्रमशः जनताको सम्पूर्ण अधिकार खाइसके । अतः

वर्गीय चरित्रको कमजोरीले गर्दा यस पार्टीले देशमा देखापरेको आजको मूल अन्तर्विरोधको निम्ति हुने सामन्तवादविरोधी प्रजाताीन्त्रक क्रान्तिलाई नेतृत्व दिन सक्दैन भन्ने कुराको शिक्षा हामीलार्य विगत इतिहासले दिन्छ ।

नेपाल प्रजा परिषद् राष्ट्रिय कांग्रेसतथा संयुक्त प्रजातन्त्र पार्टी आदि तथाकथित प्रजातान्त्रिक पार्टीहरुको अतीतमा निश्चय नै केही क्रान्तिकारी भूमिका रहेको छ । तर ००७ सालको क्रान्तिपछि यी पार्टीहरुले मुख्यतः सामन्ती वर्गका नेता राजा र नेपालको पुजीवादी जनतान्त्रिक शक्तिबीचको अन्तद्र्वन्दमा हमेशा राजदरबारको आडमा उभिई पुजीवादी जनतान्त्रिक अधिकारको शक्तिलाई कमजोर पार्ने काममा अग्रिम भूमिका खेल्दै आएको छ । राजाको स्वार्थमा यसरी चाकडी गर्दागर्दै पनि मन्त्रिमण्डल नपाउदा यदाकदा राजालाई घुर्की लगाउने हेतुले आन्दोलनमा सरिक भएतापनि यो पार्टीहरुले भूमिका निरन्तर जनतन्त्रविरोधी रहेको छ ।

राजाको चरित्रमा पर्दा हाल्न ‘राजा राष्ट्रिय एकताको प्रतीक, प्रजातन्त्रको प्रहरी हुन भनी प्रचार आरम्भ गर्ने तथा जनताको विधान बनाउने अधिकारलाई पचाउन राजालाई समर्थ बनाउने यिनै पार्टी हुन् । देशको आम निर्वाचनमा हार खाएपछि, चुनावमा नेपालको पुजीवादी पार्टी नेपाली कांग्रेसलेबहुमतप्राप्त गरेकोले चिन्तित नेपालका सामन्त वर्गका नेता राजालाई मद्दत गर्न राजाकै इशारामा चुनाव खारेज गर्न मुद्दा दायर गर्ने सामन्ती भूमि व्यवस्थामा केही सामान्य सुधार मात्र ल्याउने हेतुले ल्याइएको विर्ता खारेज विधेयकको विरुद्धमा विर्तावाललाई संगठित गरी जुलुस प्रदर्शन गर्ने, ठाउठाउमा प्रतिक्रियावादी षड्यन्त्र गरी तथाकथित क्रान्तिकारी भूमिसुधारले किसानलाई भूमिको अधिकार बनाउनुको सट्टा लाखौं किसानको बेदखली गरी किसानलाई घरबारविहीन बनायो । जमिनको हदबन्दीले घरबारविहीन सुकुम्वासीको समस्या समाधान गरेर । भूमिसुधारले भूमिको सम्बन्धमा कुनै परिवर्तन ल्याउन भन्नु नै सत्य हुनेछ।

स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको स्थापना गर्नुको सट्टा विदेशी पुजीलाई जोडतोडले देशमा भित्र्याई राजा अन्तर्राष्ट्रिय पुजीवादको नेपाली ‘सोल एजेन्ट ’ को रुपमा उत्तरोत्तर देखिन थालेको छ । यसको साथै आज अमेरिकी फौजी मिशन, शान्ति सेना, सी.आई.ए. एजेन्ट, इजरायली छाताधारी सैनिक, अमेरिकाली डलरले पोषित र हतियारले लैस खम्पाहरुको उत्तरी सीमामा तैनाथ तथा ब्रिटिश रिकुरटिंग क्याम्प आदिले आफ्नो राष्ट्रिय स्वतन्त्रतामा संकट ल्याएको छ ।

उपरोक्त घटनाक्रमले राजाको वर्गसमन्वयको सामाजिक दर्शनको पर्दा उघ्रिसकेको छ र राजा नेपालमा सामन्ती वर्गको नेतृत्व गर्दैछन् भन्ने कुरा स्पष्ट भइसकेको छ र यिनीबाट सामन्ती व्यवस्थाविरोधी क्रान्तिको नेतृत्वको आशा गर्नु राजनीतिक मूर्खता हुनेछ भन्ने कुरा आठ वर्षको इतिहासले छर्लंग गरेको छ । यसरी हाम्रो राष्ट्रिय अनुभवहरुले स्पष्ट गर्दछ कि देशको सामन्ती व्यवस्थाको विरोधमा पुजीपति वर्ग, मध्यमवर्ग, किसान, मजदुर इत्यादि भए तापनि मूल अन्तरविरोध सामन्तवर्ग र किसान र पुजीपतिवर्गबीच नभई सामन्तवर्ग र किसानवर्गबीच

रहन गएको छ । सामन्तविरोधी क्रान्तिलाई सफलीभूत पार्न सबभन्दा क्रान्तिकारी वर्गको नेतृत्वमा मौजूदा अन्तरविरोधलाई लगेर मूल शत्रुवर्गको विरोधमा समस्त विरोधी वर्ग तथा सामाजिक अंगहरुलाई उतारेर बढाउदै लगेर मात्र त्यस वर्गको विनास गर्न सकिन्छ । सो कार्य मजदुर वर्गको नेतृत्वमा मजदुर-किसान एकता कायम गरेर मात्र सम्पन्न हुन सक्नेछ । जबसम्म यो कार्य गरिने छैन, सामन्त वर्गसग रहेको अन्य वर्गहरुको अन्तर्विरोधलाई सामन्तविरोधी क्रान्तिमा प्रयोग गर्न सकिनेछैन र क्रान्ति पनि सम्पन्न हुनसक्ने छैन । अर्को शब्दमा, हाम्रो सामाजिक स्थितिमा रहन गएको नेपालको पुजीपति वर्गको कमजोर स्थितिले गर्दा सामन्तवादविरोधी प्रजातान्त्रिक आन्दोलनमा पुजीपति वर्गले अग्रिम भूमिका खेल्ने क्षमता राख्दैन भन्ने कुरा स्पष्ट हुन्छ।

अतः नेपालको सामन्तवादलाई समाप्त गर्न, साम्राज्यवाद तथा विदेशी पुजीको प्रभुत्वलाई समाप्त गरी कृषि क्राीन्त सम्पन्न गर्ने जनवादी, क्रान्तिको नेतृत्व गर्ने अभिभारा आज इतिहासले मजदुर वर्गको काधमा दिएको छ । आज संख्यामा कमै भए तापनि यो वर्ग सबभन्दा क्रान्तिकारी वर्ग हो । यो कार्य मजदुर वर्गको पार्टी कम्युनिस्ट पार्टीले आजको सामाजिक स्थितिमा देखापरेका सबभन्दा क्रान्तिकारी वर्ग मजदुर किसानबीच एकता कायम गरी उनीहरुलाई सचेतन र संगठित गर्दै क्रान्तिकारी, सक्रिय अघिल्लो दस्ताको रुपमा परिणत गरेर मात्र गर्न सक्दछ । यसरी हाम्रो देशको यस ऐतिहासिक स्थितिमा मजदुर वर्गको नेतृत्वमा हुने यो क्रान्तिको उद्देश्य जनवादी क्रान्ति हुनेछ।

नया जनवादी कार्यक्रम- हाम्रो क्रान्तिको लक्ष्य

सयौं वर्षदेखि चल्दै आइरहेको सामन्ती शोषणले गर्दा नेपालका सर्वसाधारण जनता, खासगरेर किसान वर्ग साह्रै नै पीडित, दुःखित तथा नांगो हुन गएको छ । यस शोषणलाई सदैब कायम राख्नको निम्ति नेपालको सामन्त वर्गले आफ्नो सामन्ती राज्ययन्त्रको ताकतलाई पूर्णरुपले सामन्ती शोषणविरोधी जनसमुदायको निम्ति उपयोग गरिरहेछ । यसलाई झनै बलियो पार्न अन्तर्राष्ट्रिय पुजीवाद, खासगरेर भारतीय एकाधिकार पुजीवाद तथा अमेरिकी साम्राज्यवादलाई हाम्रो राष्ट्रिय आर्थिक, राजनीतिक तथा सांस्कृतिक जीवनमा प्रवेश गराएको छ । यसरी दरबारद्वारा नेतृत्व गरिएको नेपालको सामन्त वर्ग तथा अन्तर्राष्ट्रिय पुजीवाद, खासगरेर भारतीय एकाधिकार पुजीवाद र अमेरिकी साम्राज्यवादद्वारा भइरहेको शोषणले गर्दा हाम्रो देशको सामाजिक स्थिति आज पनि अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ती छ । जबसम्म नेपालको माटोबाट सामन्ती शोषण व्यवस्था र यसलाई आड तथा भरोसा दिई शोषण कार्यमा हिस्सेदार भइरहेको विदेशी पुजीवाद खास गरेर भारतीय एकाधिकार पुजीवाद तथा अमेरिकी साम्राज्यवादलाई समूल नष्ट गरिदैन तबसम्म नेपालको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक स्थिति पनि खतम हुन सक्तैन । अतः आजको हाम्रो क्रान्तिको लक्ष्य (१) नेपालबाट सम्पूर्ण सामन्ती शोषण र यसको रक्षा गर्ने किल्लाको रुपमा काम गरिरहेको शाही पञ्चायती राज्ययन्त्रलाई आमूल नष्ट गर्ने तथा (२) विदेशी एकाधिकार पुजीवाद, खासगरी भारतीय एकाधिकार पुजीवाद तथा अमेरिकी साम्राज्यवादलाई खतम गर्नु हो । तसर्थ आजको नेपालको क्रान्तिको चरित्र सामन्तवादविरोधी तथा साम्राज्यवादविरोधी हो । यो क्रान्ति सर्वहारा क्रान्ति नभई मजदुर

वर्गको नेतृत्वमा किसान मजदुर एकताको आधारमा सम्पूर्ण क्रान्तिकारी वर्गहरुलाई एकताबद्ध गर्दै चलाइने पुजीवादी जनवादी क्रान्ति हो ।

नेपालको राष्ट्रिय आन्दोलनको शिक्षाले सावित गर्दछ कि आजको नया ऐतिहासिक युगमा चलाइने सामन्तविरोधी तथा साम्राज्यवादविरोधी जनवादी क्रान्तिको नेतृत्व नेपालको पुजीवाद वर्ग गर्न सक्दैन । मजदुर वर्ग नै सबैभन्दा वैज्ञानिक क्रान्तिकारी तथा माक्र्सवाद लेनिनवादले लैस भएको हुदा आजको विशिष्ट ऐतिहासिक स्थितिमा यस्तो क्रान्तिको नेतृत्वमजदुरवर्गको नेपाल कम्युनिस्ट पार्टीले मात्र गर्न सक्तछ । फेरि नया जनवादी क्रान्ति भए तापनि यो आजको हाम्रो नया युगमा, विश्व साम्राज्यवादको पूर्ण पतन र समाजवादको विश्वव्यापी विजयको युगमा, एक नया विशिष्ट ऐतिहासिक स्थितिमा हुनेहुदार यसले नेपालको माटोबाट सामन्तवाद र साम्राज्यवादलाई समूल नष्ट गर्ने हुदार यसले नेपालको माटोबाट सामन्तवाद र साम्राज्यवादलाई समूल नष्ट गर्ने हुदायो नेपालको मजदुरवर्गको पार्टी नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा मजदुर किसान एकताको आधारमा सम्पन्न हुनेछ । अतः यस नया विशेषताले गर्दा, यो पुरानो खालको पुजीवादी जनवादी क्रान्ति नभई नया किसिमको पुजीवादी क्रान्ति हुनेछ। यसले नेपालबाट सामन्तवाद तथा साम्राज्यवादलाई खतम गरी अर्थात् नेपालको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक स्थितिलाई खतम गरी जनवादी अर्थतन्त्रको निर्माणद्वारा समाजवादी संक्रमणको पृष्ठभूमितयार पार्नेछ ।

नया जनवादी प्रजातन्त्र न त युरोप तथा अमेरिकामा प्रचलित पुजीपति वर्गको अधिनायकत्वमा स्थापित पुरानो खालको जनवादी प्रजातान्त्रिक व्यवस्था जस्तो हो न त समाजवादी देशमा सर्वहारा वर्गको अधिनायकत्वमा स्थापित समाजवादी व्यवस्था जस्तो नै । यो मजदुरवर्गद्वारा नेतृत्व गरिएको र मजदुर किसान अधिनायकत्वमा स्थापित जनवादी गणतन्त्र हो । वस्तुतः यो औपनिवेशिक तथा अर्ध-ओपनिवेशिक देशमा क्रान्ति चलाई समाजवादमा संक्रमण गर्ने अन्तरिम अवधिको प्रजाताीन्त्रक व्यवस्था हो । अतः यस्तो जनवादी क्रान्तिकारी सरकारमा नया जनवादी क्रान्तिमा भाग लिने सम्पूर्ण क्रान्तिकारी वर्ग तथा जनसमुदायहरुको प्रतिनिधित्व रहनेछ । मजदुरवर्गको नेतृत्वमा गठित यस्तो संयुक्त क्रान्तिकारी सरकारको क्रान्तिविरोधी तत्वमाथि अधिनायकत्व रहनेछ । जनताको अधिनायकत्व भएको मजदुर वर्गको नेतृत्वमा गठित यस्तो सरकारले देशमा सदियौंदेखि लादिएको साम्राज्यवादी शोषण तथा सामन्ती अवशेषलाई समूल नष्ट गर्नेछ ।

नया जनवादी क्रान्तिको चरित्रलाई सम्झेपछि यस्तो क्रान्ति सम्पन्न गरी स्थापित गरिने जनवादी राज्यको स्वरुपप्रति पनि हामे दृष्टिकोण स्पष्ट हुनुपर्दछ। यसको निम्ति संयुक्त जनवादी क्रान्तिकारी सरकारले राष्ट्रिय उद्योग कृषि, व्यवसाय, संस्कृति, धर्म तथा राष्ट्रिय एकताको क्षेत्रमा कस्तो नीतिको अनुशरण गर्नेछ भन्ने कुरा स्पष्ट रुपमा क्रान्तिकारी जनसमुदायको बीच राख्न नेपाल कम्युनिस्ट पार्टी चाहिन्छ ।

क. नया जनवादी राज्यको स्वरुप– जनवादी गणतन्त्र

हाम्रो देशको इतिहासलाई विचार गर्दा आदिकालदेखि नेपालमा राज्यसत्ता चलेर आएको पाउदैनौं । हाम्रो देशमा एक समय राज्यसत्ता बिनाको आदिम साम्यवादी समाज थियो । आर्थिक विकासको क्रममा समाज विभिन्न वर्गमा विभक्त भएपछि नेपालमा क्रमिक रुपले राज्यसत्ताको विकास भएर आयो ।

नेपालमा राज्यसत्ता वर्गसंघर्षको दौरानमा उत्पन्न भएको हो भन्ने कुरामा पर्दा हाल्नको निम्ति शासक वर्गले अवतारवादी सिद्धान्तको विकास गराए । मानदेव प्रथमले आफ्नो पूर्वपश्चिम विजयपश्चात् चागुनारायणको स्थापना गरी यो काम सुरु गरे । मल्ल राजाहरुले आफूलाई नारायणको अवतारको रुप सावित गर्नको निम्ति 'नारायण ' को उपाधिलाई 'नारायण थान '  जान छोडे । यसैक्रमलाई शाह राजाहरुले कायमै राखे । सामन्ती राज्यसत्ताको वास्तविक रुपमा पर्दा हाल्नको निम्ति नेपालका सामन्तहरुले अवतारको सिद्धान्तका आधारमा दैवी-शक्तिको कुरा प्रचारमा ल्याए ।

२,००० वर्षभन्दा पहिलेदेखि हाम्रो देशमा सामन्ती सत्ता चालू भएर आएको छ । यस लामो अवधिमा शासक वंशमा हेरफेर भए तापनि सामन्ती शोषण कायमै हु दै आएको छ । सामन्ती व्यवस्थामा जे जति सुधारहरु भए ती सबै भूमिपति वर्गको स्वार्थलाई जनविरोधबाट बचाउनको लागि भएर आएका छन् । यही कुरा आजको युगमा सामन्ती वर्गको अगुवा राजा महेन्द्रको नेतृत्वमाभइरहेको भूमिसुधारलेपनि बताउछ ।

आज राजा महेन्द्रको नेतृत्वमामाथिदेखि तलसम्म चारतहको पञ्चायती व्यवस्था कायम गरिएको छ । यो व्यवस्था पैसामा बिकेका भ्रष्ट राजनीतिक तत्व र भूमिपति, जाली फटाहा, सूदखोर आदि तत्वहरुले भरिएको छ । यस सामन्ती पञ्चायती व्यवस्थालाई राजाले सामन्ती स्वार्थको निम्ति प्रयोग गरिरहेका छन् । अतः यो पञ्चायती व्यवस्था सामन्त वर्गको वर्गीय राज्यसत्ता अर्थात सामन्ती अधिनायकत्व हो । तसर्थ नेपाल कम्युनिस्ट पार्टी यस सामन्ती वर्गीय सत्तालाई खतम गरी देशमा सर्वहारा वर्गको नेतृत्वमासम्पूर्ण क्रान्तिकारी वर्ग तथा जनसमुदायको संयुक्त अधिनायकत्वमा यौटा जनवादी गणतन्त्रीय राज्यसत्ता कायम गर्नेछ । जसले देशमा सामन्ती व्यवस्थालाई समूल नष्ट गर्ने, साम्राज्यवादलाई राष्ट्रिय जीवनबाट लखेटी विदेशी पुजीलाई राष्ट्रियकरण गर्नेछ । र, राष्ट्रिय पुजीलाई नियोजित किसिमले विकास गर्न दिई समाजवादी संक्रमणको निम्ति बाटो खन्नेछ । यसको लागि संयुक्त जनवादी क्रान्तिकारी सरकारले देशमा यस्तो यौटा जनवादी गणतन्त्रको अर्थात् जनताको जनवादी अधिनायकत्वको स्थापना गर्नेछ, जसले सामन्तवाद, साम्राज्यवाद तथा विदेशी पुजीवादविरोधी संघर्षमा सामेल हुने समस्त क्रान्तिकारी वर्ग तथा जनसमुदायको स्वार्थ रक्षा गर्नेछ, (२) ाईसे र चौबीसे राज्यका सम्पूर्ण अवशेषहरुलाई खतम गर्ने, पूर्वी नेपालको सुब्बाङ्गी तथा राई पगरीको चलनलाई खारेज गर्ने, देशको न्याय व्यवस्थालाई पूर्ण रुपले जनवादीकरण गर्ने तथा क्रान्तिविरोधी सम्पूर्ण तत्वहरुमाथि अधिनायकत्व कायम गरी क्रान्ति र जनताको रक्षा गर्नेछ । (३) जात, भात, धर्म, कर्म, वंश तथा लिङ्गको कुनै भेदभाव नगरी सबैलाई बराबर कामको बराबर ज्याला दिनेछ र जातिहरुको विशेषाधिकार खतम गर्नेछ, स्त्रीहरुलाई हर क्षेत्रमा समान अधिकार प्रदान गर्नेछ र क्रान्तिका विरोधमा सामेल भएका तत्वहरु, भूतपूर्व सामन्ती तथा साम्प्रदायिक तत्वहरुलाई दमन गर्नेछ, (४) देशको पुलिस र

फौजको जनवादीकरण गरी देशभक्तिःको भावना जगाउने, उनीहरुको परिवार र बालबच्चाको बसोबास शिक्षा, स्वास्थ्य आदिको सुप्रबन्ध गर्नेछ । (५) तथा नेपालमा बोलिने भाषा तथा बोलीहरुलाई समान स्थान दिनुको साथै नेपाली भाषालाई राज्यभाषाको रुपमा विकास गराउने र गुम्बाहरुमा ढेव बस्ने, बाधा, गोठाला, गोठाली, हली, जनौरी, हडौरी, हरवा राख्नेजस्ता करिया प्रथाका अवशेषलाई राख्न नपाउने भनी घोषणा गर्नेछ, सामन्ती अवशेषहरु जस्तो जिम्मौली, मुख्यौली, द्वारे प्रथा आदिको साथै बेठ बेगारी आदिलाई खारेज गर्नेछ र देशका नागरिकहरुलाई विदेश फौजमा भर्ना गर्न दिने छैन ।

(ख) नया जनवादी सरकारको आर्थिक नीति

हाम्रो आर्थिक नीति सामन्ती व्यवस्थालाई समूल नष्ट गर्ने तथा विदेशी पुजीलाई राष्ट्रियकरण गरी अर्धऔपनिवेशिक आर्थिक व्यवस्थाबाट देशलाई मुक्त गरी राष्ट्रिय पुजीलाई नियन्त्रित तथा नियोजित रुपमा विकास गर्न दिई दु्रतगतिलेसमाजवादी संक्रमणको स्थिति तयार हुनेछ। नया जनवादी सरकारको यस आर्थिक नीतिलाई कार्यान्वित गर्नको निम्ति यौटा जनवादी योजना आयोगको गठन गरिनेछ ।

१. कृषिको क्षेत्रमा जनवादी सरकारको नीति

किसानलाई जमिनको मालिक बनाई सामन्तवादलाई समूल नष्ट गर्ने ।

‘ नेपालको अर्थ व्यवस्थामा कृषिको अत्यन्त महत्वपूर्ण स्थान भएको कुरा सर्वविदित छ । नेपालको जनसंख्याको करिब ९३ प्रतिशतको जीवनको मुख्य आधार कृषि नै छ । २०२१-२२ को अनुमान अनुसार राष्ट्रिय आयको ६५ प्रतिशत कृषि क्षेत्रबाट नै उपलब्ध हुन्छ। नेपालको ३४,४७,२२ श्रमशक्तिको ९३ ÷ ४ प्रतिशत कृषि, वन आदिमा छन् । देशको निर्यातमा कृषि उत्पादन वस्तु करिब ८५ प्रतिशत छ । ’

तेस्रो योजनाको यस भनाइले आज हाम्रो समाजको सम्पूर्ण आर्थिक भार किसानको थाप्लोमा छ भन्ने कुरा सिद्ध गर्दछ । समाजको सम्पूर्ण भार बोक्ने किसानको जीवन अति शोचनीय अवस्थामा पुगेको छ । अधिकांश किसान जनता भोका, नांगा र गरीब छन् । देशको कामको कुनै प्रबन्ध नहुदा उनीहरु सालबसाली हजारौं संखयामा विदेश झर्द छन् । यसको एकमात्र कारण आजभन्दा दुईहजार वर्ष पहिलेदेखि नेपालमा चल्दै आएको सामन्ती शोषण व्यवस्था नै हो ।

नेपालमा एकीकरणको प्रक्रिया सुरु हुन थालेपछि एकातिर सामन्तहरु क्रमशः महासामन्त, राजा महाराजाधिराज तथा नरनारायणको स्थितिमा पुगे भने अर्कोतिर किसानको शोषणको रफ्तार झन बढ्दै गयो । यिनै किसानहरुको रगत र पसिनाको शोषणबाट सामन्तहरुले ठूलाठूला महलहरुको निर्माण गरे, सामन्ती शासक वर्गको जीवन ऐयासी हुदै गयो र जनतामा शोषण बढ्दै गयो । नेपालमा अन्तर्राष्ट्रिय सम्पर्कबाट विदेशी सामान प्रवेश हुन थालेपछि सामन्तहरुले शोषणको रफ्तार बढा.न थाले । उनीहरुले कुतको दर, बेठ-बेगारी तथा अन्य रकमहरु बढाउन थाले र

व्याजमा पैसा लगाउन पनि अग्रसर भए । आज नेपालमा विशेषगरी पहाडी इलाकामा, यसको चलन ठूलो अभिशापको रुपमा देखापरेको छ । यिनै सामन्तहरु क्रमिक रुपले बन्दव्यापारमा पनि उत्रन थाले । यसको अतिरिक्त सामन्ती धर्म-गुरुहरुको पहु चनेपालको कुना-काप्चामा पुगन थाल्यो र यिनले मठ, मन्दिर तथा गुम्बाको नाममा गुठी कायम गरी किसान जनताको शोषण गर्न थाले ।

सामन्ती शोषणको फलस्वरुप आज हाम्रो देशमा जनसंख्याको ३० प्रतिशत सुकुम्बासी तथा ४० प्रतिशत भन्दा बढी जनता गरीब किसानको स्थितिमा पुगेका छन् । घरबारविहीन भएका किसानका छोराहरुलाई साम्राज्यवादको हातमा बेची राणा सरकारले सालबसाली ठूलो रकम प्राप्त गर्दथ्यो । अहिले यो रकम श्री ५ को ढुकुटीमा दाखेल हुन्छ।

हामीले सामन्ती व्यवस्थाविरोधी क्रान्ति भन्नुको मतलब उपरोक्त सम्पूर्ण सामन्ती शोषणलाई खतम गरी किसानलाई जमिनको मालिक बनाउनु हो । तर आज हाम्रो देशमा भइरहेको भूमिसुधारले सामन्ती व्यवस्थाको अन्त्य नगरी सामन्ती शोषणलाई केही खुकुलो मात्र पार्ने काम गर्नेछ । सामन्ती वर्गको अहित नगरी किसान वर्गको हित हुनसक्दैन । यस भूमिसुधारले देशका विशाल किसान जनसमुदायलाई कुनै विशेष फाइदा दिन सक्दैन । यसले धनी किसानको एक जमात तयार गर्नेछ र यस जमात हस्ते सामन्ती शोषक वर्गले गाउ देहातमा आफ्नो सहायक वर्ग तयार गर्नेछ ।

जबसम्म किसानको अधिकांश हिस्सालाई जमिनबाट बञ्चित राखिन्छ तबसम्म (१) कृषिको अधिकतम विकास गरी देशमा प्रशस्त अनाज र कच्चा माल उत्पादन गर्न सकिन्न, (२) देशमा औद्योगिकरण गर्न सकिंदैन र किसानको क्रयशक्तिको अभावले गर्दा राष्ट्रिय बजारको अभिवृद्धि पनि गर्न सकिंदैन । (३) श्रम बजारमा तीव्र प्रतिस्पर्धाले गर्दा मजदुरहरुकोज्यालाको दरमा पनि बृद्धि गर्न सकिंदैन (४) राष्ट्रिय संस्कृतिको स्तर उठाउन सकिने छैन र भोका नांगा गरीब किसानका छोराछोरी अशिक्षित नै रहनेछन्, (५) किसानहरु औषधि उपचारको साधनबाट बञ्चित हुने हुदा राष्ट्रिय स्वास्थ्यको संरक्षण गर्न सकिने छैन (६) राष्ट्रिय सम्पत्तिको सदुपयोग हुनेछैन र नेपाल हमेशा नै पछौटे रहनेछ तथा (७) गोर्खाभर्ति, कुल्ली, दरबानी आदिबाट राष्ट्रका निधारमा लागेको कलंकको टिको मेटिने छैन र नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मानको स्थान पनि प्राप्त गर्न सक्ने छैन ।

अतः क्रान्तिकारी जनवादी सरकारले सामन्ती उत्पादन व्यवस्था र शोषणको सम्पूर्ण रुपले समूल नष्ट गरी जमिनमा किसानको स्वामित्व कायम गरी कृषिमा समाजवादी पृष्ठभूमि तयार पार्नको निम्ति (१) सामन्ती शोषणहरुको सम्पूर्ण जग्गा जमिन र कृषि औजार, बिना मुआब्जा जफत गरी सुकुम्बासी तथा गरीब किसानहरुलाई बिना मूल्य वितरण गर्नेछ, (२) सरकारी जंगी तथा निजामतीका निम्ति बैतनिक जवान तथा कर्मचारी, मध्यमवर्ग, नाबालक, विधवा, बुढा, बुढी, लुलालंगडा आदिको जमिन हदबन्दी गरी तराईमा ५ विगाहा, पहाडमा १६ रोपनी र उपत्यकामा १० रोपनीको अतिरिक्त अन्य सम्पूर्ण जमिन जफत गरिदिनेछ, (३) किसानलाई मोहियानी हक प्रदान गरिदिनेछ, (४) मठ, मीन्दर, मस्जिद, गुम्बा आदिको गुठी खारेज गरी जोताहाको नाममा जमिन बिना मूल्य दर्ता

गरिनेछ र धार्मिक कार्यको निम्ति आवश्यक रकम सरकारद्वारा प्रदान गरिदिनेछ । (५) मुआब्जा खतम गरी जिरायत बिनामूल्य जोताहाको नाममा दर्ता गरिदिनेछ, (६) किसान तथा गाउका दस्तकारको नाउमा लादिएको सामन्ती सूदखोरहरुको ऋणलाई जायज वा नाजायज भनी छुट्याउनको लागि एउटा 'तमसुक जाच कमिसन ' गठन गरी त्यसले नाजायज ठह¥याएका सबै तमसुक जलाइदिनेछ, (७) समाजवादको संक्रपमणकालमा धनी किसानी आर्थिक व्यवस्था एक हदसम्म कृषि उत्पादन कार्यमा उपयोगी हुने हुदा यसको रक्षा गर्नेछ, खेतीहर मजदुरलाई जीवनयोग्य ज्यालाको ग्यारेन्टी दिनेछ सहयोगी संस्थाहरुको स्थापनाद्वारा किसानहरुलाई खेतीको विकासको निम्ति सस्तो व्याजको दरमा ऋणको व्यवस्था र सस्तो मूल्यमा मल, जल, औजार आदिको व्यवस्था गर्नेछ (८) किपट प्रथा खतम गरी त्यसलाई रैकर सरह व्यवहार गर्नेछ, (९) पर्ति तथा कृषियोग्य जमिन गरीब तथा सुकुम्बासी किसानलाई बिनामूल्य वितरण गर्नेछ र खेती गर्न सबै प्रकारको सुविधा दिनेछ (१०) ठूलाठूला गोठहरु बिनामुआब्जा जफत गरी गोठालाहरुको साझा संस्थाको मालिकत्वमा चलाइनेछ तथा (११) जीवजन्तुहरुको राम्रो नस्ल र उपचारको निम्ति आवश्यक स्थानमा पशुशालाहरु राख्ने व्यवस्था गर्नेछ ।

२. वाणिज्य, व्यापार, उद्योग तथा मजदुरनीति

कृषिबाहेक अरु व्यवसायमा ४.१६ प्रतिशत व्यक्ति मात्र लागेका छन् । यसका एकमात्र कारण जम्मा जनसंख्या ३.६२ प्रतिशत व्यक्ति शहरी क्षेत्रमा बसोबास गरिराखेका छन् । साथै ग्रामीण क्षेत्रमा कृषि व्यवसायबाहेक अन्य व्यवसायमा अति कम देखिन्छन् ।

तेस्रो योजनाको यस भनाइले हाम्रो देशमा बाणिज्य, व्यापार र उद्योगको स्थिति गन्य रुपम ारहेको छ भन्ने कुरा स्पष्ट गर्दछ । यस आर्थिक स्थितिले गर्दा नेपालको प्रतिव्यक्ति औसत आय अन्य विकसित देशको तुलनामा मात्र होइन विकाशोन्मुख देशहरुको तुलनामा पनि अत्यन्त कम छ । यसको मतलब हो विकासोन्मुख देशको विकासको भन्दा हाम्रो विकासको रफ्तार अति ढिलो छ । आजको युगमा देश विकासको मापदण्ड नै औद्योगिकीकरण हो । औद्योगीकरण बिना न देशको राष्ट्रिय व्यापार राष्ट्रहित अनुकूल हुनसक्छ न त कृषिमा लागेका श्रमशक्ति र पुजीको लगानीको बोझलाई हटाउन सकिन्छ । क्रान्तिकारी भूमिसुधारले औद्योगीकरणको निम्ति आवश्यक श्रमशक्ति, पुजी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार प्रदान गर्दछ । फेरि आज विश्वमा समाजवादी व्यवस्थाको स्थापनाले गर्दा समाजवादी राष्ट्रहरुको निःस्वार्थ सहायता, सहयोग तथा ऋण पनि देशको औद्योगीकरणको निम्ति ठूलो मौका प्राप्त भएको छ । २००७ सालदेखि आजसम्मका सरकारहरुले यसअनुरुपको नीतिको अनुसरण गर्नुको सट्टा त्यसको बिलकूल विपरीत नीति अपनाउदै आएका छन् ।

आजसम्म नेपालमा तीनवटा योजनाहरु लागू गरिए । पहिलो योजना देशको पुजीपति वर्गको तत्वाबधानमा तयार भएको हो । दोस्रो र हाल चालू तेस्रो योजना सामन्ती वर्गले प्रस्तुत गरेको हो । यी सबै योजनाहरु मुख्यतः विदेशी पुजीमा नै आधारित छ । आजसम्मका योजनाहरुको मुख्यस्रोत विदेशी पुजी नै हो, त्यसमा पनि विशेषगरी अमेरिकी

अंग्रेजसाम्राज्यवाद र भारतीय एकाधिकार पुजीवाद हो । त्यसमा समाजवादी राष्ट्रहरुको सहायता नगन्य रुपमा छ ।

विदेशी पुजीमा आधारित योजनाले लाजमर्दो स्थिति उत्पन्न गरेको हुदा तेस्रो योजनामा पहिलोको तुलनामा विदेशी पुजीको मात्रा कम देखाइएको छ । २ सय ५० करोडको योजनामा ४३.२४ प्रतिशत विदेशी पुजी छ । अहिले पनि सरकारले दिएको आंकडाअनुसार ६४ प्रतिशत हुन आउछ । त्यसमा गैरसरकारी क्षेत्रबाट १४ प्रतिशत र वैदेशिक ऋणबाट ८ प्रतिशत आर्थिक स्रोत देखाइएको छ । स्पष्ट छ यी दुवै स्रोतहरु मुख्यतः अमेरिकी अंग्रेजीसाम्राज्यवाद र भारतीय एकाधिकार पुजीवाद नै हुन् । यस हिसाबले हेर्दा तेस्रो योजनाको रकमको लगभग ६८ प्रतिशतको स्रोत अंगज अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुजीवाद देखिन्छ ।

यत्रो ठूलो मात्रामा विदेशी पुजीको लगानी हुदा पनि तेस्रो योजना आधारभूत उद्योगहरु खोल्ने पक्षमा छैन । त् इसले गर्दा 'कुन उद्योगलाई सरकारी क्षेत्रमा तथा कुनलाई गैरसरकारी क्षेत्रमा स्थापना गर्ने भन्ने सैद्धान्तिक वादविवादमा नलगाी यसको लागि व्यवहारिक दृष्टिकोण अपनाइनेछ ' भनी तेस्रो योजनाले स्पष्ट रुपमा बताएको छ । यो व्यवहारिक दृष्टिकोण भनेको नै विदेशी पुजीलाई निम्ता दिइएको हो । यसको निम्ति विदेशी पुजीलाई अनेक प्रकारका सहुलियतहरुप्रदान गर्ने नियमावली प्रकाशित गराैको छ । उनीहरुलाई कच्चा माल प्राप्ति र सस्तो श्रम-शक्तिको उपयोग गर्ने, मुनाफालाई स्वदेश लैजाने, विदेशी मुद्राको सटहीको व्यवस्था गर्ने, राष्ट्रियकरण नगर्ने ग्यारेन्टी आदि सुविधाहरु प्रदान गरिएका छन् । यत्रो सुविधा प्राप्त हुदा पनि आधारभूत उद्योगहरुमा विदेशी पुजीको लगानी देखिंदैछ । नव-उपनिवेशवादी नीतिको आधारमा उनीहरु विशेष रुपले उयपभोगका उद्योगमा नै पुजी लगानी गर्न चाहन्छन् । विदेशी पुजी नेपालमा औद्योगीकरण गर्ने पक्षमा नभई केवल नेपालको स्रस्तो श्रमशक्ति, प्राकृतिक साधन र कच्चा मालको उपयोग गरी आफ्नो मुनाफा बढाउने पक्षमा छ । सरकारको यस्तो औद्योगिक नीतिको परिणामबाट देश सदैव अर्धऔपनिवेशिक स्थितिमा रहनेछ । यो नीति वास्तवमा भन्ने हो भने राणा सरकारको नीतिभन्दा पनि सैद्धान्तिक रुपले निम्न छ । राणाशाहीको समयमा औद्योगिक क्षेत्रमा विदेशी पुजीलाई निम्त्याउदा राष्ट्रिय पुजीको प्रतिशत ५१ र विदेशी पुजीको ४९ थियो ।

आज समाजवादी राष्ट्रहरुका सहायताबाट निर्माण भएका केही उद्योग धन्दा, सडक, विद्युत प्राजेक्ट, चिनी कारखाना, चुरोट कारखाना आदि छन् । यस तेस्रो योजनामा पनि रुसको सहयोगले सिमरा जनकपुर सडक र एक कृषि औजार कारखाना बन्ने र चीनबाट ६ करोडको सहायता प्राप्त हुनेआर्थिक स्रोत देखाइएको छ ।

समाजवादी राष्ट्रहरुबाट प्राप्त हुने सहयोगलाई राजाले साम्राज्यवादी तथा भारतीय एकाधिकार पुजीवादीसग मोल मोलैया गर्न र आफ्नो देशको जनताको आखामा छारो हाल्नको लागि मात्र आजसम्म प्रयोग गर्दै आएका छन् । आफ्नो शाही पञ्चायती व्यवस्थालाई सुदृढ गर्नको निम्ति नवउपनिवेशवादी आर्थिक नीति अनुकूल विदेशी पुजीलाई देशमा प्रवेश गराउदै छन् । यसले गर्दा नेपालको राष्ट्रिय पुजीको विकासमा बाधा पुगिरहेको छ र विदेशीपरस्त

पुजीवाद क्रमशः फस्टाउदैछ । राणाकालीन नेपालमा भारतीय पुजीले प्रवेश गर्ने मौका पाउदा भारतपरस्त एउटा पुजीवादीस्तर नेपालमा तयार भएको थियो । अब त्यसो नभई अनेक हुन्छन् । कारण आज नेपालमा भारतबोहक अमेरिका, पश्चिम जर्मनी, फ्रान्स, स्वीट्जरलयण्ड, जापान, इजरायल, पाकिस्तान आदि देशका पुजीपतिहरुले पनि पुजी लगानी गर्न आउन थाले ।

हाम्रो क्रान्तिको लक्ष्य सामन्तवाद, साम्राज्यवाद तथा विदेशी एकाधिकार पुजीवादलाई खतम गर्नु भएको हुदा नया जनवादी क्रान्तिकारी सरकारले साम्राज्यवाद तथा विदेशी एकाधिकार पुजीवादको सम्पूर्ण लगानीलाई बिना मुआब्जा जफत गरी राष्ट्रियकरण गरिदिनेछ । उनीहरुको आगामी प्रवेशद्वारा बन्द गरिदिन्छ र नया जनवादी बाणिज्य, व्यापार तथा औद्योगिक नीति लागू गर्नेछ । नया जनवादी क्रान्तिकारी सरकारले राष्ट्रिय पुजीलाई नियन्त्रित तथा नियोजित रुपमा विकास गर्न दिई समाजवादी संक्रमणको निम्ति पृष्ठभूमि तयार गर्न (१) विभिन्न उद्योगधन्दा, बन्द व्यापार, बैंक, यातायात, औद्योगिक संस्था, कोशी, गण्डक योजना, आदिमा लगानी गरिएका विदेशी पुजीलाई बिना मुआब्जा जफत गरी राष्ट्रियकरण गर्नेछ (२) देशमा आधारभूत उद्योगधन्दाहरु- यातायात, संचार, ऋण, संस्था, बैंक आदि राजकीय क्षेत्रमा सरकारले चलाउनेछ (३)देशको आर्थिक व्यवस्थामा राजकीय उद्योगधन्दाको प्रभुत्व कायम गर्नेछ, (४) देशको आर्थिक व्यवस्थामा हानी नहुने गरी राष्ट्रिय पुजीलाई नियोजित तथा नियन्त्रित रुपले विकास गर्न दिनेछ, (५) विदेशमा लगानी गरिएको नेपाली पुजीलाई देशमा फर्काइ यस्ता उद्योगमा लगानी गराउन प्रोत्साहित गर्ने, (६) जमिनबाट बञ्चित गरिएका भूमिपतिहरुलाई यस्ता उद्योगमा उनीहरुको पुजी लगानी गर्नमा विशेष सुविधा प्रदान गरी प्रोत्साहित गर्नेछ र यस्ता उद्योगहरुको विकास गराउनको निम्ति आवश्यक परेमा सरकारले कच्चामाल, पुजी तथा बजारको पनि बन्दोबस्ते गर्नेछ, (७) शहरी तथा ग्रामीण दुवै क्षेत्रमा कुटीर उद्योग, राष्ट्रिय कला, शिल्प, दस्तकारी आदिको विकासमा प्रोत्साहन र सहायता प्रदान गर्नेछ तथा यिनीहरुलाई विभिन्न पेशाको साझा संस्थामा संगठित गरी सस्तो व्याजमा दीर्घकालीन सरकारी ऋणको व्यवस्था गर्नको साथै उत्पादनको खपतको निम्ति बजारको पनि व्यवस्था गर्नेछ । शहर र ग्रामीण दुवै क्षेत्रमा साना व्यापारीहरुको साझा गठन गराई उनीहरुलाई होडबाट बचाउने र उनीहरुको अधिकार सुरक्षित राख्नेछ तथा (८) मजदुर किसान तथा मध्यम वर्गलाई मार नपर्ने कर नीति सरकारको हुनेछ ।

सरकारको उद्योग नीतिलाई मजदुर नीतिबाट अलग गरी हेर्न सकिन्न । नया जनवादी आर्थिक व्यवस्थामा उद्योगधन्दाको संचालनमा मजदुर वर्गको अति नै महत्वपूर्ण भूमिका हुन्छ । क्रान्तिकारी जनवादी सरकारको मजदुर नीति (क) जीवनलायक ज्यालाको निर्धारण गर्ने, (ख) कामको घण्टा क्रमिक रुपले घटाउदै लैजाने (ग) अंगभंग भएका मजदुरकोउपचार तथा जीवनयापनको व्यवस्था उद्योगपतिहरुको खर्चमा गराउने, (घ) मजदुरहरुको बसोबासको प्रबन्ध गर्ने, (ङ) बुढौतीमा भत्ताको व्यवस्था गर्ने (च) मजदुरलाई युनियन गठन गर्ने र हड्ताल गर्ने तथा सामूहिक रुपले उनीहरुको ज्यालामा मोलमोलैया गर्ने अधिकार दिने, (छ) उनको केटाकेटीहरुको शिक्षा-दीक्षाको प्रबन्ध गर्ने र नाबालकलाई काममा लगाउने कुरामा प्रतिबन्ध लगाउने, (ज) स्त्री मजदुरलाई बराबर कामको बराबर

ज्याला दिने र सुत्केरी हुनुभन्दाएक महिना पहिले र पछि दुई महिनासम्म तलबसहित बिदा दिने तथा (झ) साना ठूला सबै औद्योगिक केन्द्रहरुमा शिशुगृहकोनिर्माण गर्नेछ ।

(ग) क्रान्तिकारी जनवादी सरकारको सांस्कृतिक नीति

नेपालको परम्परागत नाचगान, पोशाकलगायत पूरा नेपाली संस्कृतिको संरक्षण र उचित विकास गर्नेतर्फ ध्यान दिनु आवश्यक भएकाले यस योजनाकालमा यसतर्फ पनि आवश्यक कदम चालिनेछ ' भनी तेस्रो योजनामा उल्लेख छ । तेस्रो योजनाको यस भनाइमा नेपालको परम्परागत संस्कृतिको संरक्षण तथा उचित विकास गर्ने कुराको उल्लेख गरिएको छ, तर नेपालको सांस्कृतिक परम्परा के हो भन्ने कुराको व्याख्या गरिएको छैन । जबसम्म राष्ट्रिय संस्कृतिको परिभाषा गरिन्न तबसम्म यो काम हुनसक्तैन । संस्कृति कुनै दिव्य शक्तिको देन तथा अपरिवर्तनशील नभई सामाजिक विकासको क्रमम ाउत्पन्न हुनेर यस परिवर्तन हुनासाथपरिवर्तन हुदैजाने मानसिक क्रियाकलाप हो । कुनै पनि संस्कृतिमा पनि कुनै आर्थिक तथा राजनीतिक व्यवस्थाको प्रतिविम्ब हुन्छ। अतः संस्कृति विशुद्ध रुपले राष्ट्रिय नभई वर्गीय छापले रंगिएको हुन्छ। तसर्थ राष्ट्रिय संस्कृतिको परिभाषा पनि युगयुगअनुसारको हुन्छ ।

आज नेपालमा राष्ट्रिय संस्कृतिको नाममा राजा र राजतन्त्रलाई केन्द्रविन्दू बनाई साहित्य, कला, संस्कृति आदिको प्रचार-प्रसार गराइदैछ । अन्वेषणजस्तो महत्वपूर्ण कार्य पनि यसै पूर्व निश्चित धारणाअनुसार गर्न बाध्य गराइन्छ । नेपालको इतिहासलाई पनि यसैअनुरुप पेश गराइनछ । राजाको वर्ग स्थितिमा पर्दा हाल्नको लागि देश र नरेशलाई एक अर्काको पर्यायबाची शब्दको रुपमा प्रयोग गराइन्छ । यी सम्पूर्ण कार्य वर्गसमन्वयको सिद्धान्तको आधारमा हुदैछन् । यसले नपुगी पुजीवादी राष्ट्रहरुका पतनोन्मुख पुजीवादी संस्कृतिलाई खुला रुपले नेपालको राष्ट्रिय जीवनमा प्रवेश गराई प्रचारप्रसार गर्नमा विशेष जोड तथा प्रोत्साहन दिइदैछ । यौन-प्रधान साहित्य प्रचार-प्रसारमा ल्याइएको छ । यसरी शिक्षित समुदायलाई सृष्टिको गर्भदेखि नै पथभ्रष्ट गराउने काम भइरहेको छ । हामीले नेपालको राष्ट्रिय संस्कृतिलाई वैज्ञानिक दृष्टिकोणले अध्ययन गर्नुपर्दछ । समाज विकासको क्रममा मातृसत्तात्मक समाज देखापर्दा 'मातृभक्ति' , पितृसत्तात्मक समाज देखापर्दा 'पितृ उद्धार समो धर्मनाइ ' , सामन्ती समाज देखापर्दा 'नर नारायण ' , अर्धसामन्ती समाज परिवर्तन भएपछि 'मानिसहरुको काध चढी कुन मन्दिरमा जाने हो ' र त्यस्तै पुजीवादी व्यवस्थाको प्रभावले गर्दा अर्ध-सामन्ती समाजमा मजदुरवर्ग देखापरेपछि 'पहाड पर्वत, खोला नाला, जग्गा जमिन, सबको, मालिक हामी दास बनौं किन हिस्सा सबमा सबको ' , भन्ने संस्कृति नेपालमा देखिन आयो ।

जसरी एक वर्गको आर्थिक र राजनीतिक स्वार्थ अर्को वगैको स्वार्थसग टकराउछ त्यसरी नै एक वर्गको संस्कृतिसित अर्को वर्गको संस्कृति पनि टकराउछ । समाज-विकासको दौरानमा एउटा वर्ग उत्पादन-साधनको मालिक हुनपुग्दछ र यसले जीवनदेखि असम्बन्धित 'कला कलाकोनिम्ति ' भन्ने सिद्धान्त प्रतिपादन गर्दछ । यसअनुसार कला,

साहित्य तथा संस्कृति जीवनको निम्ति नभई मनोरञ्जन साधनमात्र हुन्छ। शासक वर्ग नेपालमा यस्तै संस्कृतिको विकास आज गराउदैछ र पतनोन्मुख तथा विषाक्त पश्चिमीसाहित्यको प्रचार गराउदैछ । तर यसको मतलब नेपालको आफ्नो राष्ट्रिय संस्कृति छैन तथा सबै अन्तर्राष्ट्रिय संस्कृतिहरु अछुत हुन् भन्ने होइन । आफ्नै शरीर भनेर यसको सफाई नगर्ने कुरा हुदैन, न त खान पाइयो भन्दैमा अखाद्य वस्तु खाइन्छ । जसरी मानिसले आफ्नो शरीरको सफाई गर्दछ त्यसैगरी आज नेपालको राष्ट्रिय संस्कृतिको पनि सफाई हुनुपरेकोछ । हाम्रा किसान, मजदुर, कालीगड, बुद्धिजीवी आदिले आफ्नो संस्कृतिको विकास गरेका छन् । तर शासक वर्गले यसलाई दबाइदिएको छ । अतः हामी यस्तो संस्कृतिलाई शासकबाट मुक्त गरी विकास गर्ने पक्षमा छौं । माक्र्सवादीहरुको निम्ति कला मनोरञ्जनको साधन नभई क्रान्ति चलाउने र जीवनको समृद्धि गर्ने साधन हो । फेरि जसरी मानिसले खानामा खाद्य र अखाद्य छुट्याउछ त्यसरी नै अन्तर्राष्ट्रिय संस्कृतिमा पनि जनवादी क्रान्तिको लागि ग्राह्य र अग्राह्य छुट्याउनुपर्दछ । हामीलाई बेलायत, फ्रान्स तथा अमेरिकाको त्यसबखतको संस्कृति ग्राह्य हुन्छ, जतिबेला उनीहरु सामन्तवाद तथा औपनिवेशिक व्यवस्थाको विरुद्ध संघर्ष गरिरहेका थिए । आज एशियाली, अफ्रिकाली तथा ल्याटिन अमेरिकाली देशका मुक्ति संग्राम र क्रान्ति तथा जनवादी सशस्त्र क्रान्तिमा लागेका जनताको संस्कृतिले जनवादी क्रान्ति चलाउन नेपालका क्रान्तिकारीहरुलाई ठूलो प्रेरणादिने हुदा यस्तो संस्कृति हाम्रो निम्ति ग्राह्य छ ।

हामी समाजवादी संस्कृतिको पक्षमा हुदाहुदैपनि तत्काल त्यसलाई हाम्रो संस्कृतिको प्रधान अंगको रुपमा विकास गर्ने कुरा गर्दैनौं । अहिले हाम्रो क्रान्तिको चरण सर्वहारा वा समाजवादी नभई सामन्तवाद तथा साम्राज्यवादविरोधी नया जनवादी भएको हुदा आजको हाम्रो संस्कृति नया जनवादी क्रान्ति सम्पन्न गर्न क्रान्तिकारी उत्साह र प्रेरणा दिने र जनवादी आर्थिक तथा राजनीतिक व्यवस्थाको पक्षमा मत जाहेर गर्ने खालको हुनुपर्दछ। क्रान्तिका मित्रशक्तिहरुमा क्रान्तिकारी उत्साह भर्ने तथा विरोधहरुप्रति घृणा उत्पन्न गर्ने खालको हुनुपर्दछ। एक शब्दमा भन्ने हो भने आजको हाम्रो संस्कृतिको सार राष्ट्रिय स्वरुप तथा जनवादी क्रान्तिकारी गुदी भएको हुनुपर्छ। अर्थात् वैज्ञानिक अन्तरवस्तुयुक्त हुनुमा रहेको छ । यसका निम्ति नया जनवादी क्रान्तिकारी सरकारले (१) नेपालको राष्ट्रिय तथा क्रान्तिकारी जीवनको चेतनालाई विषाक्त गर्ने सामन्ती, पुजीवादी तथा साम्राज्यवादी संस्कृतिको अन्त गर्नेछ, (२) समाज-विकास र एकीकरणको दौरानमा विभिन्न जातिहरुको सम्मिश्रणबाट उत्पन्न भएको नेपाली संस्कृतिलाई राष्ट्रियता र क्रान्तिकारी भावनाको आधारमा विकास गराउनेछ, (३) सबै जातिहरुलाई आआफ्नो तरिकाको जीवनयापन गर्न दिनुको साथै उनीहरुलाई परम्परागत प्रक्रियाबाट मुक्त गर्नेछ, (४) सबै जातिहरुको कला, कौशल तथा साहित्यलाई राष्ट्रियता र क्रान्तिकारी जनवादी भावनाको आधारमा विकास गराउनेछ, (५) सबै जातिहरुको भाषा, बोली, लोकगीत, नाचगान, बजाना आदिको विकास गर्न सबैलाई समान अवसर प्रदान गर्नेछ र लिपीको पनि विकास गराउनेछ, (६) जनतालाई अन्धविश्वास, रुढी-बुढी तथा जनवादविरोधी भावनाबाट मुक्त गरी सबै जातिहरुको बीचमा सामन्जस्यता स्थापित गराउनेछ, (७) कुनै पनि जाति वा व्यक्तिलाई कुनै पनि प्रकारको विशेष सुविधा प्रदान गर्ने छैन र छूवाछुत प्रथा खतम गर्नको साथै पछौटे र तथाकथित अछुत जातिहरुको विकासको निम्ति विशेष प्रयत्न गर्नेछ, (८) शिक्षाको उद्देश्य एक शिक्षित सुविधा सम्पन्न समुदायको जमात तयार गर्ने नभई

जनवादी क्रान्तिलाई अगाडि बढाउन सामाजिक उत्पादनमा सहायक र उपयोगी बनाउनुभएको हुदा यसको निम्ति आवश्यकताअनुसार कला, विज्ञान तथा टेक्निकल शिक्षण संस्थानहरुको व्यवस्था गर्ने । देशका कला, कौशल र बेदाङ्गी शास्त्रलाई रुढी बुढीबाट मुक्त गर्ने तथा कालीगढ, सिकर्मी, डकर्मी, सुनार, सुडेनी, वैद्य आदिको कौशलमा विशेष उन्नति गराउन उनीहरुलाई विशेष शिक्षा प्रदान गर्ने प्रबन्ध गर्नेछ, (९) हाइस्कूलसम्म निःशुल्क र अनिवार्य शिक्षाको प्रबन्ध गर्नेछ, (१०) शान्ति, जनवाद र समाजवादको विकासमा सहायक बन्ने संस्कृतिको विकास गर्न सामन्ती प्रतिक्रियावादी तथा साम्राज्यवादी संस्कृतिको दमन गरी यिनीहरुका स्मारकहरुलाई म्यूजियममा पु¥याउनेछ र क्रान्तिकारी जनवादी सरकारलाई मान्यता दिने विश्वका सबै राष्ट्रसग सांस्कृतिक प्रतिनिधि-मण्डलको आदानप्रदान गराउनेछ ।

(घ) क्रान्तिकारी जनवादी सरकारको धार्मिक नीति

नेपालको इतिहासमा आखा लगाउने हो भने आर्थिक, राजनीतिक, सामाजिक आदि दृष्टिकोणले काठमाडौं उपत्यका नै केन्द्रस्थल भएर आएको छ । यही कुरालाई धार्मिक क्षेत्रमा पनि निर्विवाद रुपले लागू हुन्छ । हाम्रा पूर्वजले प्रकृतिपूजक स्थितिलाई पार गरी बुद्ध-मार्गमा प्रवेश गरेपछि विशेषगरी लिच्छवी युगमा हिन्दू धर्मको पनि क्रमिक रुपले प्रभाव बढेर गयो । त्यसबखत हाम्रा पूर्वजहरु दुई परस्परविरोधी बुद्ध तथा हिन्दु, सम्प्रदायमा विभक्त भएर गए । दुवैले आ-आफ्नो धर्मलाई श्रेष्ठतर देखाउनको निम्ति आआफ्नो प्राचीनता सावित गर्ने कोशिसमा स्वयम्भू पुराण र पशुपति माहात्म्यको रचना गरे ।

धार्मिक क्षेत्रमा देखापरेको यस अन्तर्विरोध दुई सम्प्रदायको बीचमा संघर्ष भई देशको आर्थिक व्यवस्था नै चौपट हुने आशंका देखिएको हुदा हाम्रा पूर्वजहरुले धार्मिक सम्प्रदायबाट माथि उठी नेपाल महात्म्यको रचना गरे यिनको नाममा संगठित हुनाले नेपाली राष्ट्रियताको विकास भएर गयो । अतः यसले नेपालको इतिहासमा निकै महत्व राख्दछ ।

जनतामा व्याप्त राष्ट्रिय भावनाले गर्दा शासक वंशहरुले पनि धर्मप्रति सहिष्णुताको नीति अपनाउनुपरेको हो । त्यसको निम्ति राजाको उदार भावना मुख्य कारण नभई जनतामा व्याप्त राष्ट्रिय भावना नै मुख्य हो । नेपालमा सामन्ती आर्थिक व्यवस्था बलवान हुदै जानथालेपछि बलियो राजतन्त्रको आवश्यकता हुदै गयो । यसको निम्ति बुद्धधर्मले भन्दा हिन्दू धर्मले सैद्धान्तिक आधार दिन सक्ने हुदा नेपालको सामन्ती वर्गले क्रमशः हिन्दू धर्मको पक्ष लिन थाल्यो । राणायुगमा यो पराकाष्ठामा पुग्यो । आजको सामन्त शाही पञ्चायती व्यवस्थामा पनि प्रतिक्रियावादी हिन्दूवादलाई विशेष रुपले प्रोत्साहन दिइदैछ । यसैलाई राज्य-धर्मको स्थान प्राप्त हुन्छ।

आज हाम्रो देशमा बुद्ध र हिन्दू धर्मबाहेक इसाई, इस्लाम, आदि अन्य धर्म मान्ने सम्प्रदाय पनि छन् । सरकारको हिन्दूवादी पक्षपाती नीतिले गर्दा अन्य धार्मिक सम्प्रदायलाई प्रतिक्रियावादी तत्वले धार्मिक भावनाको आडमा एक सम्प्रदायको विरुद्ध अर्को सम्प्रदायलाई उठाई जनताको जनवादी भावना र संघर्षलाई आघात पु¥याई आफ्नो

स्वार्थसाधन गर्दैछन् । यसबाहेक विभिन्न विदेशी प्रतिक्रियावादी शक्तिहरुले पनि यस्ता साम्प्रदायिक तत्वहरुसग साठगाठ गरी सामन्तविरोधी जनवादी आन्दोलन र साम्राज्यवादका विरुद्ध प्रतिक्रियावादी प्रचार गराउन यिनीहरुलाई उपयोग गरिरहेका छन् ।

जनताको धार्मिक विश्वासबाट फाइदा उठाई विभिन्न धार्मिक सम्प्रदायका साम्प्रदायिकतावादी अधिकारीहरुले जनतालाई परलोकको आशा देखाई यस लोकमा नारकीय जीवनको विरुद्ध हुने संघर्षमा तगारो हाली आफ्नो स्वार्थ साधन गरिरहेका छन् । यो निर्विवाद सत्य कुरा हो कि नेपालमा प्रचलित सम्पूर्ण धर्मिहरु बुद्ध, हिन्दू, इसाई तथा इस्लामले आफ्नो उत्पत्तिको सुरुमा प्रगतिशील भूमिका खेलेका थिए । हाम्रो नेपाल महात्म्यले पनि त्यस्तै प्रगतिशील भूमिका खेलेको थियो । तर आज यी धर्महरु देशको सामन्ती वर्गको स्वार्थसाधनका रुपमा देखापर्न आएका छन् । एकातिर देशका जनता प्रतिदिन भोका, नांगा र गरीब भइरहेका छन् भने अर्कोतिर मुट्ठीभर यी धर्मधिकारीहरु जनताको भेटी, दान, दक्षिणा आदि कुरा ऐयाशी जीवन बिताउदै छन् । हामीले जनताको धार्मिक भावनामा आघात नपु¥याई उनीहरुलाई आजको धार्मिक शोषणबाट मुक्त गरी सबै धार्मिक समुदायलाई नया जनवादी सरकारले (१) कुनै पनि धर्मलाई राजकीय धर्मको स्थान दिने छैन र नेपालको क्रान्तिकारी जनवादी राज्यसत्ता धर्म-निरपेक्ष राज्य-सत्ता भनी घोषित गर्नेछ, (२) धर्मलाई व्यक्तिगत विश्वासको कुरा मानी कुनै पनि व्यक्तिलाई आफूले चाहेको धर्म अवलम्बन गर्न दिनेछ, (३) धर्मको पक्ष र विपक्षमा प्रचार गर्न सबै नागरिकलाई समान रुपले अधिकार दिनेछ, (४) धर्मको नाममा गुरु, पुरोहित, साधु, सन्त, महन्त, मुल्ला, मौलवी भन्ने तथा पादरीबाट हुने सम्पूर्ण शोषण जस्तै ढेव प्रथा, जमिनसग सम्बन्धित गुठी प्रथा, भण्डारा प्रथा आदिलाई खतम गर्नेछ (५) धर्मलाई सम्पूर्ण शिक्षण संस्थाबाट अलग्याउनेछ (६) मठ, मन्दिर, मस्जिद, गुम्बा आदिको सम्पत्तिलाई राष्ट्रियकरण गर्नेछ र तिनका धार्मिक कार्यको आवश्यक खर्च सरकारले बेहोरी उनीहरुको सम्भारको काम पनि सरकारले नै गर्नेछ, (७) साम्प्रदायिक भावना फैलाउने खालका गतिविधिलाई गैरकानुनी घोषित गर्नेछ तथा (८) विदेशी धार्मिक मिशन आदिलाई देशबाट निस्कासन गर्नेछ ।

(ङ) नया जनवादी क्रान्तिकारी सरकारको वैदेशिक नीति

जस्तो हामीले नेपालको वर्तमान राज्यसत्ता पञ्चायती व्यवस्था र त्यसको आर्थिक, सांस्कृतिक तथा धार्मिक नीतिहरुमा सामन्ती वर्गको छाप पाउछौं त्यही सामन्त वर्गीय छाप राजाको वैदेशिक नीतिमा पनि स्पष्ट रुपले देखिन्छ । वैदेशिक नीति गृहनीतिकै प्रतिविम्ब हुन्छभन्ने कुरालाई हामीले बिर्सनु हुदैन। तर आजको अन्तर्राष्ट्रिय स्थितिलाई नजरअन्दाज गरी कुनै पनि देशको वैदेशिक नीतिको मूल्यांकन गर्नु गल्ती हुनेछ। द्वितीय विश्वयुद्ध पद्धि अन्तर्राष्ट्रिय साम्राज्यवाद कमजोर भई नवजात राष्ट्रहरुको निर्माण हुनु र समाजवादी विश्व-व्यवस्थाको निर्माण तथा यसको प्रतिदिन बढ्दो शक्तिले गर्दा अन्तर्राष्ट्रिय जगतमा तटस्थ वैदेशिक नीतिको आधार तयार भएको हो । यसै अन्तर्राष्ट्रिय पृष्ठभूमिमाराणाशाहीको अन्त्यपछि नेपालले तटस्थ वैदेशिक नीतिको घोषणा ग¥यो । राजाले पनि यसै तटस्थ वैदेशिक नीतिको घोषणा गरेका हुन्। तर तटस्थताको घोषणाको बाबजूद राजाको वैदेशिक नीति

अन्तर्राष्ट्रिय साम्राज्यवाद तथा प्रतिक्रियावादको पक्षमा रहदै आएको छ । राजाको वैदेशिक नीति नेपाली कांग्रेसका नेताहरुलाई अन्तर्राष्ट्रिय प्रतियिक्रयावादको पक्षमा रहदै आएको छ । राजाको वैदेशिक नीति नेपाली कांग्रेसका नेताहरुलाई अन्तर्राष्ट्रिय प्रतिक्रियावादको समर्थनबाट बञ्चित गरी आफ्नो वर्गीय शासन सुदृढ गर्ने सिद्धान्तमा आधारित छ । आज कम्युनिस्ट पार्टीको नेतृत्वमा विशाल रुपले मजदुर-किसान एकताको आधारमा समस्त क्रान्तिकारी वर्ग र जनसमुदायको जनवादी क्रान्तिकारी आन्दोलन हुन नसक्ता राजा अन्तर्राष्ट्रिय समाजवादबाट बढिसेबढी समर्थन र सहयोग लिनको लागि समाजवादी देशसग सम्बन्ध बढाए जस्तो गर्दैछन् । तर जुन मात्रामा जनवादी आन्दोलन नेपालमा बढ्नेछ सोही मात्रामा उनको वैदेशिक नीति झन् प्रतिक्रियावादी र साम्राज्यवादपरस्त भएर जानेछ ।